# सान्नी त्रिवेणी गाउँपालकाको १० वर्षे शिक्षा क्षेत्र योजना

(२०८१-२०९१)

**सान्नी त्रिवेणी गाउँपालीका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद शाखा, सान्नी त्रिवेणी गाउँपालिका**

**प्रकाशन मिति : २०८१/०८/२८**

## योजना निर्माणमा संलग्न बिभिन्न समिति तथा पदाधिकारीहरू

**मूल समितिः**

श्री मोहन बहादुर के.सी, गाउँपालिका अध्यक्ष – संयोजक
श्री गाउँपालिका उपाध्यक्ष पार्वती सिंह संज्याल – सदस्य
श्री प्रेम बहादुर बडुवाल, प्रमुख प्रशासकीय अधिकृत – सदस्य
श्री रंगलाल देवकोटा, वडा अध्यक्ष, वडा नं ३ – सदस्य
श्री देवनाथ योगी, वडा अध्यक्ष, वडा नं. ४ – सदस्य
श्री नहकुल संज्याल, वडा अध्यक्ष वडा नं ६– सदस्य
श्री जय प्रसाद सिम्खाडा, समाजिक विकास समिति संयोजक – सदस्य
श्री कपिलराज संज्याल, योजना शाखा – सदस्य
श्री लक्ष्मी प्रसाद देवकोटा, नेपाल शिक्षक महासंघ – सदस्य
श्री पुष्पराज संज्याल, क्याम्पस प्रमुख – सदस्य
श्री अनिता संज्याल, अपाङ्ग महासंघ – सदस्य
श्री मिना कुमारी कार्की, प्र. अ. – सदस्य
श्री मोहनविर धामी, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

**सल्लाहकार सामितिः**

संयोजक– श्री पार्वती सिंह संज्याल, गाउँपालिका उपाध्यक्ष
सदस्य– श्री हिरामणि सिम्खडा
सदस्य – श्री मनोज देवकोटा
सदस्य– श्री सबराज बम

**लेखन समिति**

संयोजक – श्री मोहनविर धामी, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
सदस्य – श्री मिना कुमारी कार्की
सदस्य – श्री हिरामणि सिम्खडा
सदस्य – श्री चन्द्र सिंह सावद
सदस्य – श्री टोपेन्द्र बम
सदस्य– श्री दुर्ग बहादुर बुढा
सदस्य – श्री देवी कुमारी बुढा
सदस्य – श्री हरीभक्त तिवारी, समाज जागरण केन्द्र (स्याक) नेपाल
सदस्य – श्री मिना भण्डारी समाज जागरण केन्द्र (स्याक) नेपाल
सदस्य – श्री प्रेम चौलागाई, किर्डाक नेपाल

**शिक्षा उप क्षेत्र कार्यदलहरू:**

**प्रारम्भिका बालविकास र शिक्षाः**

संयोजक : श्री मदन तिरुवा

सदस्यः श्री विष्णु बुढा

सदस्य: श्री मुना बम

**आधारभूत शिक्षाः**

संयोजक: श्री मनिलाल संज्याल

सदस्यःश्री पदमलाल देवकोटा

सदस्य: श्री विर्ख बहादुर शाही

**माध्यमिक शिक्षाः**

संयोजक :श्री टेक बहादुर बुढा

सदस्यः श्री दिल बहादुर बोहोरा

सदस्य : श्री कर्मराज सिम्खडा

**प्राविधिक तथा व्यवसायिक शिक्षाः**

संयोजक : श्री सुनिल मण्डल

सदस्यः श्री पंख बटाला

सदस्य : श्री पुर्ण बहादुर बम

**अनौपचारिक शिक्षा र आजीवन सिकाई**

संयोजक: श्री राजेश बुढा

सदस्यः श्री बल प्रसाद देवकोटा

सदस्य : श्री उदयराज शाही

**अन्तर सम्बन्धित बिषय र क्षेत्रहरू:**

**पाठ्यक्रम र मुल्याङ्कन**

संयोजक: श्री मिना कुमारी कार्की

सदस्यः श्री कमला शाहि

सदस्य: श्री दुर्ग बहादुर बुढा

**शिक्षक व्यवस्थापन र विकास**

संयोजक: श्री लक्ष्मी प्रसाद देवकोटा

सदस्यः श्री सुनिता धामी

सदस्य : श्री मान पुरी

**शैक्षिक समता र समावेशीकरण**

संयोजक: श्री दुर्गा कुमारी ढुङ्गाना

सदस्यः    श्री भावना कुमारी शाही
सदस्य :   श्री यसोधा सार्की

**विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम**

संयोजक: श्री दिपेश कुमार बम
सदस्य: श्री सुस्मिता शाही
सदस्य: श्री सुजन बहादुर विष्ट

**विद्यालय सुरक्षा विपत न्यूनीकरण तथा उत्थानशिलता**

संयोजक: श्री सागर शाही
सदस्य: श्री शंकर नेपाली
सदस्य: श्री दिपराज देवकोटा

**विद्यालय भौतिक पूर्वाधार र विकास**

संयोजक :श्री कमल बम
सदस्य: श्री पारस रोकाय
सदस्य: श्री सम्झना शाही

**विद्यालय सुचना तथा सञ्चार प्रविधि**

संयोजक: श्री प्रकाश बराल
सदस्य: श्री हुकुमनाथ योगी
सदस्य: श्री पुर्ण बम

**सुशासन तथा व्यवस्थापन**

संयोजक: श्री दिर्घ बुढा
सदस्य: श्री कृष्ण प्रसाद सिम्खडा
सदस्य: श्री कृष्ण बहादुर शाही

**लगानी र स्रोत व्यवस्थापन**

संयोजक: श्री धिरेन्द्र जैसी
सदस्य: श्री अनिता संज्याल
सदस्य: श्री टेक बहादुर बटाला

**अनुगमन तथा व्यवस्थापन**

संयोजक: श्री कविराम सापकोटा
सदस्य: श्री कपिल संज्याल
सदस्य: श्री उमेश रिजाल

## दुई शब्द

नेपालको संविधानको धारा ३१ मा शिक्षासम्बन्धी हक उल्लेख छ । यस धाराको उपधारा १ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक सुनिश्चित गरेको छ। उपधारा २ अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क उपलब्ध गराइनेछ भने माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ। उपधारा ३ मा अपाङ्गता भएका र आर्थिक रूपमा कमजोर नागरिकलाई कानुनअनुसार निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक दिइएको छ। उपधारा ४ ले दृष्टिविहीन नागरिकलाई ब्रेल लिपिमा, बहिरा तथा शारीरिक र बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्राप्त गर्ने हक प्रदान गरेको छ। उपधारा ५ मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनअनुसार आफ्नै मातृभाषामा शिक्षा प्राप्त गर्ने हक र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था सञ्चालनको व्यवस्था गरिएको छ। धारा ३८ मा उल्लेखित महिलाको हक अन्तर्गत उपधारा ५ ले महिलालाई शिक्षा, रोजगारी, र सामाजिक रूपमा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। धारा ४० मा उल्लेखित दलितको हक अन्तर्गत उपधारा २ अनुसार दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्चशिक्षासम्म कानुनअनुसार छात्रवृत्ति सहित निःशुल्क शिक्षा उपलब्ध गराइने व्यवस्था गरिएको छ। प्राविधिक तथा व्यवसायिक उच्चशिक्षामा दलितका लागि विशेष व्यवस्था गरिने प्रावधान रहेको छ। दिगो विकास लक्ष्य नम्बर ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने कुरा उल्लेख छ।

नेपालको आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुर्याउने व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को उपदफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ । जसमा प्रारम्भिक बालशिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला र वैकल्पिक तथा निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, र नियमन गर्ने कुरा उल्लेख छ। यसकारण यस पालिकाको शिक्षा क्षेत्रको विकास, सुधार, र गुणस्तरीयता सुनिश्चित गर्न शिक्षा क्षेत्र योजना २०८१–२०९१ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । नेपालको संविधानले व्यवस्था गरेअनुसार तीन तहका सरकार गठन भई कार्य सञ्चालन प्रारम्भ भइसकेको छ। संविधानतः माध्यमिक शिक्षासम्मको जिम्मेवारी र अधिकार स्थानीय सरकार मातहत व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएअनुसारका शिक्षा सम्बन्धी कार्यहरू सञ्चालन गर्नका लागि स्थानीय तहको आकार, भौगोलिक तथा जनसांख्यिक स्वरूप, विद्यालय, विद्यार्थी तथा शिक्षक संख्या लगायतका आधारमा सिर्जना हुने कार्यभार र सेवा प्रवाहको सुगमता सुनिश्चित गर्दै शिक्षाको संरचना तथा जनशक्ति व्यवस्थापन गर्न आवश्यक छ। यस योजना निर्माणको क्रममा अहोरात्र खटिने योजना निर्माण कार्यदलका सदस्यहरू, योजना लेखन समिति, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख तथा प्रतिनिधिहरू, पालिकाका अन्य कर्मचारीहरू, कार्यपालिका र शिक्षा समितिका पदाधिकारी, सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, शिक्षकहरू, अन्य स्थानीय बुद्धिजीवीहरू, साथै प्राविधिक सहयोग उपलब्ध गराउने "गुणस्तरीय सिकाइका लागि विद्यालय शिक्षा क्षेत्र योजना निर्माण तथा बजेट कार्यान्वयनमा स्थानीय तहको क्षमता सुदृढीकरण कार्यक्रम" समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर सुर्खेत र युनिसेफ नेपालप्रति हार्दिक आभार प्रकट गर्दछु।

मोहन बहादुर के.सी
गा.पा.अध्यक्ष

मोहन बहादुर के.सी
अध्यक्ष
सान्नी त्रिवेणी गाउँपालिका मेहलमुडी, कालिकोट

# हाम्रो भनाई

शिक्षामा अपेक्षित लक्ष्य, उदेश्य तथा नतिजा प्राप्त गर्न गरिने कार्यको व्यवस्थित खाका नै योजना हो । योजना निर्माण गर्दा निर्धारित लक्ष्यमा पुग्न विभिन्न बाटाहरूको चयन गर्ने, आवश्यक स्रोत साधनको व्यवस्था गर्ने र समय सीमा निर्धारण गर्ने कार्य गरिन्छ। योजनाले लाग्ने खर्च, स्रोत-साधनको दुरुपयोग र अनिश्चितता घटाउँछ भने सहयोग, सहकार्य र लक्ष्य प्राप्तिको सुनिश्चितता बढाउँछ। भनिन्छ योजना बिना गरिएका कार्य अन्धकारमा ढुङ्गा फाल्नु जस्तै हो। नेपालमा २०१३ सालबाट योजनाबद्ध विकासको थालनी भए पनि शिक्षा क्षेत्रमा २०२८ सालको नयाँ शिक्षा ऐन अनुसार नै योजनाको थालनी भएको मानिन्छ। नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ। आधारभूत तहसम्मको शिक्षामात्र होइन माध्यमिक तहसम्म गुणस्तरीय शिक्षा सर्वसुलभ भएमा मात्र मानवीय पूर्वाधार तयार भई अन्य क्षेत्रको विकासमा सहयोग पुग्न सक्छ।

गाउँपालिका देखि केन्द्र सम्मले शिक्षालाई पहिलो प्राथमिकतामा राखी दक्ष, सक्षम जनशक्ति उत्पादन गर्न सकेमा हाम्रा समुदाय, स्थानीय तह, प्रदेश र समग्र देशको नै विकास सम्भव छ। जुन हामिले निर्माण गरेको योजनाले सङ्केत गर्दछ। योजना निर्माणको पहिलो सर्त भनेको वास्तविकताको जानकारी तथा धरातलीय अवस्थाको बोध गर्नु हो। शिक्षाका सबल पक्ष र सम्भावना, समस्या के-के छन् स्पष्ट हुनु जरुरी छ। त्यसका लागि आफ्नो क्षेत्रका जनसङ्ख्याको शिक्षाको अवस्था, विद्यालय गएका र नगएका बालबालिकाको संख्या, विद्यालयमा गएकामध्ये तह पूरा गर्नेहरूको संख्या, विद्यालय छाड्ने कारण, विद्यालयको भौतिक अवस्था, विद्यार्थीको सिकाइ उपलब्धि, शिक्षकको क्षमता, योग्यता, प्रतिबद्धता र प्रयासको तथ्याङ्कीय विश्लेषण आवश्यक छ। यस योजनामा समग्र गाउँपालिकाको दूरदृष्टि, लक्ष्य, उदेश्य, र रणनीति निर्माण गर्दा संविधानमा भएको शिक्षासम्बन्धी मौलिक हकको सुनिश्चितता, पछाडि परेका समुदायलाई सशक्तीकरण, निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा सुनिश्चित, पठन संस्कृति वृद्धिको प्रोत्साहन, सबैलाई साक्षर बनाउने, उद्यमशील तथा रोजगारमूलक शिक्षा, विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि, शैक्षिक गुणस्तर वृद्धि, र विद्यालय सुधार योजनामा सहयोगजस्ता विषय समावेश गरिएको छ। यस योजनाले समग्र गाउँपालिकाको शिक्षा सम्बन्धि वर्तमान अवस्था झल्काएको छ। जसको कार्यान्वयनबाट गुणस्तरीय शिक्षा प्रदान गर्दै दक्ष जनशक्ति उत्पादनमा सहयोग गर्नेछ। पालिका यस योजनालाई कार्यान्वयन गर्न कटिबद्ध रहनेछ।

यसै सन्दर्भमा यस गाउँपालिकाले शिक्षा योजना निर्माण र कार्यान्वयनको चरणमा रहेको छ। यस कार्यमा निरन्तर खटिने पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा पालिकाका कर्मचारी, योजना निर्माण कार्यदल, लेखन समिति, मूल समिति, सल्लाहकार समिति, एसईएसपी कार्यक्रम सञ्चालन गर्ने समाज जागरण केन्द्र (स्याक) नेपाल र सहयोगी संस्था युनिसेफ नेपालप्रति हार्दिक आभार प्रकट गर्दछु।


पार्वती सिंह (संज्याल)
गा.पा. उपाध्यक्ष

पार्वती सिंह संज्याल
उपाध्यक्ष
सान्नी त्रिवेणी गाउँपालिका, मेहलमुडी, कालिकोट

# मेरो भनाई

कालिकोट जिल्लाका नौ स्थानीय तहहरूमध्ये सान्नी त्रिवेणी गाउँपालिका एक महत्वपूर्ण गाउँपालिका हो। जहाँ विभिन्न जातजाति, वर्ग, समुदाय र पेशामा विविधता पाइन्छ। शैक्षिक क्षेत्रमा पनि यस्ता विविधतालाई सम्बोधन गर्न नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ। साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा ऐन २०७५, शिक्षा नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र गाउँपालिकाले बनाएको शिक्षा नियमावली तथा शिक्षा स्मारिका लगायतका कानूनी मापदण्ड र अधिकारको आधारमा स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग चरणवद्ध छलफल गरी निर्माण गरिएको गाउँपालिकाको १० वर्षे शिक्षा योजना (२०८१-०९१) गाउँपालिकाको समग्र शैक्षिक विकासको लागि एक महत्वपूर्ण दस्तावेज बनेको छ। यो महत्वपूर्ण दस्तावेज प्रकाशनमा आउन लागेकोमा सबैलाई हार्दिक बधाई दिन चाहन्छु। यस योजना मार्फत गाउँपालिकाले सबै वर्गका समाज र समुदायमा पहुँचको स्थापना गरी दक्ष र सकारात्मक सोच भएका जनशक्ति उत्पादन गर्न चाहेकोमा हार्दिक आभार प्रकट गर्न चाहन्छु।

यस योजना निर्माण कार्यमा योगदान पुर्याउनु हुने अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, शिक्षा शाखा प्रमुख र कार्यालयका सम्पूर्ण कर्मचारी, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनु हुने स्थानीय शिक्षाविद, विज्ञ टोली र योजनालाई मूर्त रूप दिन अनुसन्धान लेखन कार्यमा सहयोग गर्ने विज्ञ संस्था, प्र.अ., शिक्षक लगायत सम्पूर्ण सरोकारवाला महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। अन्त्यमा यस योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वासका साथ प्रभावकारी र दिगो कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु।




प्रेम बहादुर बडुवाल
प्रमुख प्रशासकीय अधिकृत
सान्नी त्रिवेणी गाउँपालिका मेहलमुडी, कालिकोट

# दुई शब्द

नेपालको संविधान २०७२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ पञ्च वर्षीय योजनाहरू अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा नियमावली २०५९, र गाउँपालिकाले तयार पारेका विविध ऐन कानुन तथा मापदण्डहरूको पालना गर्दै स्थानीय आवश्यकताहरूको पहिचानका आधारमा तयार पारिएको यो १० वर्षे गाउँ शिक्षा योजना (२०८१-०९१) कार्यान्वयनको चरणमा रहेकोमा मलाई अत्यन्त खुशी लागेको छ। शिक्षा कुनै पनि क्षेत्रको विकासको लागि अत्यावश्यक भएकाले यस योजनाले गाउँपालिकाको शैक्षिक विकासको लागि मार्गदर्शन गर्नेछ।

यो योजना स्थानीय सरोकारवालाहरूको सहभागितामा विषय विज्ञहरूले गाउँपालिकाको हालको शैक्षिक अवस्थाको विश्लेषण गरी आगामी दिनका लागि तयार पारिएको रणनैतिक दस्तावेज हो। यस शिक्षा योजनाले विद्यालयका प्र.अ., शिक्षक, प्राध्यापक, विद्यार्थी, स्थानीय विज्ञ, शिक्षा समितिका पदाधिकारीहरू, र जनप्रतिनिधिहरूको सहयोगमा गाउँपालिकाको समग्र शैक्षिक उन्नति र गुणस्तरमा सुधार ल्याउने अपेक्षा गरिएको छ। यो योजना निर्माणमा सहयोग पुर्याउने सम्पूर्ण सरोकारवालाहरू, विभिन्न तह र तप्काका व्यक्ति तथा संस्थाहरूलाई हार्दिक आभार व्यक्त गर्दछु। साथै शैक्षिक योजनाको मर्मलाई बुझेर तत्परता देखाउनु हुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीज्यूहरू तथा सम्पूर्ण विद्यालय सम्बद्ध महानुभावहरूप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। अन्त्यमा, यस योजनाको प्रभावकारी कार्यान्वयन र त्यसका अर्थपूर्ण नतिजाका लागि यहाँहरूको रचनात्मक सुझावको अपेक्षा गर्दै गाउँपालिकाको शैक्षिक उन्नति, प्रगति, र सफल परिणामका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

..............................

मोहनविर धामी
शाखा प्रमुख
शिक्षा युवा तथा खेलकुद शाखा
सान्नी त्रिवेणी गाउँपालिका, मेहलमुडी कालिकोट

# विषय प्रवेश

## क) भूमिका

नेपालको संविधान २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हकको सुनिश्चितता गरी प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ । यसै गरी संविधानले नै अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ । राज्यको आर्थिक विकास, समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन र राष्ट्र निर्माणमा शिक्षाको अहम भूमिका रहन्छ ।

प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानुकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लगायतलाई एकीकृत गरी पालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यवहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ । संघीय सरकारले १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अवस्थामा उक्त शिक्षा क्षेत्र योजनालाई प्रदेश तथा स्थानीय तहमा स्थानीयकरण गरी स्थानीय तहले पनि संघीय शिक्षा क्षेत्र योजना अनुरूपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न आवश्यक छ । यसै सन्दर्भमा सान्नी त्रिवेणी गाउँपालिका कालिकोटले यो शिक्षा योजना निर्माण गरेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ ले स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार क्षेत्रहरु दिएको र उक्त अधिकार क्षेत्रहरुको प्रभावकारी कार्यान्वयनले नै शिक्षाका लक्ष्य तथा उदेश्यहरु पुरा हुने तथा उक्त अधिकार क्षेत्र भित्र स्थानीय तहले शिक्षाको योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने उल्लेख भए अनुसार स्थानीय अवस्था, श्रोत र आवश्यकताका आधारमा शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्ने जमर्को गरिएको छ । गाउँपालिकाको शैक्षिक सुधारको लागि नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७ साथै १० बर्षे शिक्षा क्षेत्र योजना लगायतको मार्गदर्शनका आधारमा संघिय सरकार तथा प्रदेश सरकारले समेत परिकल्पना गरेको लक्ष्य उद्देश्य प्राप्तिमा मद्धत गर्न र पालिकाको शैक्षिक सुधारका लागि मार्गदर्शनको रुपमा सहायता लिन शिक्षा योजना निर्माणको आवश्यकता देखिएको हो । यो शिक्षा योजनाले शिक्षा क्षेत्रको विकासको लक्ष्य पुरा गर्न मद्धत गर्ने साथै राष्ट्रिय अपेक्षा पुरा पनि सहयोग गर्ने अपेक्षा गरिएको छ ।

नेपालको संविधानको अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ । विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालवालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालवालिकामा न्यूनतम सिकाइ उपलब्धि

सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो ।

### ग) शिक्षा योजना निर्माणका आधारहरु

यस सान्नी त्रिवेणी गाउँपालिकाले आफ्नो शिक्षा क्षेत्र योजना निर्माण गर्दा क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयनमा सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानी विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरेको छ । यसका लागि यस गाउँपालिका अन्तर्गतका विभिन्न शाखाहरूसँग पनि समन्वय गरेको छ । शिक्षा क्षेत्र योजना निर्माण गर्दा यस गाउँपालिकाले बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्ने आधारमा योजना निर्माण गरेको छ । योजना तर्जुमा गर्दा लिइएका आधारहरुलाई तपशिलमा उल्लेख गरिएको छ ।

- क) नेपालको संविधान
- ख) सोह्रौँ आवधिक योजना
- ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
- घ) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ऐन) २०७७
- ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
- छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७२
- ज) विद्यालय शिक्षामा समता रणनीति
- झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
- ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- ट) स्थानीय तहको मध्यकालिन खर्च संरचना
- ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
- ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि ।

### घ) शिक्षा योजना निर्माणको प्रक्रिया

शिक्षा योजना निर्माणका लागि गाउँ कार्यपालिकाले आवश्यकता महसुस गरी नीतिगत व्यवस्था मार्फत आ.व ०८०।८१ मा प्रक्रिया थालनी गरेको छ । यस अन्तर्गत, गाउँ कार्यपालिकाको बैठकले निर्णय गर्दै गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा योजना निर्माण मूल समिति गठन गर्यो । योजना कार्यान्वयन गर्न शिक्षा शाखा प्रमुखको संयोजकत्वमा लेखन समिति चयन गरियो । लेखन समितिमा शिक्षा शाखाका प्र.अ. लाई सदस्य सचिव राखिएको छ । पहिलो कार्यशाला गोष्ठिको छलफलपछि लेखन समिति र कार्यदलले विभिन्न सरोकारवालाहरूसँग समन्वय गरी तथ्याङ्क सङ्कलन, सल्लाह र सुझाव लिएर प्रारम्भिक लेखन गर्यो ।

प्रारम्भिक लेखनपछि योजना लेखन समितिले सबै विषय क्षेत्रका विषयवस्तु सङ्कलन गरी योजनाको मस्यौदा तयार गर्यो । मस्यौदामाथि विभिन्न क्षेत्रका सरोकारवालाहरूसँग सल्लाह र सुझाव लिएर अन्तिमीकरण गरियो । अन्तिमीकरण गरिएको शिक्षा योजनालाई बाह्य विज्ञको लेखाजोखा र थप सुझावका आधारमा परिमार्जन गरी कार्यपालिकाबाट स्वीकृत गरियो ।

**योजनाको लेखाजोखा**

योजना तयार भएपछि यसको विश्वसनीयता, वस्तुनिष्ठता र लगानी योग्यताको सुनिश्चितता गर्न विविध पक्षहरू समेटि लेखाजोखा गरिनुपर्छ। यो योजना कार्यान्वयन अघि गर्ने महत्त्वपूर्ण कार्य हो। लेखाजोखाका लागि स्थानीय तहले आन्तरिक र बाह्य समितिहरू तथा कार्यदल गठन र परिचालन गरेको थियो। योजनाको निर्माण प्रक्रियामा स्थानीय विज्ञ, शिक्षा शास्त्री, शिक्षक, तथा अनुभवी व्यक्तित्वको सुझाव समावेश गरिएको छ। साथै, महिला, अपाङ्ग सञ्जाल, शिक्षक महासंघ, विद्यालय व्यवस्थापन समिति र अभिभावक संघको सक्रिय सहभागिता रहेको थियो। शिक्षा योजना निर्माणका लागि पालिकाको अध्यक्ष संयोजक, उपाध्यक्ष तथा सम्पूर्ण कार्यपालिका सदस्यहरूको सहभागिता थियो भने शिक्षा शाखा प्रमुख सदस्य सचिवका रूपमा नियुक्त भएका थिए। योजनामा उल्लेख विषयहरूलाई अन्य पक्षहरूसँग तादात्म्य राखी लक्ष्य प्राप्तिका लागि व्यावहारिक र सान्दर्भिक क्रियाकलाप निर्माण गरिएको छ। अनुगमन र मूल्याङ्कनका संयन्त्रहरूको पनि व्यवस्था गरिएको छ। यस योजनाले जनसङ्ख्या, जातजाति, आर्थिक अवस्था, भाषिक विविधता र पिछडिएका वर्गहरूलाई सम्बोधन गर्ने उद्देश्य राखेको छ।

योजनामा आठवटा परिच्छेद समावेश गरिएको छ:

- परिच्छेद १: पालिकाको परिचय (भौगोलिक अवस्था, सांस्कृतिक स्थिति, धार्मिकता, भाषिक विविधता, साक्षरता र शिक्षाको अवस्था)
- परिच्छेद २: दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष नलर्धारण
- परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू (प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक र व्यवसायिक शिक्षा, तथा जीवनपर्यन्त शिक्षा)
- परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू
- परिच्छेद ५: अन्य उपक्षेत्र (उच्च शिक्षा)
- परिच्छेद ६: सुशासन र व्यवस्थापन
- परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन
- परिच्छेद ८: अनुगमन तथा मूल्याङ्कन

योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरूलाई सम्बोधन गर्दै सान्नी त्रिवेणी गाउँपालिकाको आवश्यकता अनुरूप तयार पारिएको छ।

## विषय सूची

परिच्छेदः १ परिचय ....... 7

१.१ अवधारणा 7

१.२. वर्तमान अवस्था 9

१.३ सान्नी त्रिवेणी गाउँपालिकाको परिचय 10

१.३.१ भौगोलिक अवस्थिति 10

१.३.२ जनसाङ्खिकीय संरचना 10

१.३.३ सामाजिक सास्कृतिक अवस्था 11

१.३.४ आर्थिक अवस्था 12

१.३.५ भु-उपयोगको अवस्था 13

१.३.६ गाउँपालिकाको शैक्षिक अवस्था 13

२.१ परिचय 15

२.२. दीर्घकालीन राष्ट्रिय सोच 15

२.३. सान्नी त्रिवेणी गाउँपालकाको दूरदृष्टि : 15

२.४ लक्ष्य : 16

२.५ उद्देश्य : 16

२.६ रणनीति : 16

२.७ मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य 17

परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू ....... 24

३.१ प्रारम्भिक बालविकास र शिक्षा 24

३.१.१ परिचय 24

३.१.२ वर्तमान अवस्था 24

३.१.३ उद्देश्य 25

३.१.४ रणनीति **Error! Bookmark not defined.**

३.१.५ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि **Error! Bookmark not defined.**

३.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य **Error! Bookmark not defined.**

३.२ आधारभूत शिक्षा 2

३.२.१ परिचय 2

३.२.२ चुनौती र अवसरहरुः 3

३.२.३ उद्देश्यः 4

३.२.४ रणनीतिहरू: 5
३.२.५ प्रमुख उपलब्धि तथा नतिजाप्रमुख उपलब्धि 5
३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 7
३.३ माध्यमिक शिक्षा 9
३.३.१ परिचय 9
३.३.२ उद्देश्य 10
३.३.३ रणनीति 10
३.३.४ प्रमुख उपलब्धि र नतिजा 10
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ 14
३.४.१ परिचय 14
३.४.२ वर्तमान अवस्था 14
३.४.३ चुनौती तथा अवसर 15
३.४.४ उद्देश्य 15
३.४.५ रणनीत 15
३.४.६ प्रमुख उपलब्धि र नतिजा 16
३.५ प्राविधिक शिक्षा र व्यावसायिक तालिम 18
३.५.१ परिचय 18
३.५.२ वर्तमान अवस्था 18
३.५.३ चुनौती र अवसरहरू 18
३.५.६ उपलब्धिहरू र प्रमुख नतिजाहरू 19
**परिच्छेद— ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र....................21**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री, तथा मूल्याङ्कन 21
४.१.१ परिचय 21
४.१.२ वर्तमान अवस्था 21
४.१.३ उद्देश्य 23
४.१.४ रणनीतिहरू 23
४.१.५ प्रमुख उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य 24
४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य 26
४.२ शिक्षक व्यवस्थापन र विकास 27
४.२.१ परिचय 27
४.२.२ वर्तमान अवस्था 27

४.२.३ उद्देश्य 30
४.२.४ रणनीतिहरू 31
४.२.५ उपलब्धि र नतिजा 31
४.२.६ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 33
४.३. शैक्षिक समता र समावेशीकरण 37
४.३.१ परिचय 37
४.३.२ वर्तमान अवस्था 37
४.३.३ उद्देश्य 37
४.३.४ रणनीतिहरूः 38
४.३.५ प्रमुख उपलब्धि तथा नतिजा 38
४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य 40
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम 41
४.४.१ परिचय 41
४.४.२ वर्तमान अवस्था 41
४.४.३ उद्देश्यः 42
४.४.४ रणनीतिः 42
४.४.५ प्रमुख उपलब्धि र नतिजाः 42
४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 44
४.५ विद्यालयमा सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता 45
४.५.१ परिचय 45
४.५.२ वर्तमान अवस्था 45
४.५.३ उद्धेश्य 46
४.५.४ रणनीति 46
४.५.५ प्रमुख उपलब्धि र नतिजा 46
४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 47
४.६ विद्यालय भौतिक पूर्वाधार विकास 48
४.६.१ परिचय 48
४.६.२ वर्तमान अवस्था 48
४.६.३ उद्देश्य 48
४.६.४ रणनीति 49
४.६.५ प्रमुख उपलब्धि तथा नतिजा 49

४.६.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 50
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि 51
४.७.१.परिचय 51
४.७.२.वर्तमान अवस्था 51
४.७.३. उद्देश्य 51
४.७.४. रणनीतिहरू 51
४.७.५. प्रमुख उपलब्धी र नतिजा 51
**परिच्छेद – ५: अन्य उप-क्षेत्र ........ 54**
५.१ उच्च शिक्षाको व्यवस्थापन 54
५.१.१ वर्तमान अवस्था 54
५.१.२ चुनौती र अवसर 54
५.१.३ उद्देश्य 55
५.१.४ रणनीति 55
५.१.५ प्रमुख उपलब्धि र नतिजा 55
५.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 56
**परिच्छेद ६: सुशासन तथा व्यवस्थापन ........ 57**
६.१ सुशासन तथा व्यवस्थापन 57
६.१.१ परिचय 57
६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास 57
६.२.१ परिचय 57
६.२.२ वर्तमान अवस्था 58
६.२.३ चुनौती र अवसरहरुः 59
६.२.४ लक्ष्य 59
६.२.५ उद्देश्य 59
६.२.६ रणनीतिहरू 59
६.२.७ उपलब्धि तथा प्रमुख नतिजा 60
६.२.८ मुख्य क्रियाकलाप र परिमाणात्मक लक्ष्यः 61
६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध 62
६.३.१ वर्तमान अवस्था 62
६.३.२ उद्देश्य 62
६.३.३ रणनीतिहरू 62

६.३.४प्रमुख उपलब्धि तथा नतिजा 63
६.३.५ प्रमखु क्रियाकलाप र परिमाणत्मक लक्ष्य 64
परिच्छेद ७ : लगानी र स्रोत व्यबस्थापन ....................................................................................65
७.१ परिचय 65
७.२ वर्तमान अबस्था 65
७.३ उद्देश्य 66
७.४ रणनीतिहरु 66
७.५ प्रमुख उपलब्धि तथा नतिजा 67
७.४ क्षेत्रगत रुपमा लागत अनुमान 68
परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ....................................................................................71
८.१ परिचय 71
८.२ वर्तमान अवस्था 71
८.३ अनुगमन प्रक्रिया: 72
८.४ उद्देश्य 72
८.५ रणनीतिहरू 73
८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य 73
सन्दर्भ सामाग्री ....................................................................................77

# परिच्छेदः १ परिचय

## १.१ अवधारणा

शिक्षालाई सामान्य भाषामा ज्ञान प्राप्त गर्नु वा सिक्नु भन्ने हुन्छ। शिक्षा संस्कृत भाषाको शिक्ष् धातुबाट उद्धृत गरिएको हो। जसको अर्थ सिक्नु वा सिकाउनु हुन्छ। त्यस्तै शिक्षालाई अङ्ग्रेजीमा Education भनिन्छ। Education शब्द Latin भाषाको Edu र Catum मिलेर बनेको हो। Edu को अर्थ आन्तरिक र Catum को अर्थ बाहिर निकाल्नु हुन्छ। Education बाट Educere, Educare हुँदै Education भएको हो। शिक्षा आदान-प्रदान गर्ने प्रक्रिया प्राचीन काल देखि चलिदै आएको छ।"विद्यालयको चौघेराभित्र रहेर दिइने औपचारिक शिक्षालाई मात्र शिक्षा हो" भन्नुलाई शिक्षाको संकुचित अर्थका रूपमा लिईन्छ भने मानिस जन्मिएदेखि मृत्युपर्यन्त प्राप्त गरिने सम्पुर्ण अनुभवलाई शिक्षा भनिन्छ भन्नु शिक्षाको ब्यापक अर्थ हो। यसरी हेर्दा शिक्षा भनेको नैतिक आदि सम्पुर्ण पक्षको वा ब्यक्तिको सर्वाङ्गिण विकास गराउनु नै शिक्षा हो भनिनु शिक्षाको बास्तबिक अर्थ हो। शिक्षाका केही बहुचर्चित परिभाषाहरू निम्नानुसार छन

- पृथ्बीमा ज्ञानभन्दा शुद्द अरु केही छैन - भागवत गीता
- आत्मानुभुती नै शिक्षा हो - शंकराचार्य
- प्रत्येक मानिसको मष्तिष्कमा अदृष्य रूपले बिद्यमान संसारको त्यो सर्वमान्य विचारलाई प्रकाशमा ल्याउनु नै शिक्षा हो - सुकरात
- शिक्षा भनेको मानिसको आन्तरिक शक्तिको स्वभाविक, सर्वाङ्गिण र प्रगतिशिल विकास हो - पेस्तालोजी
- "शिक्षा सबैभन्दा शाक्तिशाली हतियार हो, जसलाई चलाई तिमी संसार बदल्न सक्छौ।"- नेल्सन मण्डेला

ज्ञान तथा सिप सिक्ने तथा सिकाउने पद्धति हो। शिक्षाले मानिसालाई अन्धकारबाट उज्यालो तर्फ लम्काउँछ। शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो। यो जन्मेदेखि नमरुन्जेलसम्म कुनै न कुनै रूपमा चलिरहेको हुन्छ। ज्ञान सिकाउने तथा विद्यार्थीलाई पढ्न सघाउने काम शिक्षक गुरु तथा अध्यापकले गर्दछन्। शिक्षा धेरै किसिमको हुने गर्दछ जस्तै: साधारण शिक्षा, विशिष्ट शिक्षा, प्रत्यक्ष शिक्षा, अप्रत्यक्ष शिक्षा, ब्यक्तिगत शिक्षा, सामुहिक शिक्षा रहेको छ। शिक्षा नै मानवको तेस्रो अँखा हो। तर आधुनिक ब्यक्तित्वहरूले यसलाई पहिलो आँखा नै भन्न रुचाउँछन् किनभने दृश्टिबिहिन ब्यक्तिहरु पनि यसैको कारणले गर्दा नै चर्चामा आइरहेका छन्। त्यस्तै गरी शिक्षालाई मुख्यतया तीन प्रकारका छन् जुन देहाय बमोजिम छन: १) औपचारिक शिक्षा (formal education) २) अनौपचारिक शिक्षा (non-formal education) ३) अनियमित शिक्षा (informal education)

माथिको तथ्यलाई हेर्दा शिक्षा देश विकासको आधारशिला हो। गुणस्तरीय शिक्षाको प्राप्तिबाट उत्पादन भएका सक्षम जनशक्तिले नै देशमा उपलब्ध स्रोत साधनहरुको सही रुपमा सदुपयोग र तिनीहरुको परिचालन गरी देशलाई विकासको गतिमा डोहोऱ्याउने गर्दछन्। शिक्षा कुनैपनि देशको समग्र विकासको आधार भएकाले यसको विकासमा विशेष ध्यान दिइन्छ। हाम्रो देशमा पनि पछिल्ला केही वर्षदेखि साक्षरहरूको सङ्ख्यामा लगातार वृद्धि भएको छ। शिक्षा र विकास एकै सिक्काका दुई पाटा हुन्। अहिले हामीले दिने शिक्षा व्यावहारिक र जीवनोपयोगी हुन नसकेको गुनासो सर्वत्र सुनिँदै आएको छ। सीपयुक्त र व्यावहारिक शिक्षाको विकास भयो भने मात्र देश विकासको गतिमा तीव्रता आउँछ। शिक्षा समयसापेक्ष भएन भने देश विकासले मूर्तरूप लिन सक्दैन। शिक्षामा जुन मात्रामा लगानी भइरहेको छ त्यो पर्याप्त त होइन तैपनि त्यसको प्रतिफल भने नगण्य रहेको छ। वर्तमान अवस्थामा शिक्षामा हुँदै आएको लगानीको लगभग ९० प्रतिशत रकम त शिक्षकको तलबमा खर्च हुन्छ। १० प्रतिशत रकम भने अन्य शीर्षक जस्तै तालीम, मसलन्द, शौचालय निर्माणजस्ता क्षेत्रमा खर्च हुने गर्छ। पछिल्ला ५ वर्षको तथ्यांक हेर्ने हो भने शिक्षामा विनियोजित बजेट घट्दै आएको देखिन्छ। यस क्षेत्रका विज्ञहरूले भने कम्तीमा शिक्षाका लागि राज्यले २० प्रतिशत रकम विनियोजन गर्नुपर्ने सुझाव दिँदै आएका छन्। तर राज्यले

त्यसलाई सम्बोधन गर्न भने सकेको छैन । शिक्षाले प्रत्यक्ष रूपमा  जसरी रोजगारी सृजना गर्छ त्यसैगरी परोक्ष रूपमा  यसबाट विविध क्षेत्रमा  राजगारीको अवसर सृजना गर्छ । व्यापार व्यवसाय तथा अन्य क्षेत्रमा पनि सहज वतावरण निर्माण गर्ने भएकाले शिक्षा मानव जीवनमा  अत्यन्तै महत्वपूर्णमा  मानिएको हो । शिक्षित मानव शिष्ट सृजनशील तथा हरेक सवालमा  सचेत हुन्छन ।

नेपालको संविधान २०७२ ले समावेसी र समतामूलक समाज निर्माण गर्ने उद्देस्यका साथ महिला, जनजाति, दलित, लोपोन्मुख, सिमान्तकृत लगायतका राज्यको मूलधारबाट पछाडि परेका समुदायहरूलाई उनीहरूका अधिकारहरूलाई सुनिश्चित गरेको छ । लोपोन्मुख जातिहरूको शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा लगायतका अधिकारहरूलाई पनि संविधानमा  व्यबस्था गरिएको छ । नेपालको संविधान (२०७२) को धारा ४ ले "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" भनि व्यवस्था गरिएको छ । नेपालको संविधान भाग ५ ले राज्यको संरचना र राज्यशक्तिको बाँडफाड सम्बन्धि कानूनको व्यवस्था गरेको छ । संविधानले राज्यको संरचनामा  "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी  तीन तहको हुनेछ" भनि व्यवस्था गरे बमोजिम नेपालको शासन प्रणालीमा  तीन तहका सरकारहरु बनेका छन् । सबैभन्दा तल्लो तह स्थानीय सरकार हो । यसलाई घरदैलोको सरकार पनि भन्ने गरिन्छ । राज्यको संरचनाअनुसार संविधानले राज्यशक्तिको बाँडफाँड गरेको छ । धारा ५७ (४) मा  ' स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा  उल्लेखित विषयमा  निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा  नगरसभाले बनाएको कानून बमोजिम हुनेछ' भनि उल्लेख गरिएको छ । अनुसूची ८ मा  स्थानीय तहका २२ वटा अधिकारका सूची राखीएको छ । अधिकार नं.  ८ मा  आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ । साथै अनुसूची ९ मा  संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची राखिएको छ जसको अधिकार नं २ मा  शिक्षा, खेलकुद र पत्रपत्रिकाको अधिकार सम्बन्धि व्यवस्था गरिएको छ । आवधिक सोह्रौ योजनाले स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा  सार्वजनिक  सेवा प्रवाहमा सामाजिक न्याय स्थापित गर्ने उद्देश्य  राखेकाले पनि शिक्षाको महत्व बढेको छ ।

नेपालको संविधानको धारा ५६ मा  सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र सोहि बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ । राज्यशक्तिको बाँडफाँडलाई संविधानको अनुसूची ५, ६ र ८ मा  सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूची र अनुसूची ७ र ९ मा  सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको प्रबन्ध गरिएको छ । शिक्षासम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यवहारिक कार्यान्वयन गर्न सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ । विगतमा  नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्लास्तरबाट गराउने गरेको सन्दर्भमा  राज्यको पुनः संरचनासँगै शिक्षासम्बन्धी अधिकार, स्रोत साधन, जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय निकायमा  हुने गरी संवैधानिक रूपमा  व्यवस्था गरएिको छ । लामो समयको अथक प्रयास पश्चात संविधान सभाबाट  वि.स. २०७२ असोज ३ गते जारी भएको  नेपालको संविधान २०७२ ले शिक्षालाई मानिसको मौलिक हकको रुपमा  स्थापित गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निः शुल्क पाउने हकको व्यवस्था गरेको छ । साथै शिक्षालाई वैज्ञानिक,प्राविधिक, व्यवसायिक, सिपमूलक तथा रोजगारमूलक बनाउदै शिक्षामा  राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको   छ । नेपालको संविधान, २०७२ को भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा  शिक्षा सम्बन्धी ५ वटा मौलिक हकहरुको व्यवस्था गरिएको छ । जस अन्तर्गत निम्न वुँदाहरु उल्लेख छन् :-

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा  पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

- दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

### १.२. वर्तमान अवस्था

वर्तमान नेपालको सन्दर्भमा विद्यालय शिक्षाको गुणस्तर खस्कदै गएको भन्ने गुनासो व्यापक भएसँगै शिक्षा सबैको चासो र चिन्तनको विषय बनेको छ। नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय तथा सान्दर्भिक बनाइ सबैको पहुँचमा पुऱ्याउन र शिक्षा पाउने मानिसको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नेपालले शिक्षा सम्बन्धि विभिन्न अन्तर्राष्ट्रिय स्तरका घोषणाहरुमा हस्ताक्षर गरेको छ। जस अनुसार नेपाल सरकारले हाल शिक्षाको महत्वपूर्ण दस्तावेज मानिएको इन्चोन घोषणामा हस्ताक्षर गरी "सन् २०३० सम्म सबैका लागि समाहित, समावेशी, समतामूलक, गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक शिक्षा सुदृढीकरण गरिनेछ" भनि प्रतिबद्धता जनाएको छ। यसका साथै सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकासका लक्ष्यहरू (SDGS) अन्तर्गत लक्ष्य नं. ४ मा गुणस्तरीय शिक्षा सम्बन्धि लक्ष्यहरु समावेश गरिएको छ। जसमा नेपालले पनि सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसरहरुलाई प्रवर्द्धन गर्ने र सोका लागि सन् २०३० सम्ममा अपाङ्गता लगायत सबै किशोर किशोरीहरुको निःशुल्क समतामूलक तथा गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षा सुनिश्चित गर्ने र यसबाट सान्दर्भिक र प्रभावकारी सिकाइ प्रतिफल प्राप्त हुने गन्तब्य तय गरिएको छ। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क शिक्षा पाउने व्यवस्थालाई सुनिश्चित गर्नको लागी निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको पाइन्छ। जसमा वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ। नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामुलक र समावेशी पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधार गर्न तथा नेपालको शिक्षा प्रणालीमा भएका उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकरात्मक प्रयासहरूलाई निरन्तरता दिनका लागि शिक्षाका नविनतम कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउन देखि २०८० असार (सन् २०१६ जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (SESP) निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो। जसले राष्ट्रको सामाजिक - आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्प्रर्धी, प्रवर्धनात्मक र मूल्य उन्मुख नागरिकको उत्पादनमा योगदान पुऱ्याउने भिजन सहित नेपालको शिक्षा क्षेत्रमा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलता जस्ता विषयबस्तुहरुमा सुधार गर्ने उद्देश्य लिएको छ। साथै नेपालको शैक्षिक प्रशासन तथा व्यवस्थापनको क्षेत्रलाई कानूनी दायरामा ल्याउन शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ तथा शिक्षक सेवा आयोग नियमावली, २०५७ तयार पारि कार्यान्वयनमा ल्याइएको छ। संविधानले प्रदत्त गरेको स्थानीय तहको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि अधिकारको कार्यान्वयनका लागि नेपाल सरकारले तयार पारेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को उप दफा (ज) मा स्थानीय तहका शिक्षा सम्बन्धि २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ। जसमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा,खुला तथा वैकल्पिक र निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा उल्लेख छ। साथै विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा नेपालको १६ औँ आवधिक योजना (२०८०/०८१-२०८४/२०८५) ले पनि प्रारम्भिक बालविकासदेखि सबै तह र प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गणुस्तरीय, समयसापेक्ष एवम् जीवनोपयोगी बनाई सक्षम तथा प्रतिस्प्रधि जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्याउँछ। यसरी नेपालको संविधान २०७२, राष्ट्रिय शिक्षा नीति२०७६ दिगो विकास सम्बन्धी लक्ष्य अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५, शिक्षा ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, सोह्रौ योजना लगायतका शिक्षा सम्बन्धी ऐन, नीति, नियम कानून, योजनाहरुले तय गरेका लक्ष्य र उद्देश्यहरुको प्राप्तिका लागि यस सान्नी त्रिवेणी गाउँपालकाले बार्षिक शैक्षिक दर्पणको निर्माण गरी शैक्षिक उपलब्धि प्राप्तिका लागि प्रयास गरेको छ साथै शिक्षालाई हरेक दृष्टिकोणबाट व्यवस्थित, गुणस्तरीय प्रविधिमैत्री, दिगो, समावेशी, समतामूलक बनाउदै सबै नागरिकको गुणस्तरीय शिक्षा प्राप्त गर्न

पाउने मौलिक हकलाई सुनिश्चित गर्नका लागि सान्नी त्रिवेणी गाउँपालकाको शिक्षा क्षेत्रको १० वर्षे योजना २०८१ - २०९१ तयार पार्नु अपरिहार्य भएको छ।

### १.३ सान्नी त्रिवेणी गाउँपालिकाको परिचय

सान्नी त्रिवेणी गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत कालिकोट जिल्लामा पर्दछ। सान्नी त्रिवेणी गाउँपालिका कालिकोट जिल्लाका ६ गाउँपालिकाहरू मध्ये एक हो। २७ फागुन २०७३ मा गाउँपालिका घोषणा गर्दा साविक रकु, मेहलमुडी र मुम्रा गाविसहरू यसमा गाभिएका हुन्। यस गाँउपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/११/२७ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको निर्णय अनुसार तत्कालिन माननीय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका रकु, मेहलमुडी र मुम्रा गा.वि.स. हरुलाई समायोजन गरी सान्नी त्रिवेणी गाउँपालीका बनाइएको हो। कालिकोट जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरुमा धैरै सम्भावना बोकेको गाउँपालिकाको रुपमा सान्नी त्रिवेणी गाउँपालिका हुनुका साथसाथै सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँवासी समेत यो गाउँपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन्। यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। यस गाउँपालिकामा ९ वडा रहेका छन्। अधिकांश ग्रामीण क्षेत्रको रुपमा रहेको गाउँपालिकामा प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ। यस गाउँपालिकामा २९ वटा सामुदायिक विद्यालयहरु संचालित छन्।

#### १.३.१ भौगोलिक अवस्थिति

१३६.७१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको सान्नी त्रिवेणी गाउँपालिकामा कूल ९ वडा छन्। भू-आकृतिक स्वरूप करिब सबैजसो भाग हिमाली क्षेत्र रहेको छ। यस गाउँपालिकाको सिमा क्षेत्र तपशिल अनुसार रहेको छ

- पूर्वमा रास्कोट नगरपालिका,
- पश्चिममा नरहरिनाथ गाउँपालिकाको रूप्सा,
- उत्तरमा बाजुराको त्रिवेणी गाउँपालिका,
- दक्षिणमा खाँडाचक्र नगरपालिका।

यो गाउँपालिकाको सालाखाला अधिकतम तापक्रम ३५ डिग्री सेल्सियस र न्यूनतम तापक्रम - ८ डिग्री सेल्सियस रहेको छ। समुद्री सतहबाट १५९१ मिटर (५२१८.४८ फिट) को उचाइमा रहेको यो गाउँपालिका संघीय राजधानी काठमाडौंबाट ७५४ कि.मी.को दूरीमा अवस्थित छ।

#### १.३.२ जनसाङ्खिकीय संरचना

नेपालको राष्ट्रिय जनगणना वि.स २०७८ अनुसार यस गाँउपालिकाको कुल जनसङ्ख्या १३४९१ रहेको छ जसमा पुरुष ६५८८ ( ४९.८% र महिला ६९०३ (५१.२%) छन्। यहाँको जनघनत्व ५७.७ प्रतल वर्ग कि.मी. रहेको छ साथै जम्मा घरधुरी संख्या २४२२ रहेका छन्। लैगिक अनुपात ९५.४४ रहेको छन्। यस पालिकामा अपाङ्गता भएको जनसंख्या ३.८ प्रतिशत महिला र ६.२ प्रतिशत पुरुष गरि जम्मा ५ प्रतिशत रहेको छ। यस पालिकाको नाम साविकका रकु, मेहलमुडी र मुम्रा गाविसहरू गरी ३ वटा गा.वि.स लाई मिलाएर सान्नी त्रिवेणी गाँउपालिका निर्माण गरिएको हो। यस गाँउपालिकामा ९ वडा रहेको छ। यस पालिकाको जनसंख्या बृद्धिदर ७.४४९ प्रति दश वर्ष रहेको छ। जन्म दर्ताको दर ९१.६ प्रतिशत रहेको छ भने अझै पनि ८.४ प्रतिशतको जन्मदर्ता हुन बाँकि रहेको छ।

यस गाउँपालिकामा जम्मा जनसङ्ख्या मध्ये १ वर्ष मुनिको जनसङ्ख्या ३१८ रहेको, ५ बर्ष मुनिका बालबालिकाको जनसङ्ख्या १३९७ रहेको छ भने १० -१९ बर्षका किशोर किशोरीहरुको जनसङ्ख्या ३४१९ रहेको छ। महिला १५- ४९ बर्षका जनसङ्ख्या ३४७० जना रहेको छ। साथै ५०१ गर्भधान मध्ये ३२६ जना जिवित जन्म हुन्छन्।

**गाउँपालिकाको वडागत जनसङ्ख्या तथा घरधुरी विवरण** (जनगणना २०७८ अनुसार)

| वडा नं. | जनसङ्ख्या | | | घरधुरी संख्या |
|---|---|---|---|---|
| | महिला | पूरुष | जम्मा | |
| १ | ७७१ | ७६८ | १५३९ | २५७ |
| २ | ९०२ | ८४९ | १७५१ | २९२ |
| ३ | ७१८ | ६९२ | १४१० | २३५ |
| ४ | ७६५ | ७२९ | १४९४ | १४९४ |
| ५ | ६२१ | ५७३ | ११९४ | २१० |
| ६ | १२७७ | ११८० | २४५७ | ४५९ |
| ७ | ३६२ | ३५७ | ७१९ | १४८ |
| ८ | ७५१ | ६५३ | १४२३ | २९२ |
| ९ | ७३६ | ६८७ | १४२३ | २८१ |
| जम्मा | ६९०३ | ६५८८ | १३४९१ | २४२२ |

स्रोत : राष्ट्रिय जनगणना - २०७८

### १.३.३ सामाजिक सास्कृतिक अवस्था

यस गाउँपालिकामा विभिन्न जातजातिहरुको बसोबास रहेको छ। विशेष गरि क्षेत्री, विश्वकर्मा, ठकुरी, व्राम्हण, परियार, मगर, मिजार, सुनार, बादी अन्य आदिको बसोवास रहेको छ। यस गाउँपालिकामा क्षेत्री (२९•३%), विश्वकर्मा (१५.९%), व्राम्हण (२३.३%), ठकुरी (१२.५%), मिजार (७.८%), परियार (७.२%), सन्यासी (३.२%), मगर (२.२ %), सुनार (०.४%) भोटे (०.४%) अन्य ०.१ रहेका छन्। यहाँका स्थानीय बासीले नेपाली -९८.२ %), मगर (१.७%),अन्य(०.१%) भाषा बोल्ने गर्दछन्। यहाँ अधिकांश व्यक्तिहरुले हिन्दू धर्म मान्ने ९९.६ % भने ०.४ % बौद्ध धर्म मा न्ने गर्दछन्। भाषा ८६.२ % ले खस १३.४ % ले नेपाली ०.३ % ले मगर खाम र ०.१ % ले अन्य भाषा बोल्ने नागरिको बसोबास रहेकोछ। मुख्य पर्वको रुपमा दशैं, तिहार, तिज, माघी, घिया र घोडेजात्रा जस्ता चाडहरु मनाईन्छ।

**चाड पर्व तथा साँस्कृतिक पर्वहरु**

| क्र. सं. | चाडपर्वहरु | मनाईने महिना | तिथी मिति | मनाउने जातजाति/ धर्म |
|---|---|---|---|---|
| १. | बैशाख पुर्णिमा | बैशाख | बैशाख शुक्ल पुर्णिमा | हिन्दू / बौद्ध |
| २. | जनै पुर्णिमा | साउन /भदौ | श्रावण शुक्ल पुर्णिमा | हिन्दू |
| ३. | कृण्ण जन्माष्टमी | भाद्र | भाद्र कृष्ण सप्तमी | हिन्दू |
| ४. | हरितालिका तिज | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दू |

| | | | | |
|---|---|---|---|---|
| ५. | घाँसे जात्रा | भाद्र | भाद्र शुक्ल तृतिया | हिन्दू |
| ६. | विजया दशमी | असोज कात्तिक | घटस्थापनादेखि कोजाग्रत पुर्णिमा | हिन्दू |
| ७. | तिहार | कात्तिक मंसिर | कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितिया | हिन्दू |
| ८. | क्रिसमस डे | पौष | डिसेम्वर २५ | क्रिश्चियन |
| ९. | तमु लोह्सार | पौष- १५ | | गुरुङ्ग |
| १०. | माघे सक्रांन्ति | माघ – १ | माघ | हिन्दू |
| ११. | सोनाम लोह्सार | | | |
| १२. | महा शिव रात्रि | फागुन | फागुन कृष्ण त्रयोदशी | हिन्दू |
| १३. | फागु पुर्णिमा | फागुन | फागुन शुक्ल चतुर्दशी | हिन्दू |
| १४. | चैते दशै | चैत्र बैशाष | चैत शुक्ल अष्टमी | हिन्दू |

### १.३.४ आर्थिक अवस्था

यस पालिकामा बसोवास गर्ने अधिकांश व्यक्ति कृषि पेशामा आवद्ध छन् । मुख्यत: पशुपालनमा बाख्रा पालन र फलफूल खेतीमा केरा तथा आँप खेती यहाँका प्रमुख कृषि गतिविधि हुन् । तर, यहाँका नागरिकहरूलाई वैदेशिक रोजगार तथा स्वदेशकै अन्य क्षेत्रमा कामका लागि घरपरिवारबाट महिनौँ टाढा रहनु पर्ने बाध्यता रहेको छ । गरिबीका कारण छिमेकी मुलुक भारतमा सपरिवार जाने परम्परा पनि विद्यमान छ, जसले विद्यालयमा भर्ना भएका बालबालिकाहरूको नियमित उपस्थिति सुनिश्चित गर्न चुनौती सिर्जना गरेको छ ।  यसको परिणामस्वरूप विद्यालय छोड्ने र दोहोर्याउने दर बढ्दो क्रममा रहेको छ । सान्नी त्रिवेणी गाउँपालिकाका अधिकांश स्थानीयबासी कृषिमा निर्भर भए पनि कृषि क्षेत्रमा निम्न अनुसारका थुप्रै समस्याहरू देखिएका छन् ।

- परम्परागत कृषि प्रणालीको प्रयोग,
- कृषि व्यवसाय रोजगारमूलक नहुनु,
- जमिन बाँझिदै जानु,
- श्रम अनुसार उत्पादनको कमी,
- मानिसहरूमा कृषि प्रतिको वितृष्णा,
- बजार व्यवस्थापनको अभाव,
- रासायनिक मल र विषादीको अत्यधिक प्रयोग,
- शीत भण्डारको अभाव,
- हावापानी र माटो अनुकूल बीउको कमी,
- सिंचाइ सुविधाको अभाव,
- उत्पादनमा कमी, र
- कृषि श्रमिकको अभाव ।

यी समस्याहरूका कारण यहाँको कृषि उत्पादन र जीवनस्तरमा सुधार गर्न चुनौतीहरू थपिएका छन् ।

**१.३.५ भु-उपयोगको अवस्था**

यो पालिकाको भू-उपयोगको अवस्था निम्न अनुसार रहेको छ।

| बिवरण | क्षेत्रफल वर्ग किलोमिटर | प्रतिशत | कैफियत |
|---|---|---|---|
| बाँझो जमिन | १७३. | १२७. | |
| खेतियोग्य जमिन | ३०२१. | २२१. | |
| जंगल | २२३४. | १६३४. | |
| भिर तथा चरन क्षेत्र | ६०४२. | ४४२. | |
| बगर | ४२९. | ३१४. | |
| झार बुट्यान | १६९७. | १२४१. | |
| पानीले ढाकेको क्षेत्र | ०७५. | ०५५. | |
| जम्मा क्षेत्रफल | १३६७९. | १०० | |

**१.३.६ गाउँपालिकाको शैक्षिक अवस्था**

सान्नी त्रिवेणी गाउँपालिकाको साक्षरता दर ७०.१% रहेको छ, जसमा पुरुष साक्षरता दर ७८.१% र महिला साक्षरता दर ६२.८% छ। जनगणना २०७८ अनुसार, १५ देखि ६० वर्ष उमेर समूहका ८,४४७ (७०.२%) जना निरक्षर रहेकोले प्रति कक्षा ३० जनाका दरले २११ वटा साक्षरता कक्षाहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। यस पालिकामा पढ्न लेख्न सक्ने महिला ३,९०१ जना (६२.८%) र पुरुष ४,५४६ जना (७८.१%) रहेका छन्। तर, पढ्न मात्र सक्ने महिला ०.८% र पुरुष ०.६% छन्। पढ्न लेख्न नसक्ने महिला २,२४९ (३६.२%) र पुरुष १,२३८ (२१.३%) रहेका छन्।

**विद्यालय तथा शिक्षण संरचना**

गाउँपालिकाभित्र ३७ वटा प्रारम्भिक बाल विकास केन्द्र, ३० वटा सामुदायिक विद्यालय, र ३ वटा सिकाइ केन्द्र छन्। यस पालिकामा १ सामुदायिक विद्यालयमा प्राविधिक विषय पठनपाठन हुन्छ। शैक्षिक स्मारिका २०७८ अनुसार, आधारभूत तहमा ६४ महिला र १६० पुरुष शिक्षक (जम्मा २२४) कार्यरत छन्, जसमा ७ जना दलित पुरुष शिक्षक छन्। माध्यमिक तहमा २ महिला र २८ पुरुष शिक्षक (जम्मा ३०) कार्यरत छन्। यस पालिकाभित्र कक्षा १-१२ सम्म ४ विद्यालय, कक्षा १-१० सम्म ४ विद्यालय, कक्षा १-८ सम्म ६ विद्यालय, र कक्षा १-५ सम्म १५ विद्यालय छन्। महिला प्रधानाध्यापक ११ जना (माध्यमिक तहमा २ र आधारभूत तहमा ९) रहेका छन्।

### विद्यार्थी विवरण

गाउँपालिकामा बाल विकास केन्द्रहरूमा ७८० बालबालिका छन्, जसमा ३८८ छात्रा र ३९२ छात्र छन् । कक्षा १-५ मा २,३०४ विद्यार्थी (छात्रा १,१७८ र छात्र १,१२६), कक्षा ६-८ मा १,३०० विद्यार्थी (छात्रा ६२१ र छात्र ६७९), कक्षा ९-१० मा ७४० विद्यार्थी (छात्रा ३७४ र छात्र ३६६), र कक्षा ११-१२ मा ५४० विद्यार्थी (छात्रा २५८ र छात्र २८२) अध्ययनरत छन् ।
स्रोत : शिक्षा तथा मानव संसाधन विकास केन्द्र, फ्ल्यास रिपोर्ट २०२४

### मुख्य सवल पक्षहरू

- शिक्षा सुधारका लागि वार्षिक बजेटमा २०% विनियोजन
- शिक्षक र कर्मचारीको क्षमता विकासका लागि नियमित तालिमको ब्यवस्था
- "पढ्दै कमाउँदै" जस्ता नमुना कार्यक्रमको कार्यान्वयन
- नयाँ बाल विकास केन्द्र स्थापना र शिक्षकका लागि न्यूनतम पारिश्रमिकको व्यवस्था
- शैक्षिक क्यालेन्डर निर्माण र IEMIS प्रणालीमा सबै विद्यालयहरूको आवद्धता
- अनाथ बालबालिकाहरूलाई शैक्षिक सहयोग

### मुख्य समस्या

- विद्यालय उमेरका सबै बालबालिकालाई शिक्षामा पहुँच दिलाउन नसकिनु
- छाउपडी र बालविवाह न्यूनीकरणको चुनौती
- शिक्षक-विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको अभाव
- स्वच्छ खानेपानी, शौचालय, र स्वास्थ्य जाँचको अभाव
- विद्यालयमा सूचना प्रविधिको न्यून प्रयोग
- विपद् जोखिम अवधिमा शिक्षा पाउने अधिकारको सुनिश्चितता गर्न नसकिनु

### शिक्षा क्षेत्रका अवसरहरू

- संविधानद्वारा आधारभूत तहसम्म अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्था
- स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने वातावरण
- तीन तहका सरकार र संघसंस्थाबीच सहकार्य र साझेदारी
- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको चरणमा पुग्नु
- नेपालको संविधानले बालबालिकाहरूको शिक्षा सुनिश्चित गर्ने संवैधानिक दायित्व स्थापना गर्नु

### प्रमुख चुनौतीहरू

- भौगोलिक विकटता र छरिएको वस्तीका कारण विद्यालय नक्सांकन गर्न नसकिनु
- विद्यालयहरूमा अपाङ्गमैत्री संरचनाको अभाव
- सामाजिक रूपमा पछाडि परेका समुदायलाई शिक्षामा समेट्न नसकिनु
- स्रोत साधनको समुचित व्यवस्थापन र शिक्षामा लगानीको कमी
- विद्यालय व्यवस्थापन समिति, शिक्षक, र अभिभावकबीच समन्वयको अभाव

# परिच्छेद : २ दूरदृष्टी, उद्देश्य, रणनीती तथा लक्ष्य निर्धारण

## २.१ परिचय

नेपालको संविधानको धारा ५६ मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र सोही बमोजिम राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नुपर्ने व्यवस्था उल्लेख छ । शिक्षासम्बन्धी संघ, प्रदेश र स्थानीय तहलाई संविधानले निर्दिष्ट गरेका एकल तथा साझा अधिकारको व्यावहारिक कार्यान्वयन गर्न सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई अवलम्बन गरी शिक्षाको राष्ट्रिय गन्तव्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्नुपर्ने देखिन्छ । विगतमा नेपालले शिक्षा क्षेत्रको योजना एकात्मक शासन व्यवस्था बमोजिम केन्द्रिय स्तरबाट विकास तथा निर्माण गर्ने र कार्यान्वयन क्षेत्रीय र जिल्ला स्तरबाट गराउने गरेको सन्दर्भमा राज्यको पुनःसंरचनासँगै शिक्षासम्बन्धी अधिकार, स्रोतसाधन, जिम्मेवारी र उत्तरदायित्व पनि स्थानीय निकायमा हुने गरी संवैधानिक रूपमा व्यवस्था गरिएको छ । नेपाललाई सन् २०२२ सम्म अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्र र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा विकास गरी 'समृद्ध नेपाल, सुखी नेपाली' को चाहना पूरा गर्न शिक्षासम्बन्धी हालसम्म भएका प्रयास, उपलब्धि र पहिचान गरिएका समस्या तथा चुनौतीको समीक्षा गर्दै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले संघ, प्रदेश र स्थानीय तहको शिक्षा क्षेत्र योजनाको ढाँचामा एकरूपता आउने गरी १० वर्षे (२०७८–२०८७) शिक्षा क्षेत्रको नयाँ योजना निर्माणलाई अगाडि बढाएको छ ।

विद्यालय शिक्षा क्षेत्र योजना (SESP) को ५ वर्षे (२०७३–२०७८) कार्यक्रमको समयावधि २०७८ असार मसान्तसम्म समाप्त भए संगै यो योजना विकास गरिएको हो । शिक्षा क्षेत्रको क्षेत्रगत विकासका लागि शिक्षाको राष्ट्रिय गन्तव्य र अन्तर्राष्ट्रिय रूपमा दिगो विकास लक्ष्य (SDG) को लक्ष्य नम्बर ४ पूरा गर्न तथा राज्य पुनःसंरचनाको वर्तमान सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहबीचको शैक्षिक योजनामा एकरूपता ल्याउनका लागि सान्नी त्रिवेणी गाउँपालिकाले १० वर्षे (२०८१–२०९१) शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना निर्माण कार्य अघि बढाएको हो ।

परिवर्तित शासकीय संरचनामा नेपालको संविधान बमोजिम, विशेषतः शिक्षा क्षेत्रमा विभिन्न अधिकार सूचीभित्र परेका र स्थानीय सरकार सञ्चालन ऐन र संविधानमा निर्दिष्ट गरिएका शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँड, मुलुकको आर्थिक सामाजिक रूपान्तरणका सवाल, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, सोह्रौं योजना, सन् २०२२ भित्र अतिकम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका नीति स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्पलाई परिपूर्ति गर्न, गुणस्तरीय र जीवनपयोगी शिक्षा प्रदान गर्न, शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको मौलिक हक व्यवहारमा कार्यान्वयन गर्न, सक्षम, समुन्नत र आत्मनिर्भर भविष्यको कर्णधार, निःशुल्क गुणस्तरीय, प्रविधियुक्त शिक्षा विकासमा नागरिकको आधार निर्माण गर्न पालिकाले १० वर्षे योजना अघि बढाएको हो । यो योजना आ.ब. २०८०/०८१ देखि २०९०/०९१ सम्म, १० वर्ष कार्यान्वयन हुनेछ ।

## २.२. दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।

## २.३. सान्नी त्रिवेणी गाउँपालकाको दूरदृष्टि :

सान्नी त्रिवेणीको इच्छाः पहुँच, समावेशिता सहितको गुणस्तरीय शिक्षा

**२.४ लक्ष्य :**

समतामूलक, जीवनोपयोगी, गुणस्तरीय, सिपमूलक तथा रोजगारमूलक शिक्षा मार्फत सक्षम र नैतिकवान नागरिक तयार गरी समग्र गाउँपालिकाको विकासमा योगदान गर्ने ।

**२.५ उद्देश्य :**

१. सबै बालबालिकाका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता

२. जीवनपयोगी, सीपयुक्त, रोजगारमूलक निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितता

३. सबै युवा तथा प्रौढ नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर प्रदान गर्ने

४. विद्यार्थीहरूको शैक्षिक उपलब्धि अभिवृद्धि गरी शैक्षिक गुणस्तर कायम गर्ने

५ सबै विद्यालयमा उत्थानशील भौतिक पूर्वाधारको विकास .गरी आपतकालिन तथा संकटपूर्ण अवस्थामा पनि शैक्षिक क्रियाकलाप सुचारू राख्ने

६. प्राविधिक र व्यवसायिक शिक्षामा समावेशी र समतामूलक पहुँच वृद्धि गर्ने

**२.६ रणनीति :**

१.१ बालविकास केन्द्रको नक्साङ्कनका आधारमा समायोजन तथा पुनर्वितरण गर्ने

१.२ कम विद्यार्थी भएका बालविकास केन्द्रहरूमा स्थानीय आवश्यकता र परिवेश अनुकूल स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने

१.३ अपाङ्गता भएका दलित र आर्थिक रूपमा विपन्न बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरी उच्च शिक्षा निःशुल्क गर्नका लागि विभिन्न तहबाट पहल गरिने र आवश्यकता अनुसार संघ तथा प्रदेश सरकारसँग समन्वय गरी सेवाको सुनिश्चित गर्ने

१.४ हरेक बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क गरिने साथै दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाका माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने

१.५ सबै विद्यालयहरूमा गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गर्ने

२.१ आजीवन सिकाइ र निरन्तर शिक्षाका लागि स्थानीय तहको प्रत्येक वडामा सामुदायिक सिकाइ तथा प्रशिक्षण केन्द्र स्थापना गरी आवश्यकता अनुसार विस्तार तथा सुदृढीकरण गर्ने

२.२ प्रारम्भिक बाल विकास केन्द्रमा उमेर समूहका सबै बालबालिकाको पहुँच पुऱ्याउँदै कक्षा १ मा भर्ना हुँदा आधारभूत भाषिक र गणितीय सिप सिकेको सुनिश्चित गर्ने

२.३ प्रत्येक विद्यालयमा प्रविधि मैत्री शिक्षाको विस्तार गरी शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रभावकारिता ल्याउने

२.४ प्रत्येक विद्यालयमा प्रविधि मैत्री शिक्षाको विस्तार गरी शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रभावकारिता ल्याउने

३.१ स्थानीय श्रम बजारको आवश्यकता र प्राथमिकताको आधारमा बेरोजगारहरूको योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रभावकारी सिप सिक्ने अवसर प्रदान गर्ने

३.२ परीक्षा तथा मूल्यांकन प्रणालीलाई सुदृढीकरण गरी आधुनिक तथा प्रविधियुक्त बनाउने

३.३ समावेशी र विशेष शिक्षाका लागि आवश्यक संरचना निर्माण गरी सरोकारवालाको पहुँच सुनिश्चित गर्ने

३.४ छात्र, छात्रा तथा किशोरीहरूलाई घर, विद्यालय र सार्वजनिक क्षेत्रलाई शारीरिक, मानसिक वा अन्य किसिमका शोषण र हिंसाबाट सुरक्षित वातावरण सुनिश्चित गर्ने

३.५ सबै तहका शिक्षक तथा कर्मचारीहरूको व्यवस्थापन सहित क्षमता विकासका क्रियाकलाप सञ्चालन गर्ने

३.६ सबै तहका विद्यालयहरूलाई अपाङ्गमैत्री, बालमैत्री तथा विपद् उत्थानशील बनाउनका लागि मापदण्ड तयार गर्ने

## उपलब्धि

- प्रारम्भिक, आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ ।

### २.७ मुख्य क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | सूचकहरुको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर | स्थानीय | ८४.७ | ९० | ९५ | ९८ |
| | | प्रदेश | ८६.८५ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.0 | ९९.0 |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | ९३.५ | ९५.० | ९७.० | १००.० |
| | | प्रदेश | ८१.९१ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.0 | ८५.0 | ९५.0 |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर | स्थानीय | ७२.४ | ८० | ८७ | ९८ |
| | | प्रदेश | ९५.९५ | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.0 | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | ८४.४ | ९० | ९५ | १०० |
| | | प्रदेश | १२०.९९ | | | |
| | | राष्ट्रिय | १२१. ९ | ११५. | १०७. | १०५. |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा खुद भर्ना दर | स्थानीय | ९६.८ | ९८ | १०० | १०० |
| | | प्रदेश | ९५.८५ | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.0 | ९९.५ | १०० |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १-५ मा कूल भर्ना दर | स्थानीय | १३८.४ | १२५ | ११० | १०० |
| | | प्रदेश | १२६.३९ | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | |
| २.५ | आधारभूत तहको कक्षा १-५ को कक्षा छाड्ने दर | स्थानीय | २.४ | १ | ०.५ | ०.५ |
| | | प्रदेश | ४ | | | |
| | | राष्ट्रिय | ३.२४ | | | |
| २.६ | आधारभूत तहको कक्षा १-५ को कक्षा दोहोर्याउने दर | स्थानीय | १९.८ | १५ | १० | ५ |
| | | प्रदेश | १२.२५ | | | |
| | | राष्ट्रिय | ८.४९ | | | |
| २.७ | आधारभूत तहको कक्षा १-५ | स्थानीय | ७३.५ | ८०.० | ९०.० | ९५.० |

| क्र.सं. | सूचक | | सूचकहरुको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| | को कक्षा उर्तीण दर | | प्रदेश | ७९.१५ | | | |
| | | | राष्ट्रिय | ८३.८३ | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पूरा गर्ने दर | | स्थानीय | ४४.५ | ५५.० | ७५.० | ९०.० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ |
| २.९ | आधारभूत तहमा कक्षा १-५ मा भर्ना भएका ५-१० वर्ष उमेर भन्दा माथिका बालबालिका संख्या | | स्थानीय | १५.७४ | १२.४५ | ५.५ | ०.५ |
| | | | प्रदेश | ४७.३१ | | | |
| | | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. |
| २.१० | आधारभूत तह कक्षा १-५ कूल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | | स्थानीय | ०.९९ | १ | १ | १ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ |
| २.११ | आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर | | स्थानीय | ९६.३ | ९७.० | ९८.० | ९९.० |
| | | | प्रदेश | ९४.६ | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९. | | १०० |
| २.१२ | आधारभूत तह कक्षा १-८ मा कूल भर्ना दर | | स्थानीय | १३०.० | १२०.० | ११०.० | १०५.० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | | स्थानीय | ८४.७ | ८८.० | ९२.० | ९५.० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | | स्थानीय | ८४.७ | ८८.० | ९२.० | ९५.० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० |
| २.१५ | आधारभूत तह कक्षा १-८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | ०.९९ | १ | १ | १ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | |
| २.१६ | कक्षा १-८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिका को सङ्ख्या | नेपाली भाषा | स्थानीय | ४० | ५० | ६५.५६ | ८५.५५ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | ३८ | ४५ | ५२.३४ | ६६.५४ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि | नेपाली भाषा | स्थानीय | ३५.६१ | ४५.८२ | ५८.४४ | ६५.८५ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. |

| क्र.सं. | सूचक | | सूचकहरुको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| | हासिल गरेका कक्षा ५ को आधारभूत तह हासिल भएका बालबालिकाको सङ्ख्या | गणित | स्थानीय | ३६.४४ | ४५.५५ | ५८.५४ | ७५.११ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७० |
| | | अङ्ग्रेजी | स्थानीय | ३३ | ४५ | ५५ | ७० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ८वा तह ३ हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | ४२.३४ | ५५.६४ | ६५.३५ | ७५.१५ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ |
| | | गणित | स्थानीय | ३६ | ४५ | ५८.४५ | ७५.८८ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. |
| | | विज्ञान | स्थानीय | ३५ | ४५.३४ | ६३.५५ | ७५.३३ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका | आधारभूत (कक्षा १-५) | स्थानीय | १.१५ | १ | ०.२५ | ०.० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० |
| | | आधारभूत (कक्षा ६-८) | स्थानीय | १.५५ | ०.७५ | ०.२५ | ०.०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० |
| २.२० | आधारभूत तह कक्षा १- ८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | | स्थानीय | २८.५७ | ३१.४२७३ | ३४.३०२ | ३७.१७७ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४७ | ४५.० | ५०.० | ५०.० |
| २.२१ | आधारभूत तह कक्षा ६ - ८ मा कक्षा छोड्ने दर | | स्थानीय | ३.६ | २.५ | १.० | ० |
| | | | प्रदेश | ३.०३ | | | |
| | | | राष्ट्रिय | २.८ | | | |
| २.२२ | आधारभूत तह कक्षा ६ -८ मा कक्षा दोहोर्याउने दर | | स्थानीय | १४.४ | १०.० | ७.० | ४.० |
| | | | प्रदेश | ६.५६ | | | |
| | | | राष्ट्रिय | ५.१९ | | | |
| २.२३ | आधारभूत तह कक्षा ६ -८ मा कक्षा उर्तिण दर | | स्थानीय | ७८.३ | ८२.५ | ८७.० | ९५.० |
| | | | प्रदेश | ८५.८१ | | | |
| | | | राष्ट्रिय | ८८.२ | | | |
| ३.१ | माध्यमिक तह कक्षा ११-१२ मा खुद भर्ना दर | | स्थानीय | ४४.० | ५०.० | ५५.० | ६०.० |
| | | | प्रदेश | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | ४७.६ | | ६५. | |
| ३.२ | माध्यमिक तह कक्षा ११-१२) मा कूल भर्ना दर | स्थानीय | | ७२.० | ७५.० | ७८.० | ८२.० |
| | | प्रदेश | | ४७.६ | | | |
| | | राष्ट्रिय | | ७१.४ | | ० | ९९. |
| ३.१ | माध्यमिक तह कक्षा ९ -१० मा खुद भर्ना दर | स्थानीय | | ६८.३ | ७२.० | ७६.० | ८०.० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४७.६ | | ६५. | |
| ३.२ | माध्यमिक तह कक्षा ९ -१०) मा कूल भर्ना दर | स्थानीय | | ९७.२ | ९५.० | ९६.० | ९७.० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९. |
| ३.१ | माध्यमिक तह कक्षा ९ -१२ मा खुद भर्ना दर | स्थानीय | | ५६.० | ६०.० | ६४.० | ७०.० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४७.६ | | ६५. | |
| ३.२ | माध्यमिक तह कक्षा (९ -१२) मा कूल भर्ना दर | स्थानीय | | ८४.० | ८६.० | ८८.० | ९०.० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९. |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९ -१२ | स्थानीय | | ०.९१ | ०.९३ | ०.९५ | ०.९७ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १. | १. | १. |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर | स्थानीय | | ८५ | ९० | ९५ | ९८ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | | ५५ | ६५ | ७० | ८५ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | | ४० | ५२ | ६२ | ७० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४. | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९ -१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | | ४.४२ | १०.२५ | २५.५५ | ३५.४३ अ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२. | २७. | ३३. |
| ३.८ | माध्यमिक तह कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका | स्थानीय | विज्ञान | ० | ० | ० | ५. |
| | | | प्रा.व्या. | ३.२९ | ४.६७ | ५.६० | १०.३३ |
| | | प्रदेश | विज्ञान | | | | |
| | | | प्रा.व्या. | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५. | |

| क्र.सं. | सूचक | सूचकहरुको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी प्रतिशत | | प्रा.व्या. | १०. | १७. | ३०. | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि (अङ्कमा ) | नेपाली भाषा | स्थानीय | ५० | ६० | ७५ | ८० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | ४५ | ५० | ६५ | ७५ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | विज्ञान | स्थानीय | ४० | ५५ | ६० | ७० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४० | ५० | ६० | ७० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| ३.१० | माध्यमिक तह कक्षा ९ -१० मा कक्षा छोड्ने दर | स्थानीय | | ०.३ | ०.२ | ०.१ | ० |
| | | प्रदेश | | २. | | | |
| | | राष्ट्रिय | | १.९४ | | | |
| ३.११ | माध्यमिक तह कक्षा ९ -१० मा कक्षा दोहोर्याउने दर | स्थानीय | | ३.९ | २.० | १.० | ० |
| | | प्रदेश | | २.४७ | | | |
| | | राष्ट्रिय | | २.१८ | | | |
| ३.१२ | माध्यमिक तह कक्षा ९ -१० मा कक्षा उर्तीण दर | स्थानीय | | ९२.८ | ९५.० | ९८.० | ९९.० |
| | | प्रदेश | | ९१.५२ | | | |
| | | राष्ट्रिय | | ९३.४२ | | | |
| | माध्यमिक तह कक्षा ११ - १२ मा कक्षा छोड्ने दर | स्थानीय | | ५.६ | ४.० | ३.० | १.५ |
| | | प्रदेश | | १.११ | | | |
| | | राष्ट्रिय | | ०.८९ | | | |
| ३.१३ | माध्यमिक तह कक्षा ११ - १२ मा कक्षा दोहोर्याउने दर | स्थानीय | | ०.० | | | |
| | | प्रदेश | | २.८ | | | |
| | | राष्ट्रिय | | ०.७८ | | | |
| ३.१४ | माध्यमिक तह कक्षा ११ - १२ मा कक्षा उतीर्ण दर | स्थानीय | | ८७.५ | ९१.० | ९४.० | ९७.० |
| | | प्रदेश | | ९१.११ | | | |
| | | राष्ट्रिय | | ९१.२७ | | ९६.० | |
| ४.१५ | साक्षरता दर कुल | स्थानीय | | ७०.२ | ७५ | ८० | ८५ |

| क्र.सं. | सूचक | सूचकहरुको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ७६.२ | | ९५. | |
| ४.१६ | साक्षरता दरमा लैङ्गिक समता | स्थानीय | | ०.८० | | ०.९० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८ |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति | स्थानीय | | .... | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षा ९ –१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह उत्तीर्ण जनशक्ति वार्षिक सङ्ख्या | स्थानीय | छात्रा | ३२ | ४० | ४५ | ५५ |
| | | | छात्र | ३३ | ४२ | ४८ | ५७ |
| | | प्रदेश | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| ६.१ | आधारभूत तह कक्षा १ -५ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २६ | ३५ | ४० | ४५ |
| | | स्थानीय | | .... | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४:०१ | | ३०:०१ | ३०:०१ |
| ६.२ | आधारभूत तह कक्षा ६ -८ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय) | स्थानीय | | २३.४६ | ३२ | ३५ | ४५ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३०:०१ | | ३०:०१ | ३०:०१ |
| ६.३ | आधारभूत तह कक्षा १ -८ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २५.०३ | ३० | ३५ | ४५ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३३:०१ | ३१:०१ | ३०:०१ | ३०:०१ |
| ६.४ | माध्यमिक तह कक्षा ९ -१० मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | ४०:०१ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४:०१ | | ३०:०१ | ३०:०१ |
| ६.५ | माध्यमिक तह कक्षा ९-१२ मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | | ५८:०१ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४१:०१ | ३५:०१ | ३०:०१ | ३०:०१ |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू. हजारमा | स्थानीय | | १३७६५० | १५१४१५ | १६६५५६ | १८३२१२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० |
| ७.२ | आधारभूत तह कक्षा १- ८ मा प्रति विद्यार्थी सरकारी | स्थानीय | | २५१२३.१९ | २७६३५.३१ | ३०१४७.६२ | ३२६५९.९३ |

| क्र.सं. | सूचक | सूचकहरुको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ |
|---|---|---|---|---|---|---|
| | खर्च रू. हजारमा | प्रदेश | | | | |
| | | राष्ट्रिय | १८.० | २१.० | २४.० | |
| ७.३ | माध्यमिक तह कक्षा ९- १२ मा प्रति विद्यार्थी सरकारी खर्च रू. हजारमा | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | |

स्रोत : CEHRD Flash Report-2024, CBS (NPHC)- 202, Palika reports

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

**विद्यालय तहको शिक्षाको प्रारम्भिक आधारशिला नै प्रारम्भिक बालविकास हो ।** विशेष गरी पूर्व बाल्यावस्थाका बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक, संवेगात्मक तथा सर्वाङ्गीण पक्षको विकास गर्नका लागि नेपालको अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ र राष्ट्रिय शिक्षा नीति, २०७६ मा ४ वर्ष उमेर पुगेका बालबालिकाहरूको लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ । विद्यालय शिक्षाको पाठ्यक्रम २०७६ मा पनि सिकाइ सहजिकरणका क्षेत्रहरू र त्यसको वार्षिक कार्यघण्टा उल्लेख गरी औपचारिक रूपमा विद्यालय शिक्षाको घेराभित्र ल्याइएको छ । प्रारम्भिक राष्ट्रीय रणनीति २०७७/०७८ को परिभाषा र बालअधिकार महासन्धि १९८९ को मर्मलाई समेत आत्मसात गरी प्रारम्भिक बालविकास र शिक्षाको अवधारणा आएको हो । प्रारम्भिक बालविकास र शिक्षाले बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, बौद्धिक, संवेगात्मक, भाषिक र साँस्कृतिक समग्र विकासलाई समेट्छ। यस प्रकारको शिक्षाको मुख्य उद्देश्य भनेको यिनै सर्वाङ्गीण पक्षको विकासलाई अधिकतम बनाउनु हो । नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको औपचारिक नीति सुरूवात २००७ सालमा काठमाडौंमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षामा जोड दिएको थियो । २०२२ सालमा बाल मन्दिर स्थापना भएपछि शिशु शिक्षालाई झन बढावा दिएको पाइन्छ । शिक्षा मन्त्रालयले २०२५ सालदेखि शिशु कक्षासम्बन्धी पाठ्यक्रम तयार गरेको र २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा यसलाई व्यवस्थित गरेको पाइन्छ । शिक्षा ऐन, २०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बालशिक्षा भन्ने बुझिन्छ । बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको नीति स्थापित गरी समुदाय र विद्यालय स्तरमा बालविकास केन्द्रहरू सञ्चालन गरिने व्यवस्था गरियो । समुदाय स्तरमा सञ्चालित बालविकास केन्द्रहरूको अनुगमन नियन्त्रणमा समस्या देखिए पश्चात् विद्यालयमा आधारित बालविकास केन्द्रमा जोड दिन थालियो । सोह्रौ योजनाले पनि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी कार्यक्रमहरूलाई सबै स्थानीय तहसम्म पुर्याई प्रभावकारी रूपमा कार्यान्वियन गर्ने कुरा उल्लेख गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

शिक्षा तथा मानव स्रोत विकास केन्द्र शैक्षिक वर्ष साथै सानी त्रिवेणी गाउँपालिका शिक्षा तथा खेलकुद शाखा को इमिस रिपोर्ट अनुसार २०८१ को सन् २०२४/४/०४ मा प्रकाशित फ्लास रिपोर्ट अनुसार यस गाउँपालिकामा रहेका सबै बालविकास केन्द्रहरू विद्यालयको संरचनाभित्र रहेका छन् । जम्मा ३७ वटा केन्द्रमध्ये वडा नं १ मा छात्र ५२ जना र छात्र ६७ जना गरि जम्मा ११० जना, वडा नं २ मा छात्र ३७ र छात्र २५ गरि ६२ जना, वडा नं ३ मा छात्रा ६२ र छात्र ६१ गरि जम्मा १२३ जना, वडा नं ४ मा छात्रा १५ जना र छात्र २० जना गरि जम्मा ३५ जना, वडा नं ५ मा छात्रा ५ जना र छात्र १९ जना गरि जम्मा २४ जना, वडा नं ६ मा छात्रा ५४ जना र छात्र ७२ जना गरी जम्मा १२६ जना, वडा नं ७ मा छात्रा ३६ जना र छात्र २४ जना गरि जम्मा ६० जना, वडा नं ८ मा छात्रा ६२ जना र छात्र ४९ जना गरी जम्मा १११ जना, वडा नं ९ मा छात्रा ४५ जना र छात्र ४७ जना गरी जम्मा ९२ जना, जसमा ३१४ छात्रा र ३१७ छात्र गरी जम्मा ६३१ जना बालबालिकाहरूले अध्ययन गरिरहेका विद्यमान सञ्चालित बालविकास केन्द्रहरूको अवस्था छ । यस गाउँपालिका अन्तरगत ३१ वटा बालविकास केन्द्रमा ७ वटा समुदायमा रहेका छन् । जसमा ३१ महिला शिक्षक रहेका छन् । पेशागत दक्षता सम्बन्धी तालिम सञ्चालित बालविकास केन्द्रहरूमा लिएको भएतापनि बालविकास केन्द्रमा सहजिकरण सघन तालिम प्राप्त शिक्षक नरहेको पाइन्छ । बालविकास केन्द्रमा कार्यरत सहयोगी शिक्षकहरूको मासिक तलब रु १०००० संघीय अनुदान र रु ७००० स्थानीय पालिकाको अनुदानबाट बेहोर्ने गरि रु १७००० का दरले तलब, प्रति बालवालिका रु ५०० का दरले संघीय अनुदानबाट बजेट व्यवस्थापन गरिएको छ । औसत रूपमा केहि बालविकास सामग्री खरिदका लागि पालिका अनुदानको रूपमा लगानी गर्नु बाहेक त्यस्तो नितिगत रूपमा कुनै विशेष किसिमको आर्थिक लगानी गरिएको छैन । सरकारले तोकिएको निर्देशिकामा आधारमा विश्लेषण

गर्ने हो भने यस पालिकामा रहेका बालविकास केन्द्रहरूको सञ्चालन व्यवस्थापन समय तालिका र मापदण्ड हेर्दा अवलोकन मुल्याकंन गर्दा सबै केन्द्रमा गुणस्तरीयताको अवस्था कमजोर देखिन्छ।

आन्तरिक सक्षमताका आधारमा भन्दा मौजुदा पाठ्यक्रमले तोकेको सिकाइ सहजीकरण क्रियाकलाप प्रभावकारी रूपमा नभएको अवस्था देखिन्छ । विशेष गरी बालबालिकाको सर्वाङ्गीण विकासमा भन्दा पनि केवल सिकाइ सिपमा सञ्चालित बालविकास केन्द्रहरूमा केन्द्रित भएको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको परिपक्वता र वृद्धि विकासका आधारमा गुणस्तरीय सिकाइ अवसर सिर्जना गर्न नसकिएको तथ्य विद्यमान सञ्चालित बालविकास केन्द्रहरूमा नरहेको देखिन्छ।

**प्रमुख समस्या र चुनौतीहरू समस्याहरू**

यस गाउँपालिकामा सञ्चालित बालविकास केन्द्रहरूमा समयानुकूल तालिम प्राप्त शिक्षकको कमी, स्थानीय अभिभावक तथा सरकारद्धारा पर्याप्त आर्थिक लगानी हुन नसक्नु, लगानी सम्बन्धी स्थानीय स्तरमा नीतिगत तथा कानूनी व्यवस्था नहुनु, सुरक्षित र सहज केन्द्रको सेवाको अवसरमा कमी, पाठ्यक्रममा तोकिए अनुसार सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन नहुनु, बालमैत्री प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्ड पूरा नगर्नु, अपर्याप्त सुपरिवेक्षण, विद्यालय व्यवस्थापनमा प्राथमिकतामा नपर्नु, अभिभावकको न्यून चेतना स्तर वृद्धी नहुनु जस्ता समस्याहरू रहेका छन्।

**चुनौतिहरू**

बालबालिकाको सर्वाङ्गीण पक्षको विकास, सुविधा सम्पन्न बालविकास केन्द्र निर्माण, सहजरूपमा बालवालिकाहरूको विद्यालय आवागमनको व्यवस्था, अभिभावकको चेतना अभिवृद्धि गर्न, सिकाइ र सिकाइ वातावरणमा गुणस्तर कायम गर्नु, नमूना केन्द्र स्थापना गर्नु।

**३.१.३ उद्देश्य**

१. चार वर्ष उमेर पुगेका सबै बालबालिकालाई बालविकास शिक्षामा सहज पहुँचको सुनिश्चितता गर्नु।
२. गुणस्तरीय बालविकास र शिक्षा तथा सेवा प्रदान गर्नु।
३. सबै बालबालिकाहरूलाई बालविकासको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।
४. ELDS अनुसार ३-५ वर्षका बालबालिकाको शारीरिक, संज्ञानात्मक, भाषा, सामाजिक-भावनात्मक र सृजनात्मक विकासलाई सुदृढ बनाउने।
५.सबै ECD केन्द्र/कक्षामा बालमैत्री, खेलमा आधारित, सिकाइ प्रोत्साहन गर्ने वातावरण निर्माण गर्नुको साथै ECD शिक्षकलाई ELDS आधारित पाठ योजना, सिकाइ मूल्यांकन र खेलमा आधारित सिकाइ विधिको प्रयोगमा दक्ष बनाउने।
६. स्वास्थ्य, पोषण, सुरक्षा, WASH र शिक्षा क्षेत्रबीच प्रभावकारी समन्वय गरी बालबालिकालाई आवश्यक सबै सेवा एकीकृत रूपमा उपलब्ध गराउनुको साथै अपांगता, विपन्नता, भौगोलिक कठिनाई वा सामाजिक कारणले पछि परेका बालबालिकालाई ECD सेवामा पहुँच बढाउने।
.सिकाइ नतिजा (Learning Outcomes) को नियमित मापन, अनुगमन तथा रिपोर्टिङलाई व्यवस्थित बनाउने।

**३.१.४ रणनीति**

१. हरेक वर्ष न्यूनतम कार्यक्रम तयार गरी पर्याप्त तथा निरन्तर लगानी सुनिश्चितता गरिने,
२. बालविकास केन्द्रको नक्साङ्कन गरी आवश्यकता अनुसार सञ्चालन गरिने,
३. निर्धारित गरीएका न्यूनतम वा सञ्चालित बालविकास केन्द्रहरू मापदण्ड र पाठ्यक्रम अनुसार बालविकास कक्षा सञ्चालन गरिने,
४. बालविकास केन्द्रको सहायक शिक्षक र शिक्षक कार्यसम्पादन करार तयार गरी कार्यान्वयन गरिने,
५. नमूना बालविकास केन्द्र स्थापना गरिने,

६. परिवार, समुदाय, विभिन्न संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूसँग सहकार्य तथा समन्वय गरिने,
७. पेशागत दक्षता अभिवृद्धिका लागि हरेक वर्ष बालविकास शिक्षकलाई तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने,
८. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, बाल उद्यान र प्रविधिमा आधारित शैक्षिक सामग्री आदिको बालविकास केन्द्रमा कुशल व्यवस्थापन गर्ने
९. प्रारम्भिक बालविकास र शिक्षालाई प्रभावकारी रूपमा सञ्चालन र अभिभावक तथा आमा समूहलाई जिम्मेवार बनाउने,
१०. गाउँपालिकाबाट अनुदान प्रदान गरिएका प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत बाल शिक्षिका सहजकर्ताहरूका लागि न्यूनतम पारिश्रमिक उपलब्ध गराउन पहल गर्ने,
११. कम्तिमा न्यूनतम वार्षिक ४ पटक प्रत्येक प्रारम्भिक बालविकास केन्द्रमा शिक्षा शाखा तथा जिम्मेवार व्यक्तिहरूको अनुगमन तथा अवलोकन गरी न्यूनतम आवश्यकता पूरा गर्नका लागि थप अनुगमन गर्ने,
१२. नगरका सबै ECD कक्षामा ELDS मानक अनुसार सिकाइ क्षेत्र (भौतिक,संज्ञानात्मक, भाषिक, सामाजिक तथा भावनात्मक) समायोजन गर्ने।
१३. सिकाइ स्तर मापनका लागि नगर स्तरमा एकरूप मूल्यांकन उपकरण विकास र प्रयोग गर्ने।
१४.ELDS बारे सजिलो भाषामा जानकारी दिने र घरमै गर्न सकिने सिकाइ क्रियाकलाप बारे मार्गदर्शन गर्ने।
१५.दूरदराज टोलमा बसोबास गर्ने बालबालिकालाई ECD पहुँच सुधार (कक्षा विस्तार, सामग्री उपलब्ध गराउने) गर्ने।
१६. स्वास्थ्य चौकी, वडा कार्यलय, शिक्षा शाखा, बाल संरक्षण इकाईसँग नियमित संयुक्त योजना बैठक संचालन।
१७.०-५ वर्षका बालबालिकाका लागि Integrated ECD Service Directory तयार गरि पोषण, खोप, नियमित स्वास्थ्य जाँच, जेष्ठ नागरिक-बालबालिका संरक्षण कार्यक्रमसँग समन्वय गर्दै 'One Stop ECD Support' प्रणाली विकास गर्ने।
१८.नगरको सबै ECD शिक्षकका लागि ELDS आधारित पाठ (Lesson Plan Template) लाइ एकरूप बनाउने र खेलमा आधारित सिकाइ (Play-based Learning) का १०-१५ स्थानीय/सस्तो तर प्रभावकारी गतिविधिहरू विकास र शिक्षकको क्षमता विकास गर्ने

**३.१.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि**

१. समुदायका चार वर्ष उमेर समुहका सम्पूर्ण बालबालिकाहरूको प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।
२. सबै बालविकास केन्द्रहरूले तोकिएको न्यूनतम मापदण्ड पूरा गरी पाठ्यक्रमको मर्म अनुसार सञ्चालन भएको हुनेछ।
३. योग्य, दक्ष र तालिम प्राप्त बालविकास शिक्षकको व्यवस्थापन भएको हुनेछ।
४. कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरू बालविकास शिक्षाको अनुभवसहित हुनेछन्।
५. ७०–८ प्रतिशत ECD कक्षाहरू ELDS कार्ड अनुसार व्यवस्थापन गरिएको हुने छ।
६. वर्षमा कम्तीमा एकपटक प्रत्यक बालविकासमा ELDS कार्डमा आधारित सिकाइ मूल्यांकन सम्पन्न भएको हुने छ।
७. अभिभावकलाई ELDS बारे सजिलो भाषामा जानकारी पश्चात अभिभावकको सहभागिता बढेको हुने छ।
८. ECD शिक्षकको ELDS कार्यान्वयन दक्षता उल्लेखनीय रूपमा सुधार भएको हुने छ साथै सान्नित्रिवेणि गाउँपालिकामा एकीकृत बालविकास योजना (Integrated ECD Plan) तयार गरि ०- ५ वर्षका बालबालिकाका बारेमा स्वास्थ्य-पोषण-शिक्षा समबन्धि तथ्यांक उपलब्ध हुने छ
९. विद्यालय तथा ECD केन्द्रबाट स्वास्थ्य/पोषण सेवा पहुँचमा वृद्धि हुदा जोखिममा रहेका बालबालिका पहिचान र सेवा पहुँचमा सुधार भएको हुने छ।
१०.सबै ECD शिक्षकले ELDS कार्डमा आधारित पाठ योजना तयार गर्ने क्षमताको विकास हुनको साथै खेलमा आधारित सिकाइ गतिविधिको नियमित प्रयोग र सिकाइ मूल्यांकनमा एकरूपता र पारदर्शिता आउने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | प्रमुख नतिजा | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना प्रतिशत | ७२.४ | ८२ | ८८ | ९४ | १०० |
| २. | सञ्चालित बालविकास केन्द्रहरुमा न्यूनतम  मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ५ | ५ | १० | ५ | ६ |
| ३. | वाल उद्यान भएका बालविकासको सङ्ख्या | २ | ५ | ८ | १० | ६ |
| ४. | कक्षा कोठामा स्मार्ट  टि. भि को सङ्ख्या | ० | १५ | ५ | ६ | ५ |
| ५. | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुने वालवालिकाको संख्या | ३९२ | ६१४ | ९०० | ११९५ | १४३५ |
| ६ | कक्षा १ मा बालविकासको अनुभव सहित भर्ना हुने बालवालिकाको प्रतिशत | ९४.५ | ९६.५ | ९७.० | ९९.५ | १०० |
| ७ | शिक्षक विद्यार्थी अनुपात | १:२०.३५ | १;१५ | १;१० | १;१० | १:१० |
| ८. | नमूना तथा गुणस्तरीय सेवा प्रदान गर्ने  बालविकासको सङ्ख्या | १ | ७ | ७ | १० | ६ |
| ९ | लैङ्गिक समता सुचक | १.० | ०.९९ | ०.९० | ०.५० | ०.०० |
| १० | खुद भर्ना दर | ७१.४ | ८१.४ | ९१.५ | ९५.४ | १०० |
| ११ | कुल भर्ना दर | ८४.४ | | | | |
| १२ | नयाँ भर्ना सख्या | ४१५ | ६२५ | ८५५ | १०५० | १४१५ |

३.१.५ प्रमुख क्रियाकलाप परिमाणात्मक लक्ष्य

| क्र स. | प्रमुख क्रियाकलाप | एकाइ | परिमाणात्मक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन | पटक | ० | ५ | ५ | ५ | ५ | २० | ११ | |
| २ | बालविकास केन्द्रका शिक्षकलाई पेशागत क्षमता अभिवृद्धि आधारभूत तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ०० | |
| ३ | बालविकास पाठ्यक्रम प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ०० | |
| ४ | सिकाई मैत्री बालविकास भवन निर्माण | वटा | | २ | २ | २ | २ | ८ | २३ | |
| ५ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | २६ | |
| ६ | बाल उद्यान निर्माण | वटा | ० | १० | १० | १० | १ | ३१ | ०० | |
| ७ | बालवालिकाको स्वास्थ्य परीक्षण | पटक | १ | निर न्तर | निर न्तर | निर न्तर | निर न्तर | निरन्तर | | |
| ८ | आधुनिक प्रविधियुक्त शैक्षिक सामग्री वितरण भएका बालविकास केन्द्र | वटा | | ५ | १० | १० | ६ | ३१ | ०० | |
| ९ | कार्यसम्पादन करार | जना | | ३१ | ३१ | ३१ | ३१ | ३१ | | थपघट हुनस क्छ। |
| १० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | वटा | | ९ | ९ | ७ | ६ | ३१ | | |
| ११ | भर्ना अभियान | पटक | ० | १ | १ | १ | १ | ५ | | |
| १२ | बाल सिकाइ मेला सञ्चालन | पटक | १ | २ | २ | ५ | १० | २० | ११ | |
| १३ | अन्तर बाल विकास केन्द्र स्तरीय सिकाइ भ्रमण | पटक | | १ | १ | १ | १ | ५ | | |
| १४ | ECD कक्षाको भौतिक व्यवस्था ( पढाइ कुना,खेलकुद क्षेत्र, संज्ञानात्मक कुना) ELDS अनुरूप पुनःसंरचना गर्ने। | बालवि कास | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ | निरन्तर | |
| १४ | बालविकास शिक्षकहरूको ELDS र निरन्तर मुल्याङ्कन प्रणाली (Continuous Assessment System) सम्बन्धी प्रशिक्षण प्रदान गर्ने। | पटक | ० | १ | १ | १ | १ | ४ | १ | |
| १५ | अभिभावक शिक्षा कार्यक्रम (Parent Orientation Sessions) सञ्चालन गर्ने। | पटक | ० | १ | १ | १ | १ | ४ | १ | |
| १६ | बहुक्षेत्रीय ECD Steering Committee गठन/सक्रिय गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | विद्यालयमा पोषण कार्यक्रम, आयरन–फोलिक, deworming, hand washing अभियान सञ्चालन तथा स्वास्थ्यकर्मी, सामाजिक परिचालक र ECD शिक्षकबीच त्रैमासिक समन्वय बैठकको आयोजना गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | १ | |
| १८ | बालमैत्री विद्यालय / टोलमा बालमैत्री क्षेत्र (safe play spaces) प्रवर्द्धन तथा स्थापना गर्ने। | पटक | ० | १ | १ | १ | १ | ४ | १ | |
| १९ | सबै ECED शिक्षकहरुलाइ ३-५ दिने व्यावहारिक प्रशिक्षण (पाठ योजना,अवलोकन र सिकाइ मुल्यांकन ), कक्षा अनुगमन चेकलिस्ट विकास गर्ने। | पटक | ० | १ | १ | १ | १ | ४ | १ | |

### ३.२ आधारभूत शिक्षा

#### ३.२.१ परिचय

अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा बालबालिकाको नैसर्गिक अधिकार हो। यसअधिकारलाई नेपालको संबिधानले मौलिक अधिकारका रुपमा समेत आत्मसात गरेको छ। अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा ऐन २०७५ र अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा नियमावलि सञ्चालित बालविकास केन्द्रहरुमा शिक्षा नियमावलि २०७७ ले १ वर्षको पूर्व प्राथमिक शिक्षादेखि कक्षा ८ सम्म प्रदान गरिने शिक्षालाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका रुपमा प्रदान गरिने परिभाषित गरिएको छ। यस ऐनले ४ वर्ष देखि १२ वर्षसम्मको उमेरलाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा उमेरका रुपमा लिएको छ। यसै गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा नामाकरण गरिएको छ। आ.व.२०७८-०७९ को नेपाल सरकारको निति तथा कार्यक्रमको बुदा न. ६३ मा आगामि आ.व.मा साक्षर नेपाल घोषर्णा गर्ने र बुदा न. ७० मा बालवालिकालाई विद्यालय ल्याऔँ र पढाइमा टिकाऔँ सिकाऔँ र विकाऔँ कार्यक्रमलाई प्रभाव कारी बनाउने र सार्वजनिक विद्यालय सवलिकरण दशक २०७६-२०८५ अभियान संचालन गर्ने निति लगाएतका थुप्रै आधारहरुले आधारभूत तह शिक्षको महत्वपुण तह हो भन्ने स्पस्ट देखिन्छ। आधारभूत शिक्षाले बालवालिकाहरुको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवनयापन र सञ्चालित बालविकास केन्द्रहरुमा सहजिकीकरणमा सहयोग पूर्याउँछ। यस शिक्षा प्रणालीले बालवालिकाहरुलाई जीवन पर्यन्त सिकाइमा मा सञ्चालित बालविकास केन्द्रहरुमा सपोर्ट गरी मूलकको सञ्चालित बालविकास केन्द्रहरुमा सामाजिक र आर्थिक विकासमा सहयोग पूर्याउँछ। नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ। त्यसकारण नेपालमा बसोवास गर्ने प्रत्येक बालवालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुने छ। अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशूल्क शिक्षा नियमावलि सञ्चालित बालविकास केन्द्रहरुमा २०७७ मा व्यवस्था भए बमोजिम सो उमेर समूहका सवै बालवालिकहरुलाई अनिवार्य र निशुल्क शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको छ। नेपालको संविधान २०७२ को अनूसुची ८ मा पनि स्थानिय सरकारको अधिकार क्षेत्रभित्र आधारभूत तहमा सञ्चालित बालविकास केन्द्रहरुमा माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ। आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको छ। आधारभूत शिक्षा अन्तरगत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता

र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रवन्धको मौजुदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतिहरु पहिचान गरी यसको उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरुका साथै लक्ष्य तोकिएको छ।

**३.२.२ बर्तमान अवस्था**

यस पालिकामा सञ्चालित आधारभूत तह सञ्चालन भएका विद्यालयको संख्या १५ रहेको छ। विद्यार्थी संख्याको हिसाबले हेर्दा जम्मा ३६०४ जना विद्यार्थीहरु १ - ८ आधारभूत तहमा सञ्चालित अध्ययनरत रहेका छन् भने १-५ मा ११७८ छात्र र ११२६ छात्र गरी २३०४जना अध्ययनरत गर्दछन। जसमा सञ्चालित छात्राको संख्या १७९९ र छात्रको संख्या १८०५ जना रहेको छ ( CEHRD-Flash Report-2024)। आधारभूत तहमा सञ्चालित अध्यापन गर्ने शिक्षकको दरबन्दी आधारभूत तह १-५ मा जम्मा ६२ जना र ६-८ तहमा ३५ जना शिक्षक अध्यापनरत रहेका छन (स्रोत : सान्नित्रिवेणी EMIS Reports-२०८०)। आधारभूत तहमा सञ्चालित शिक्षक विद्यार्थी अनुपात १:३६.४ रहेको देखिन्छ भने विद्यालय विद्यार्थी अनुपात २४०.२६ रहेको छ।आधारभू तहमा सञ्चालित कूल भर्नादर १३०. ०रहेको छ, भने खुद भर्नादर ९६.७ प्रतिशत रहन गएको छ( CEHRD-Flash Report-2024)। ई सि डि बाट कक्षा १ मा सञ्चालित हुने भर्नादर ९४.४ प्रतिशत रहेको छ भने कक्षा ८ मा पुग्ने दर ८४.४ प्रतिशत रहेको छ। कक्षा १ मा कक्षा दोहोर्याउने दर २४.७ प्रतिशत रहेको छ। विद्यालय बाहिर रहेको बालबालिकाको संख्या ७ प्रतिशत रहेको छ।

यस पालिकालाई अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षा सुनिश्चित गरिएको गाउँपालिका घोषणा गर्नका लागि घरधूरी सर्वेक्षण गरिएको छ। यस तहमा विद्यार्थीहरुको सरदर हाजिरी १०३ प्रतिशत रहेको छ भने अझै पनि १- ५मा २.४ प्रतिशत र ६-८ मा ३.६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको देखाएको छ। ( CEHRD-Flash Report-2024)। यस गाउँपालिका भित्र रहेका ३० वटा विद्यालयहरुमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित हुन गएको देखिन्छ भने सबै विद्यालयमा थप सुधार गरि छात्रा मैत्री तथा अपाङ्गता मैत्री बनाउनकालागि न्यूनतम् सक्षमता सूचक (कक्षाकोठा, पाठ्यपुस्तक, शौचालय र बुक कर्नर योजना बनाई अगाडि बढ्नु पर्ने देखिन्छ ) । यस गाउँपालिकाका सबै विद्यालयमा न्यूनतम् सक्षमताका सूचक (कक्षाकोठा, पाठ्यपुस्तक, शौचालय ) सूचक(कक्षाकोठा, पाठ्यपुस्तक) पूरा भएको देखिएको छ। अपांगमैत्री पूर्वाधार (शौचालय र कक्षाकोठा) भएका विद्यालयको संङ्ख्या बढ्दै गएको छ भने पुराना भवन,पुस्तकालय, कार्यालयहरु तथा शौचालय हरुलाई पुन निर्माण तथा मर्मत सम्भार गरेर विपद् उत्थानशील पूर्वाधार सुनिश्चित गर्नु पर्ने देखिन्छ। यस गाउँपालिकाले आधारभूत तहको शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहका विकास साझेदार निकायहरु शिक्षामा सुधार र विकासका लागि साझेदारी र सहकार्य गर्न तत्पर देखिएका, स्थानीय पाठ्यक्रम (हाम्रो सान्नित्रिवेणी) स्वीकृत गरी कक्षा १-३ सम्मको पाठ्यपुस्तक निर्माण भइ कार्यान्वयन भएको, शिक्षकको पेसागत विकासका लागि विषयगत शिक्षकहरुको सञ्जाल निर्माइ भइ क्रियाशील बनेको, विद्यालय कर्मचारीलाई न्यनूतम् पारिश्रमिक उपलब्ध गराइएको, वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिएको , गाउँपालिकाभरका सम्पूर्ण आधारभूत विद्यालयहरु IEMIS मा आवद्ध भएका, यातायात र खाजा खर्चको व्यवस्था गरी हरेक महिनामा नियमित प्र. अ. बैठक बसी शैक्षिक मुद्दामा छलफल गरी समाधान गर्ने गरिएको , आधारभूत तहको शिक्षा सुनिश्चितताका लागि अनाथ बालबालिकाहरूलाई पालिकाबाट शैक्षिक सहयोग भएको र स्थानीय तहको शिक्षा योजना निर्माण प्रकृया अगाडी बढेको छ। कक्षाकोठा व्यवस्थापनका लागि आधारभूत तहका अधिकांश विद्यालयहरुमा पि फम , कार्पेट, कुशन जस्ता सामग्रीहरू उपलब्ध गराइएको छ। सबै आधारभूत विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरिएको छ। सबै आधारभूत विद्यालयलाई डिजिटल विद्यालय बनाउने कार्यक्रम कार्यान्वयन भइरहेको छ। त्यसैगरी शिक्षक बिद्यार्थी अनुपात १:३७ रहेको छ।

**३.२.२ चुनौती र अवसरहरुः**

विद्यालय नक्साङ्कन गर्न नसकिनु , भर्ना भएका बालबालिकाहरुलाई विद्यालयमा टिकाउन र सिकाउन नसक्नु, शिक्षक विद्यार्थी अनुपात नमिल्नु र विषयगत शिक्षकको दरबन्दी कमी हुनु, विद्यालयहरुमा भौतिक पूर्वाधारको कमि, अपाङ्गताको स्क्रिनिङ नहुनु, विद्यालयमा स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको उचित व्यवस्थापन नहुनु र अपांगतामैत्री भौतिक संरचना

व्यवस्थापन कमिहुनु, शिक्षकहरुको पेशागत विकास, विद्यालयमा शैक्षिक सामग्री निर्माण र प्रयोगको कमी रहनु, विद्यालयको आन्तरिक सक्षमता कमजोर हुनु, विद्यालयहरुमा विपत प्रतिकार्य योजना निर्माण नहुनु, पाठ्यक्रमले निर्दिष्ट गरेको विद्यार्थी मूल्यांकन प्रणालीलाई प्रभावकारी रुपमाकार्यान्वयन गर्न नसकिनु र विद्यालयमासूचना प्रविधिको पहुँच र प्रयोगको कमी रहनु जस्ता समस्याहरु आधारभूत तहका मुख्य समस्याहरु देखापरेका छन भने नेपालको संविधान, २०७२ माव्यवस्था भएअनुरुप अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु, समय सन्दर्भ संगसँगै आवश्यकता अनुसार दक्ष र पेशाप्रति समर्पित शिक्षकको व्यवस्थापन गर्नु, विद्यालयमाप्रयाप्त भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण निर्माण गर्नु, आवश्यकताको आधारमाशिक्षक दरबन्दी मिलान तथा पुनर्बितरण गर्नु, आधारभूत शिक्षामाशैक्षिक सुशासन,नियमितता र उत्तरदायित्व बृद्धि गर्नु, शिक्षण सिकाइलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमाआधारित बनाउनु, सामुदायिक तथा नीजी विद्यालयबीचको विभेद अन्त्य गर्नु, अभिभावक तथा शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर घटाइ सिकाइ उपलव्धिमाबृद्धि गर्नु,सार्वजनिक शिक्षाप्रतिको आम अभिभावकको चासो र आकर्षण बृद्धि गर्नु, विभिन्न किसिमका प्रकोप, संकट तथा महामारीबाट मुक्त बनाउनु,विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमाभर्ना गर्नु, सूचना तथा सञ्चार प्रविधिमाशिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमाविकास गर्नु ,जस्ता चुनौतीहरु आधारभूत शिक्षाको क्षेत्रमा देखापरेका छन्। यसैगरी आधारभूत तहसम्मको शिक्षालाई संविधानमै अनिवार्य र निशुल्क गरी मौलिक हकको रुपमास्थापित गरिनु,संविधानमा स्थानीय तहको अधिकार क्षेत्रभित्र आधारभूत तथा माध्यमिक शिक्षालाई राखिनु, संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयप्रतिको चासो र चिन्ता बढदै जानु, शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त भइरहनु, शिक्षामापहुँच र गुणस्तर अभिबृद्धिमागैर सरकारी र निजी क्षेत्रको सक्रियता बढदै जानु ,विद्यार्थीहरुको समता,पहुँच बृद्धिका लागि राज्यका तिनवटै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नु, आधारभूत शिक्षामा दिवाखाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु,शिक्षालाई संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राख्नु जस्ता अवसरहरु सँगसँगै आधारभूत शिक्षामागुणस्तर सुधारका लागि प्रशस्त आधारहरु रहेका छन्।

**३.२.३ उद्देश्यः**

१. आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु। आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने।

२. आधारभूत शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने।

३. आधारभूत शिक्षाको शिक्षण विधिलाई व्यावहारीक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रर्तिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउने।

४. बालबालिकाको सर्वाङ्गीण विकासको लागि खेलकुद क्षेत्रको विकासमा जोड दिने।

५. शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्ने।

६. विद्यालय उमेरका सबै बालबालिकाहरुलाई शिक्षा आर्जन गर्ने अधिकारको सुनिश्चितता गर्ने।

७. प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम प्रदायक संस्थाहरुको सबलीकरण व्यवस्थापन र विस्तार गरी सिपयूक्त र उद्यमशीलता जनशक्ति तयार गर्ने।

८. विद्यालय क्षेत्रमा हुनसक्ने सम्भावित जोखिमको पहिचान सहित जोखिम मुक्त वातावरण निर्माण गर्ने।

**३.२.४ रणनीतिहरू:**

• गाउँपालिका भित्र संचालित बिद्यालयहरु स्थानीय मापदण्डका आधारमानक्सांकन गरी समायोजन तथा स्थानान्तरण गर्ने,
• विद्यालय बाहिर रहेका बालबालिकाहरु पहिचान गर्ने,
• विद्यालयमाअत्यावश्यक शैक्षिकभौतिक पूर्वाधारहरुको प्रवन्ध गरी विद्यालय भौतिक पूर्वाधारलाई विपद् उत्थानशील बनाउने तथा , विद्यालयको सेवा क्षेत्र किटान गर्ने ।
• विद्यालय मार्फत सरोकारवाला निकएको सहकार्यमाविद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने साथै विद्यालय बाहिर रहेका किशोर किशोरीहरु सहित सबैका लागि विद्यालय भर्ना गर्न कार्यक्रम सञ्चालन गर्ने,
• गरीब र विपन्न अभिभावकका लागि विद्यालयको तथा सहयोगि निकाय संगको सहकार्यमाअभिभावक आय आर्जनमूलक कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,
• विद्यालय, वडा हुँदै गाउँपालिका तहसम्म विशेष कार्यक्रम सञ्चालन गर्ने,
• विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय भर्ना गराउनकालागि प्रोत्साहन मुलक कार्यक्रम सञ्चालन गर्ने,
• वैकल्पिक विद्यालय, घुम्ति विद्यालय, विशेष विद्यालय तथा खुला विद्यालय स्थापना वा सुरुवात गर्ने,
• छात्रा, अपाङ्गता भएका, दलित, बिपन्न, जनजाति र कठिन परिस्थितिबाट आएका बालबालिकाहरूलाई बिद्यालयमाल्याउन र तिनीहरूलाई टिकाइ राख्न लक्षित कार्यक्रम तर्जुमागरी कार्यान्वयन गर्ने,
• स्थानीय पाठ्यक्रमको विकास र मातृभाषामा पठनपाठन लागि विद्यालय र शिक्षकहरूको सक्षमता विकास गर्ने,
• विषयगत शिक्षक सञ्जाल, मेन्टरिङ, कोचिङ, दैनिक पाठयोजना, कक्षा अवलोकन, स्वाध्ययन, सहपाठी सहयोग जस्ता विधिको प्रयोग गरी स्वचालित रूपमा शिक्षक पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने,
• विद्यालय,विद्यार्थी र अभिभावक विच त्रिकोणात्मक समबन्ध विकास गर्ने खालको प्रणालिको विकास गर्ने ।
• विद्यालयको पठनपाठनलाई जिवनोपयोगि, ब्यवहारकुशल, शिपयुक्त, रमाईलो र प्रभावकारी बनाउन प्रत्येक शुक्रबार अतिरिक्त क्रियाकलाप संचलान गर्ने,
• निर्माणात्मक मूल्यांकनलाइ प्रभाकारीरुपमा कार्यन्वयन गर्ने ।

**३.२.५ प्रमुख उपलब्धि तथा नतिजा प्रमुख उपलब्धि**

१ सबै बालबालिकाका लागि अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ .
२सबै . विद्यालयहरूमा अत्यावश्यक शैक्षिक भौतिक पूर्वाधारहरुकोत्र व्यवस्था भएको हुनेछ,
३ आधारभूत तहमा .शैक्षिक गुणस्तर अभिबृद्धि भएको हुनेछ,

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १ ३ सम्म एकिकृत पाठ्यक्रमको लागु गरेका विद्यालय संख्या | ३० | सबै | सबै | सबै | सबै |
| २ | कल्याणकारी कोष स्थापना गरेका विद्यालय संख्या | ० | १० | १० | ५ | ५ |
| ३ | न्यूनतम भौतिक पुर्वाधार विद्यालयल संख्या | | | | | |
| ४ | सिकाइ सामग्रीको उपलब्धता भएको विद्यालय | ० | ८ | ८ | ६ | ८ |
| | विद्यालय बगैंचा तथा करेसावारी निर्माण गर्ने विद्यालय सङ्ख्या | ० | १० | १० | ५ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सबै सामुदायिक विद्यालयहरुले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पुरा गरेका विद्यालय सङ्ख्या | ० | ७ | ७ | ७ | ९ |
| ५ | कक्षा ३ र ५ मा उपलब्धी परीक्षा सञ्चालन गरी नतिजा सार्वजनिक गर्ने विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै |
| ६ | शिक्षक पेशागत विकास र विद्यार्थी सिकाई सहायता प्रणाली निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय | सबै | सबै | सबै | सबै | सबै |
| ७ | विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा माहामारी लगायतका परिस्थितिप्रति उत्थानशील | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | ईकाइ | परिमाणात्मक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | | १ | |
| २ | मापदण्डअनुसार शिक्षकको तलब भत्ता (कक्षा १-५) राहत र स्थायी | जना | ६२ | ६२ | ६२ | ६२ | ६२ | ६२ | |
| ३ | मापदण्डअनुसार शिक्षकको तलब भत्ता (कक्षा ६-८) राहत र स्थायी | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | |
| ४ | नयाँ शिक्षक नियुक्ति(सबै तह) | जना | ५ | १६ | २२ | २५ | ३० | ९८ | |
| ५ | विद्यालय कर्मचारी तलब भत्ता | जना | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ७ | विद्यलाय व्यवस्थापन खर्च (कक्षा १-५) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | विद्यलाय व्यवस्थापन खर्च (कक्षा १-८) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | प्रधानाध्यापक भत्ता | जना | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| १० | विद्यालय अनुदान एकमुष्ट रकम( SPI, सामाजिक परीक्षण, IEMIS Data, अतिरिक्त क्रियाकलाप, अभिभावक शिक्षा, विद्यालय रिपोर्ट कार्ड, SMC लाइ क्षमता अभिबृद्धि) | विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| ११ | पाठ्यपुस्तक (कक्षा १-५) | विद्यालय | ३१ | ३१ | ३१ | ३१ | ३१ | ३१ | |
| १२ | पाठ्यपुस्तक (कक्षा ६-८) | विद्यालय | २० | ३ | ३ | ३ | १ | | |
| १३ | छात्रबृत्ती | विद्यार्थी | ५०० | ६०० | ७०० | ८०० | १००० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | स्यानीटरी प्याड ब्यवस्थापन | छात्रा | २०० | २५० | २७५ | ३०० | ३०० | १३२५ | |
| १५ | परीक्षा व्यवस्थापन खर्च (कक्षा ८) | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | |
| १६ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाइ तालिम | विद्यालय | २ | १० | ८ | ७ | १ | २८ | |
| १७ | शिक्षकहरूलाई तालिम | जना (२७३) | ५० | ५० | ५० | ५० | ५० | २०० | २३ |
| १८ | विद्यालयमा सूचना तथा प्रविधिमा सहायता | वटा | ८ | ५ | ५ | ५ | ७ | ३० | |
| १९ | शिक्षकहरूलाइ ल्यापटप | विद्यालय | ४ | १५ | ६ | ३ | २ | ३० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरिएको छ । नेपालको संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरिएको भए पनि अनुसूची ९ मा माध्यमिक शिक्षालाई साझा अधिकारको विषय बनाइएको छ । नेपाल सरकारबाट राष्ट्रिय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ र दिगो विकासको लक्ष्य चार कार्यान्वयन कार्यढाँचा स्वीकृत भई कार्यान्वयनमा आइरहेको अवस्था छ ।

कर्णाली प्रदेशमा कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयहरू ४०६ रहेका छन् । जसमा प्रदेशभर सामुदायिक विद्यालय ३४९ र संस्थागत विद्यालयको संख्या ५७ रहेको छ । यसैगरी कक्षा ९-१२ सञ्चालन भएका विद्यालयहरूको संख्या ३२५ सामुदायिक विद्यालय र संस्थागत विद्यालयको संख्या १९ रहेको छ । ती विद्यालयहरूमा ६९३०४ छात्रा र ६६५१४ छात्र गरी जम्मा १३५८१८ विद्यार्थीहरू अध्ययनरत छन् । जसमा १०० प्रतिशत विद्यार्थीहरू सामुदायिक विद्यालयमा अध्ययन गरिरहेका छन् । प्रदेशभर माध्यमिक तहमा स्थायी ५९८, अस्थायी २८७ र राहत ९३५ गरी जम्मा १८२० दरबन्दीमा शिक्षकहरू कार्यरत रहेका छन् । यसैगरी संघीय अनुदानमा पुरुष शिक्षक ५४ र महिला शिक्षक २४ गरी जम्मा ७८ शिक्षकहरू कार्यरत रहेका छन् । कर्णाली प्रदेश अनुदानमा पुरुष शिक्षक २८ र महिला शिक्षक २१ गरी जम्मा ४९ शिक्षकहरू र स्थानीय तह अनुदानमा पुरुष शिक्षक २२१ र महिला शिक्षक १४५ गरी जम्मा ३६६ शिक्षकहरू कार्यरत रहेका छन् । प्रदेशभरमा जम्मा २३१३ शिक्षकहरू रहेका छन् । (स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको Flash Report २०८०)

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सिप हासिल गरेर भविष्यमा आयआर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । यिनै कुराहरूलाई ध्यानमा राखेर सान्नी त्रिवेणी गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ । सोह्रौं योजनाले समेत साक्षरता र सिप विकासलाई जोडि माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उधम र रोजगार केन्द्रित बनाउन "पढ्दै कमाउदै र कमाउदै पढ्दै" जस्ता कार्यक्रमलाई जोड दिने सरकारी गैरसरकारी सहकारी र निजी क्षेत्रको सहकार्यमा राष्ट्रिय सिप विकास तथा रोजगार सार्वजनिक महाअभियान सञ्चालन गर्ने; अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको पूर्व सिकाइको मान्यता विधिलाई प्रभावकारी बनाउने साथै माध्यमिक शिक्षा परीक्षा दिएर बसेका विद्यार्थीलाई दुई महिना (आठ हप्ता) अवधिको प्रतिकारात्मक स्वास्थ्य, सन्तुलित भोजन, पाककला र प्राथमिक उपचार, सवारी अनुमति तथा सवारी नियम, आत्म सुरक्षा तथा अनुशासन कार्यक्षेत्र सुरक्षा र यौन दुर्व्यवहार, राष्ट्रप्रेमी, स्वयंसेवा र योग, ध्यान तथा कला लगायतका व्यवहारिक विषयहरू समावेश गरी सम्बन्धित निकायहरूसँगको समन्वयनमा अनिवार्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको छ, जसले माध्यमिक तहमा समतामूलक पहुँचको सुनिश्चितता गर्नेछ । सान्नी त्रिवेणी गाउँपालिकाभित्र हाल कक्षा १-१० सञ्चालित ८, कक्षा १-१२ सञ्चालित ४ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या १२ वटा रहेको छ । माध्यमिक तहमा प्राविधिक धार सञ्चालन भएको संख्या १ रहेको छ जसमा Computer Engineering विषय अध्यापन भएतापनि प्राविधिक धारबाट उत्पादित जनशक्तिको स्थानीय तहमा खपतको अवस्था शून्य रहेको छ । यस तहमा १२४४ जना विद्यार्थीहरू अध्ययनरत छन् जसमा ६१४ छात्रा र ६३० छात्र रहेका छन् । ९-१० मा २२ जना ११-१२ मा ५ जना अन्य १३० जना शिक्षकहरू माध्यमिक तहतर्फ कार्यरत छन् । (IMES Reports-२०८० सान्नी त्रिवेणी)

### ३.३.२ उद्देश्य

१. आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने ।

२. माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने ।

३. माध्यमिक शिक्षाको शिक्षणविधिलाई व्यावहारिक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रतिस्पर्धी तथा उच्च शिक्षा हासिल गर्न योग्य बनाउने ।

### ३.३.३ रणनीति

१. आधारभूत तह पूरा गरेका बालबालिकालाई निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने ।

२. माध्यमिक शिक्षालाई सिकाइ वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

३. विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता बढाउने ।

४. विद्यालयको भौतिक पूर्वाधार सबल, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्रीसहितका विद्यालयहरू निर्माण/पुनर्निर्माण गर्ने ।

५. विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भित्र ल्याउन एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

६. अपाङ्गता र समावेशी शिक्षा दिने विद्यालय तथा स्रोत कक्षा सञ्चालनमा सङ्ख्यामा वृद्धि गरिनेछ ।

७. शिक्षण प्रणालीलाई व्यावहारिक तथा सिर्जनात्मक एवं अनुसन्धानात्मक विधिको विकास गर्ने ।

८. शिक्षा लाई गुणस्तर व्यवहारमैत्री बनाउन आवश्यक तयारी गर्ने ।

९. सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ ।

१०. विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिनेछ ।

११. सिकाइ मूल्याङ्कन, मौजूदा शिक्षक विद्यार्थी संख्याको आधारमा विषयगत दरबन्दी मिलान गर्ने ।

१२. बालबालिकामाथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरी कक्षाकोठाको सिकाइलाई बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री र अभिभावक मैत्री सहित सामाजिक परीक्षणलाई व्यापक बनाई विद्यालयलाई चुस्त तथा पारदर्शी र सुशासन कायम भएको विद्यालयहरूलाई नमूना घोषणा गर्ने ।

१३. सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने ।

१४. अनुगमन, सुपरीवेक्षण, शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तरीय अभिवृद्धि गर्ने र सोको लागि विद्यालयमा हाजिरीको व्यवस्थापन गर्ने ।

### ३.३.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. नि:शुल्क माध्यमिक शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित भएको छ ।

२. स्थानीय, प्रदेश र संघबीचको समन्वय र सहकार्यमा आर्थिक रूपले विपन्न, असहाय र दलित समुदायका बालबालिकाको लागि विशेष कार्यक्रम लागू गर्ने र सबै माध्यमिक विद्यालयहरूमा विषयगत शिक्षकको व्यवस्थापन, शिक्षकको पेसागत विकास गरी माध्यमिक विद्यालयहरूलाई क्रमशः नमूना विद्यालयको नीति विकास गरिनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९-१० माभर्ना भएका विद्यार्थी सङ्ख्या | ७१३ | १४२६ | २१३९ | २८५२ | ३५६५ |
| २ | माध्यमिक तह कक्षा ११- १२ मा भर्ना भएका विद्यार्थी संख्या | ५३१ | १०६२ | १५९३ | २१२४ | २६५५ |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी संङ्ख्या | ० | | १०० | २०० | ३०० |
| ४ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | ५ | ६ | ६ | ६ | ७ |
| ५ | माध्यमिक शिक्षाको खुद भर्नादर ६० प्रतिशत भन्दा माथि पुगेको विद्यालय सङ्ख्या | ० | ७ | ७ | ७ | ९ |
| ६ | आवासीय विद्यालय सञ्चालन भएका सङ्ख्या | ० | १ | १ | १ | १ |
| ७ | माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याब निर्माण भएका विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ |
| ८ | सूचना सङ्कलन, डायरी छपाई तथा वितरण | ० | ५ | ५ | ५ | ५ |
| ९ | विद्यालयमा सबै विद्यार्थीहरूको पहचुँमा सुझाव पेटिका राख्ने र १५/१५ दिनमा सुझाव पेटिका हेर्ने | ३ | ७ | ७ | ५ | १० |

**प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन कार्यविधि निर्देशिकाहरु तयारी | पटक | १ | ० | १ | - | - | - | १ | |
| २ | विद्यालय सेवा क्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकिन गर्ने र सिमाङ्कन भित्रका बालाबालिकाहरु भर्नाको सुनिस्चितताका लागी विद्यालयमा नक्साङ्कन पुनर्वितरण तथा समायोजन र स्थापना गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | भर्ना अभियान कार्यक्रम सञ्चालन | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ४ | आवश्यकता र माग बमोजिम भौतिक पूर्वाधार व्यवस्थापन | विद्यालय | १७ | १ | २ | ३ | ४ | ३ | १३ | ४ |
| ५ | विषयगत शिक्षक व्यवस्थापन | जना | ६० | १० | १० | १० | १० | १० | ५० | १० |
| ६ | विशेष कक्षा सञ्चालनको लागि समन्वय, सम्पर्क गरी विशेष विद्यालय तथा स्रोत कक्षा स्थापना | वटा | ३ | ० | १ | - | १ | - | १ | १ |
| ७ | अनुकूल सिकाइका लागि लक्षित समूहलाई शैक्षिक सामग्री वितरण | समुह | ३० | ५ | ५ | ५ | ५ | ५ | २५ | ५ |
| ८ | सूचना सङ्कलन, शिक्षक डायरी छपाइ तथा वितरण | पटक | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ९ | शिक्षक योग्यताको मापदण्ड र दरवन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन गर्ने | पटक | | ० | १ | १ | १ | १ | ४ | |
| १० | विद्यालयको भौतिक, शैक्षिक अवस्थाको आधारमा वर्गीकरण गर्ने | पटक | २ | ० | १ | - | १ | - | २ | १ |
| ११ | शिक्षक दरबन्दी मिलान गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | १ | निरन्तर |
| १२ | विद्यालयको मानक बनाई नमूना | विद्यालय | १० | १ | १ | १ | १ | १ | ५ | ५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय घोषणा | | | | | | | | | |
| १३ | विद्यालयले श्वेतपत्र तयार गरी जारी गर्ने | विद्यालय | १ | ० | १ | - | १ | _ | २ | निरन्तर |
| १४ | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरीवेक्षण तथा शिक्षकलाई सहयोग | जना | ३०० | ३० | ५० | ५० | ५० | ५० | २३० | ७० |
| १५ | बालसमूह गठन, क्षमता विकास र परिचालन | समुह | ३० | ० | १० | १० | ५ | ५ | ३० | |
| १६ | ई-हाजिरीको व्यवस्थापन | विद्यालय | ३० | ० | १० | १० | ५ | ५ | | |
| १७ | सामाजिक परीक्षण | विद्यालय | ३० | ३० | ✓ | ✓ | ✓ | ✓ | ३० | निरन्तर |
| १८ | विद्यालय श्वेतपत्रको माध्यमबाट विद्यालयको यथार्थ चित्रण गरिनेछ | विद्यालय | ३० | ० | १० | १० | ५ | ५ | ३० | निरन्तर |
| १९ | मानक निर्माण सर्वे, अवस्था विश्लेषण तथा वर्गीकरण | विद्यालय | २० | ० | ५ | ५ | ५ | ५ | २० | |
| २० | शिक्षकलाई अभिमुखीकरण, आचारसंहिता निर्माण तथा कार्यान्वयन | पटक | १ | ० | १ | - | १ | - | २ | |
| २१ | गुणस्तर अभिवृद्धिका लागि अनुगमन, सुपरिवेक्षण तथा शिक्षकलाई सहयोग | पटक | १५ | १ | १ | २ | ३ | ३ | १० | ५ |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१ परिचय

न्यून सिपयुक्त कामदारको बाहुल्य तथा रोजगारीको बजारको माग र उच्च शिक्षाबीचको कमजोर सम्बन्ध रहेको नेपाल जस्तो मुलुकका लागि साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमको ठूलो महत्व रहन्छ। नेपालको संविधानले आधारभूत शिक्षा प्राप्तिलाई नागरिकको मौलिक अधिकारका नीति स्वीकार गरेको अवस्था छ। वि.सं. २००७ सालमा २ प्रतिशत रहेको साक्षरता दर २०७८ मा पुग्दा नेपालमा ७७.४ प्रतिशत (नेपाल जीवन स्तर सर्वेक्षण २०२२/२०२३ अनुसार) प्रतिशत पुगेको अवस्थामा कर्णाली प्रदेशमा राष्ट्रिय जनगणना २०७८ अनुसार ७६.२ प्रतिशत रहेकोमा महिला साक्षरता ६९.४ प्रतिशत र पुरुष साक्षरता ८३.६ प्रतिशत व्यक्तिहरू साक्षर भएको अवस्था छ। एकातिर प्रौढ शिक्षा, साक्षरता शिक्षा कार्यक्रम हुँदै २०६९ देखि शुरू भएको साक्षर नेपाल अभियानमार्फत नेपाललाई नै साक्षर घोषणाका लागि तयारी भइरहेको अवस्था छ भने अर्कोतिर प्राथमिकदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षाको मार्गबाट प्राप्त गर्नसक्ने संयन्त्र निर्माण गरिएको छ। नेपालको साक्षरता प्रतिवेदन – सन २०२३ अनुसार हालसम्म नेपालका ७७ जिल्लाहरू मध्य ६६ जिल्लाहरू साक्षर जिल्ला घोषणा भइसकेका छन्, जसमा वाग्मती, गण्डकी र कोशी प्रदेशका जिल्लाहरू छन् भने मधेश र कर्णाली प्रदेशमा साक्षर जिल्ला घोषणा गर्ने काम जारी रहेको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार, कर्णाली प्रदेशमा विद्यालय तह पास गर्ने जम्मा आठ प्रतिशत छन्। यो प्रदेशमा विद्यालयको विद्यार्थी टिकाउ दर पनि कमजोर छ। देशको साक्षरता दर ७६ दशमलव १ प्रतिशत छ। कूल साक्षरता दरको सबैभन्दा बढी ३०.९ प्रतिशत व्यक्तिले कक्षा पाँचसम्म मात्रै पढेका छन् भने २१.५ प्रतिशतले आठ कक्षासम्म मात्रै पास गरेको देखिएको छ। कर्णालीमा पुरुषभन्दा १४.२ प्रतिशत बढी महिला निरक्षर छन्। पुरुषको साक्षरतादर ८३.३ प्रतिशत हुँदा महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ। यो प्रदेशमा अझै २४ प्रतिशत नागरिक साक्षर हुन बाँकी रहेका छन्। जनगणनाका तथ्याङ्क अनुसार प्रदेशमा रहेको कूल जनसंख्या १६ लाख ८८ हजार ४१२ मध्ये २४ प्रतिशत अर्थात् ४ लाख ५ हजार २१९ जना अहिले पनि निरक्षर छन्। साक्षरता तथा निरन्तर शिक्षा एवम् जीवनपर्यन्त शिक्षाका कार्यक्रम सञ्चालन गर्न संविधानतः स्थानीय तहलाई अधिकार प्रदान गरिएको छ भने संघ र प्रदेश सरकारले समेत यो कार्यक्रममा साझा अधिकारलाई प्रयोग गर्दै सहयोग र सहजीकरण गरिरहेको अवस्था छ। देशभर २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू अनौपचारिक शिक्षाको महत्वपूर्ण अङ्ग भई काम गरिरहेका छन् भने गाउँपालिकामा सामुदायिक सिकाइ केन्द्रहरूले विद्यालय शिक्षाको पहुँचमा नपुगेका व्यक्तिका लागि प्राथमिक शिक्षा विस्तार कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, खुला शिक्षा (निम्नमाध्यमिक र माध्यमिक), खुला विश्वविद्यालयबाट सञ्चालित खुला सिकाइका कार्यक्रमहरू समेत सञ्चालनमा छन्।

### ३.४.२ वर्तमान अवस्था

राष्ट्रिय जनगणना - २०७८ अनुसार यस सान्नी त्रिवेणी गाउँपालिकाको जम्मा जनसंख्या १३४९१ (पुरुष ६५८ - ४८.८%) र महिला ६९०३ - ५१.२%) रहेको छ भने जम्मा घरपरिवार संख्या २४२२ भएको छ। सान्नी त्रिवेणी गाउँपालिकामा साक्षरता दर ७०.२ रहेको छ जसमा ६२.८ प्रतिशत महिला र ७८.१ प्रतिशत पुरुष रहेका छन्। यो गाउँपालिकाको अपाङ्गता प्रतिशत ५ रहेको छ। यो सबै अवस्थालाई हेर्दा विभिन्न सिपमूलक तालिमबाट निरक्षर रहेको प्रत्येक व्यक्तिलाई सिपमा जोड्न सके मात्र यस गाउँपालिकाको समुन्नति हुने देखिन्छ। सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो। मानिसहरू औपचारिक, अनौपचारिक र अतिरिक्त पद्धतिका माध्यमबाट केही न केही नयाँ कुराहरूको सिकाइ जीवनमा भरि नै रहेको हुन्छ। यसै कुरालाई मध्यनजर गर्दै सान्नी त्रिवेणी गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवन पर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरेको छ। पढाइ लेखाई र सामान्य गणितीय सीपको सहयोगले कृषि, उद्यम, व्यापार लगायत धेरै प्रकारका पेशा व्यवसाय सञ्चालनमा ठूलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तरकै सामग्रीहरूको निर्माण गरी सिकाइका अनुभवहरूलाई उपयोग गर्ने गरी जीवन पर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ। हालसम्म यस गाउँपालिकामा ३ वटा सामुदायिक सिकाइ केन्द्रको स्थापना भएको छ। जहाँ विभिन्न किसिमका साक्षर कक्षा तथा आजीवन सिकाइका क्रियाकलाप सञ्चालनमा रहेका छन्।

### ३.४.३ चुनौती तथा अवसर

सबै व्यक्तिहरूलाई कार्यमूलक नीति साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, अनौपचारिक ढङ्गले साक्षर भएका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई नवीनतम प्रविधिसँग तादम्यता गर्नु, समाजमा पठन संस्कृतिको विकास गर्नु, निरन्तर शिक्षा आय आर्जन र जीवनोपयोगी सिपसँग जोडेर प्रदान गर्नु, विद्यालय शिक्षाबाट बञ्चित व्यक्तिका लागि खुला शिक्षाको पहुँच अभिवृद्धि गर्नु आदि अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका चुनौतिका मुख्य विषयहरू हुन्। प्राथमिक तहदेखि उच्च तहसम्मको शिक्षा खुला तथा दूर शिक्षा पद्धतिबाट प्रदान गरीदै आएको छ। उच्च तहको शिक्षा प्रदान गर्न खुला विश्वविद्यालय समेत स्थापना भई विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। यो क्षेत्र तीनवटै तहका सरकारको साझा अधिकार भित्र पर्ने क्षेत्र भएकाले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सक्ने अवस्था विद्यमान रहेको छ।

गाउँपालिकामा हुने हरेक क्रियाकलापमा सम्बन्धित क्षेत्रसँग पहल गर्दै नीति तथा कार्यक्रममा पनि हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी पालिका स्तरबाट कृषि, पशु, रोजगार, सहकारी, महिला विकास आदि शाखाबाट बजेट विनियोजित भएको छ। शिक्षा जीवनभरि चलिरहने प्रक्रिया भएको कारण र समय परिवर्तनशील र प्रगतिशील भएको कारणले यस सान्नी त्रिवेणी बासीहरूको मागअनुसारको सीपमा जोड्न कृषि तालिम, प्रविधि विस्तार र प्रसार, उद्यम तथा रोजगार सिर्जनाको लागि र युवाहरूलाई स्वदेशमै बस्ने वातावरण सिर्जनाको लागि नीतिगत रुपमै पालिकाले योजना बनाई कर्यान्वयनमा ल्याएको छ।

### ३.४.४ उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रको सवलीकरण गर्दै आवश्यकता अनुसार स्थापना गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु।
- अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु।
- शिक्षाबाट बञ्चित भएका युवा तथा प्रौढहरूलाई शिक्षाको मूलधारमा ल्याउनु।
- आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मूलधारमा ल्याउनु।

### ३.४.५ रणनीत

- औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने,
- सबै उमेर समूहका नागरिकलाई आजीवन पर्यन्त शिक्षाको व्यवस्था गर्ने,
- शिक्षकहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रूपमा बोलिने भाषाहरूलाई व्यावहारिक रूपमा अन्तरसंवादको रूपमा अगाडि बढाइनेछ।
- सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी आवश्यकता अनुसार स्थापना गर्दै अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिने।
- गाउँपालिका भित्रका विद्यालयहरू मार्फत विद्यार्थी परिचालन द्वारा साक्षर, निरक्षरको अवस्था पहिचान र अभिलेखिकरण गरिने।
- साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार तथा अन्य संघसंस्थाहरू सँग सहकार्य र साझेदारिमा कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिने।
- विज्ञान र प्रविधिले ल्याएका खोज र अनुसन्धान, विपन्न र परम्पराबादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यावहारिक बनाइने।

- प्राविधिक शिक्षालय मार्फत समाजमा औपचारीक शिक्षाबाट बञ्चित भएका व्यक्तिहरुलाई छोटो अवधि को तालिमहरू दिई व्यवसायिक बनाइने ।• सामुदायिक सिकाइ समूह मार्फत समूहका सदस्यहरूलाई परिचालन गरी सिकाइ र सिप विकास कार्यक्रमहरू विस्तार गरिने ।
- जेष्ठ नागरिक सिकाइ केन्द्रहरूको स्थापना गरी सांस्कृतिक कार्यक्रम मार्फत सिकाइलाई जोड दिने ।

### ३.४.६ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गरी सबै नागरिकलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सिर्जना गरी रोजगारीको अवसर सिर्जना भएको हुनेछ ।
- आगामी वर्षभित्र साक्षर गाउँपालिका घोषणा भएको हुनेछ । पालिकास्तरमा पठन संस्कृति विकासका लागि सार्वजनिक पुस्तकालय स्थापना तथा सञ्चालन भएका हुनेछन् ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र स | प्रमुख नतिजा | लक्ष | आधार वर्ष २०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रत्यक वडामाएकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने | ९ | १ | २ | २ | २ | २ |
| २ | सान्नी त्रिवेणी गाउँपालकामा साक्षरता दर बढाउने | ९६.८ | ७०.१ | ८१.२ | ८६.८ | ९२.४ | ९६.८ |
| ३ | पुस्तकालयको स्थापना गर्ने | | ० | १ | १ | १ | १ |
| ४ | जेष्ठ नागरिक सिकाइ केन्द्र स्थापना गर्ने | ५ | ० | १ | १ | १ | १ |
| ५ | साक्षर, निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्यांक संकलन भइ अद्यावधिक हुने | ० | १ | १ | १ | १ | १ |
| ६ | सामुदायिक सिकाइ केन्द्र सवलीकरण तथा नयाँ स्थापना भई निरन्तर शिक्षा तथा आय आर्जन कार्यक्रम सञ्चालन हुने | २ | ० | १ | ० | १ | ० |
| ७ | निरक्षर साक्षर हुने, साक्षरले निरन्तर शिक्षा र जीवनोपयोगी सिप प्राप्त गर्ने | ० | ३४८७ | १००० | १००० | १००० | ४८७ |
| ८ | महिला तथा प्रौढहरु आयआर्जन गरी जीवन निर्वाह र स्वावलम्वी तथा आत्मनिर्भर हुने प्रत्येक नागरिकले सिप सिकी रोजगारी स्वरोजगार तथा उद्यमी बन्ने । | ५०० | १०० | १०० | १०० | १०० | १०० |

**प्रमुख क्रियाकलाप अनुसार लक्ष्य योजना तालिका**

| क्र.स | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाई | लक्ष्य | परिमाणात्मक लक्ष्य ५ वर्ष | | | | | जम्मा | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | | |
| १ | अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन | पटक | १० | १ | २ | २ | १ | १ | ७ | ३ |
| २ | वडामा एकएक ओटा सामुदायिक सिकाइ केन्द्र स्थापना/सुचारु | वाट | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि तालिम र अनुदान | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | प्रौढहरुलाई सिप विकास तालिम र आयआर्जनका कार्यक्रम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ५ | सामुदायिक सहजकर्ताहरूको पारिश्रमिक बृद्धि | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | पुस्तकालय | वटा | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | छोटो अबधिको तालिम | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |

### ३.५ प्राविधिक शिक्षा र व्यावसायिक तालिम

#### ३.५.१ परिचय

प्राविधिक र व्यावसायिक शिक्षा सिप विकास र आय आर्जनसँग जोडिएको हुन्छ। यसले मानिसलाई कामको संसारसँग जोड्ने कार्य गर्दछ, जसलाई सरल भाषामा "गरिखाने शिक्षा" भन्न सकिन्छ । यस प्रकारको शिक्षा व्यक्तिलाई व्यवहारिक र रोजगार उन्मुख बनाउनको लागि दिइन्छ, र यसले सिपयुक्त जनशक्तिको विकासमा योगदान पुर्याउँछ । उदाहरणका लागि, सिकर्मी, डकर्मी, डाक्टर, भेटनरी, जे.टी., इन्जिनियर र अन्य सिपयुक्त जनशक्ति तयार पार्ने शिक्षालाई प्राविधिक र व्यावसायिक शिक्षा भनिन्छ । नेपालमा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको महत्त्व बुझ्दै पछिल्लो समयमा साधारण शिक्षा र प्राविधिक शिक्षा बीच सन्तुलन राख्नको लागि उल्लेखनीय लगानी वृद्धि गरिएको छ । अहिले कृषि, भेटनरी, इन्जिनियरिङ, चिकित्सा विज्ञान, कम्प्युटर विज्ञान लगायतका क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च रहेको छ । यसैले प्राविधिक र व्यावसायिक शिक्षा र सिप विकासका कार्यक्रमहरूमा व्यापक लगानी गरी सबै वर्गका व्यक्तिहरूको समतामूलक पहुँच, सहभागिता र सिकाइको सुधार गर्नु आवश्यक देखिन्छ।

राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार, श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङ्कन गर्ने र स्थानीय तहमा प्राविधिक र व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको स्थापना गर्ने योजना बनाइएको छ । साथै, प्रत्येक प्रदेशमा प्राविधिक र व्यावसायिक शिक्षा र सिपको प्रयोगशाला सहितका अनुसन्धान शालाहरू स्थापना गर्ने योजना अघि सारिएको छ। शिक्षाका यस क्षेत्रका विकासका लागि १६ औं आयोजनाले प्राविधिक र व्यावसायिक शिक्षा परिषदलाई संघीय संरचना अनुरूप पुनः संरचना गर्ने, शिक्षालयहरूलाई सुदृढीकरण गर्ने, र राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। प्राविधिक र व्यावसायिक शिक्षाको औपचारिक सुरुवात वि.सं. १९९९ मा स्थापित प्राविधिक तालिम शिक्षालय (पुल्चोक इन्जिनियरिङ कलेज)बाट भएको हो । नेपालमा विद्यालय तहमा व्यावसायिक सीप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ मा सुरु भएको थियो। नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउनेमा महत्वपूर्ण योगदान पुर्याएको छ।

#### ३.५.२ वर्तमान अवस्था

सान्नी त्रिवेणी गाउँपालिकामा प्राविधिक शिक्षा र व्यावसायिक तालिम सम्बन्धी कार्यक्रमको अवस्था कमजोर रहेको छ । श्री कालिका माध्यमिक विद्यालय, कालिकोट कृषि प्राविधिक (वाली विज्ञान) लगायतका तालिम कार्यक्रमहरू विद्यार्थी अभावका कारण बन्द हुने अवस्थामा छन् । यस गाउँपालिकामा प्राविधिक शिक्षा र व्यावसायिक तालिमको विस्तारको आवश्यकता देखिन्छ । विद्यालयको भौतिक पूर्वाधारका आधारमा प्राविधिक र व्यावसायिक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नका लागि विभिन्न प्रयास र स्रोतहरूको व्यवस्था गर्नुपर्ने आवश्यकता छ । यसले गाउँपालिकामा बेरोजगारी घटाउन र आर्थिक विकासमा मद्दत पुर्याउन सक्छ।

#### ३.५.३ चुनौती र अवसरहरू

- प्राविधिक शिक्षा र व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्नका लागि स्रोत र व्यवस्थापनमा समस्या,
- श्रम बजार र उत्पादित जनशक्तिको बीचको तालमेल,
- छोटो अवधिको तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमन,
- प्राविधिक शिक्षा सबै वर्गका नागरिकको पहुँचमा पुर्याउनु,
- उद्यमशीलता र सिप विकासमा ध्यान केन्द्रित गर्नु।

तर, माथीका चुनौतीहरूको बीचमा तपशिलमा उल्लेखित गरे अनुसारका केही अवसरहरू पनि छन्:

- प्राविधिक शिक्षा र व्यावसायिक तालिमका क्षेत्रहरूमा गाउँपालिकाको लगानी,

- प्राविधिक शिक्षा प्रति सरोकारवालाहरूको चासो बढ्नु,
- छात्रवृत्तिको व्यवस्था गरी गरिव र जेहेन्दार विद्यार्थीहरूको लागि प्राविधिक शिक्षा अवसरहरू प्रदान गर्नु,
- सरकारी कार्यक्रमहरू जस्तै "पढदै कमाउदै" कार्यक्रमलाई प्राथमिकतामा राख्नु।

**३.५.४ उद्देश्यहरू**

१. प्राविधिक र व्यावसायिक तालिमको अवसर र वातावरण तयार गर्नु।

२. प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्राप्त जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी र स्वरोजगारीका अवसरहरू उपलब्ध गराउनु।

**३.५.५ रणनीतिहरू**

१. समायोजित र समकालीन प्राविधिक शिक्षा र व्यावसायिक तालिम कार्यक्रमको विस्तार गर्न पहल गर्ने ।

२. माध्यमिक तहका विद्यार्थीहरूको मागमा आधारित प्राविधिक शिक्षा र व्यावसायिक सिप विकासमा सहभागिता सुनिश्चित गर्ने।

३. स्वरोजगारका अवसरहरूको विस्तार गर्ने।

४. विपन्न र समाजिक दृष्टिले कमजोर विद्यार्थीहरूका लागि छात्रवृत्ति र अन्य सुविधाहरूको व्यवस्था गर्ने।

५. श्रम बजारको माग र उत्पादित जनशक्ति बीचको तालमेल मिलाउने।

**३.५.६ उपलब्धिहरू र प्रमुख नतिजाहरू**

- प्राविधिक शिक्षा र व्यावसायिक तालिमका क्षेत्रहरूको विस्तारीकरण।
- बेरोजगार युवाहरूलाई सिप र रोजगारका अवसरहरू प्राप्त हुने।
- स्थानीय स्तरमा रोजगार र स्वरोजगारीका अवसरहरूको सृजन।

| क्र. स. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालयको संख्या | २ | ० | १ | ० | ० | ३ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | १२० | १४० | १६० | १८० | २०० | ८०० |
| ३ | पढ्दै कमाउदै कार्यक्रममा सहभागी विद्यार्थी संख्या | ० | १० | ३० | ५० | ८० | १७० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारीमा लागेका युवाहरुको संख्या | ० | ५० | १०० | १५० | २०० | ५०० |
| ५ | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रबर्द्धन भएका परम्परागत सिपहरूको संख्या | १५ | १० | ५ | १० | ५ | ४५ |
| ६ | प्राविधिक धार पढाईहुने विद्यालहरुको संख्या | १ | १ | १ | १ | १ | १ |

### ३.५.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्षे ) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने तथ्याङ्क संकलन, खण्डीकरण तथा तयारी गर्ने | पटक | ५ | १ | २ | ३ | ४ | ५ | | |
| २ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा गर्ने | पटक | १ | ० | १ | - | - | - | १ | |
| ३ | प्राविधक शिक्षा सञ्चालन भएका विद्यालयहरूको न्यूनतम भौतिक पूर्वाधार विकास तथा सुधार गर्ने | विद्यालय | २ | ० | १ | - | १ | - | २ | निरन्तर |
| ४ | प्राविधिकधारका माध्यमिक (कक्षा ९-१२) विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ३ | नवप्रर्वधनात्मक तथा पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | विद्यालय | ३० | ० | १० | १० | ५ | ५ | ३० | ३० |
| ५ | छोटो अवधिका सिपमूलक व्यावसायिक तालिम सञ्चालन | जना | ४०० | ५० | ७५ | ७५ | ७५ | ७५ | ३५० | ५० |
| ६ | प्राविधिक शिक्षा सञ्चालनका लागि शिक्षक व्यवस्थापन गर्ने | जना | १५ | ३ | ५ | ३ | ३ | ३ | १४ | १ |
| ७ | प्राविधिक शिक्षा पढन चाहने अति विपन्न, अपाङ्गता भएका, लोपोन्मुख तथा अनाथ विद्यार्थीहरुका लागि छात्रबृत्ति प्रदान गर्ने | जना | ५० | १० | ७ | ७ | १० | ६ | ४० | १० |
| ८ | स्थानीय परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रबर्द्धन कार्यक्रम गर्ने | पटक | ८ | ० | १ | १ | १ | १ | ४ | ४ |
| ९ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धि कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| १० | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि आवश्यक सहयोग प्रदान गर्ने | जना | ५० | १० | १० | १० | १० | १० | ५० | निरन्तर |

# परिच्छेद– ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री, तथा मूल्याङ्कन

### ४.१.१ परिचय

नेपालमा विद्यालय शिक्षाको पाठ्यक्रम विकास वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजनासँगै सुरु गरिएको थियो । पाठ्यक्रम दस्तावेजीकरणको सुरुवात गर्दै शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना गरियो । वि.सं. २०६३ मा विद्यालय शिक्षाको मार्गदर्शन गर्ने राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरियो। यसले विद्यालय शिक्षामा सुधार र अद्यावधिकको प्रक्रिया अघि बढायो। वि.सं. २०७६ मा नयाँ राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरिएपछि कक्षा १ र ११ का लागि नयाँ पाठ्यक्रम वि.सं. २०७७ देखि लागू भयो। योजना अनुसार, वि.सं. २०८० सम्म कक्षा १–१२ मा यो पाठ्यक्रम पूर्ण रूपमा कार्यान्वयन हुनेछ। पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तकबाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी आफ्नो वेबसाइटमा उपलब्ध गराएको छ। साथै, प्रारम्भिक कक्षा पढाइ कार्यक्रमअन्तर्गत तयार गरिएका सन्दर्भ सामग्री विद्यालयहरूमा पुर्याइएको छ। यद्यपि, सामग्रीहरूको अद्यावधिक र प्रयोग सीमित रहेको देखिन्छ। कक्षा १–५ का लागि २७ विभिन्न मातृभाषामा पाठ्यपुस्तक तयार गरिएको छ। तर, स्रोत र जनशक्तिको अभावले थप सामग्री विकास र मातृभाषाका सामग्रीको प्रयोगमा चुनौती उत्पन्न भएको छ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले स्थानीय कला, संस्कृति, भाषा, र परम्परालाई प्राथमिकतामा राखेर जीवन उपयोगी सीपहरू समेटेको छ। कक्षा १–३ मा विषयवस्तुहरूलाई एकीकृत गर्दै, व्यवहारिक अभ्यास र सामुदायिक क्रियाकलापलाई समेट्ने प्रयास गरिएको छ। सिकाइको माध्यम भाषामा मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोगलाई प्राथमिकता दिइएको छ। सूचना तथा सञ्चार प्रविधिको एकीकरण गर्दै, शिक्षण विधिलाई सक्षमतामा आधारित बनाइएको छ। विद्यार्थी मूल्याङ्कनलाई निरन्तर पृष्ठपोषणका रूपमा समावेश गरिएका छन्। विद्यालय शिक्षाले नागरिकता शिक्षा, रोजगारीका लागि सीप विकास, र उच्च शिक्षा तयारीका लागि विभिन्न अनिवार्य र ऐच्छिक विषयहरू समेटेको छ। प्राविधिक धारका अध्ययनलाई समेत पाठ्यक्रममा स्थान दिइएको छ। यसका साथै, विद्यालय शिक्षाको गुणस्तर वृद्धिका लागि हरेक पाँच वर्षमा पाठ्यपुस्तक परिमार्जन गर्ने, व्यावहारिक ज्ञान र सीप विकासका कार्यक्रम समावेश गर्ने, र अतिरिक्त क्रियाकलापहरू जस्तै खेलकूद, योग, ध्यान आदिलाई पाठ्यक्रममा जोड्ने लक्ष्य लिइएको छ।

### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा सो अनुरूप विकास गरएिको पाठ्यक्रमका उल्लिखित परिर्वतन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप तयारी तथा क्षमता विकास आवश्यक छ । यसका लागि शिक्षकको तयार, क्षमता विकासको अवसर उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना, स्थानीय लगायत सबै तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ । समस्त पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्रीलाई सान्दर्भिक तथा उपयोगी बनाउन अध्ययन तथा अनुसन्धानका नतिजामा आधारित बनाउन सकिएको छैन । विद्यालय तहको कक्षा ९ देखी नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरूरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षणसिकाइ तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । अझ औपचारीक शिक्षा पद्धतिमा पाठ्यक्रमद्धारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियामा संचालित हुनु पर्दछ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन - कुन विषयवस्तु सिकाउने भन्ने कुरा सँग मात्र सम्बन्धीत नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गगर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो । पाठ्यक्रमको

माध्यमबाट प्राप्त हुने शिक्षा अर्थात ज्ञान, सिप तथा अभिवृत्तिको माध्यमबाट ब्यक्तिलाई समाज तथा विश्व परिवेश अनूकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ। फेरी पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरएिको हुनाले यसले सामाजिक मूल्य मान्यता तथा व्यवहारलाई सान्दर्भिक सहित आत्मसात् गर्न, विभेदरहीत, समतामूलक र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न आफ्नो र अरूको अधिकार र कर्तव्य प्रति सचेत रहन र सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नुपर्छ। यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्ग दर्शन गर्ने आधार भएकाले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनु पर्दछ। मानविय आवश्यकता, बालबालिका रूची, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाका नीति लिनु आवश्यक छ। सोह्रौ आवधिक योजनाले विद्यालय तहको शिक्षाको गुणस्तर वृद्धि गर्न हरेक ५ वर्षमा पाठ्य पुस्तक परिमार्जन गर्ने ; अग्रेजी, गणित तथा विज्ञान शिक्षक उपलब्ध गराउने; व्यावहारिक ज्ञान र सीप विकासको लागि इन्टरशिप, पढ्दै कमाउदै लगायतका क्रियाकलापलाई पाठ्यक्रममै समावेश गर्ने; विद्यालय तहदेखि नै खेलकूद तथा कलाका साथै योग र ध्यानलाई समेत अतिरिक्त क्रियाकलापको रूपमा सञ्चालन गर्ने; उच्च शिक्षाको रूपान्त्रण र गुणस्तर अभिवृद्धिको लागि प्रदेशगत स्वरूपमा एक विश्वविद्यालय अन्तरगत हालका सबैजसो विश्वविद्यालय तथा तिनका क्याम्पसहरू लाई गाभी चुस्त रूपमा सञ्चालन ; विश्वविद्याालयहरू लाई प्रतिस्पिर्धि बनाउने; विश्वविद्यालयहरूमा इन्कुबेसन केन्द्र स्थापना गर्ने ; स्टार्ट -अप, पेटेन्ट अधिकार, व्यावसायिक पर्यावरण निर्माण गर्ने ; उच्च शिक्षालाई अनुसन्धानसँग जोड्ने; बजारको मागअनुसारको सीप तथा क्षमता भएका प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादनमा बढी जोड दिने कुरामा जोड दिएको छ। शिक्षक सेवामाप्रवेशका लागि तालिमको अनिवार्यता र सेवामाप्रवेश गरीसकेपछि पनि निश्चित अवधिमाशिक्षकको पेसागत विकास (टिपिडि) तालिम लिनुपर्ने प्रावनधानबाट शिक्षण सिकाइमासुधारका प्रयास गरियको छ ता पनि पाठ्यक्रमको परिवर्तित सन्दर्भमा शिक्षण सिकाइ कार्यको प्रभाभकारी तथा शिक्षकको तयारी, विकास, कार्यकुशलता र उत्प्रेरणाका पक्षमा सुधारको आवश्यकता देखिन्छ। त्रैमासिक, अर्धवार्षिक र वार्षिक लिखित प्रकारका औपचारिक मूल्याङ्कनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कान पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटीको सुरूवात गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास गरएिको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका नीति सिकाइमा निरन्तर पृष्ठपोषण तयार गरी सिकाइ सुधार तयार गर्ने कार्यमा प्रभावकारी नीति प्रयोग गर्ने र परीक्षा लगायत मूल्याङ्कनका साधन विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ। कक्षा ८- १० र ११–१२ मा सञ्चालन हुने बाह्य परीक्षालाई थप व्यवस्थित, बैध र विश्वसनीय बनाउनु पर्ने छ। त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि परीक्षण सम्बन्धी कार्य चरणबद्ध नीति भईरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधारका आधारका नीति प्रयोग गर्ने पद्धतिको विकास आवश्यक छ। प्राविधिक माध्यमिक शिक्षा केही परम्परागत शिक्षा तथा स्थानीय पाठयक्रम बाहेक अन्य सबै विषयमा पाठ्यक्रम अनुसार कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरू पाठयक्रम विकास केन्द्रले सम्बन्धित विषय शिक्षक तथा विज्ञहरूबाट लेखाई मुद्रणका लागि तयार गर्ने र जनक शिक्षा सामग्री केन्द्र तथा निज मुद्रक तथा वितरकबाट विद्यालयमा बिक्री वितरण हुने व्यवस्था रहेको छ। नेपाल सरकारले स्थानीय तह मार्फत् पाठ्यपुस्तक खरिदका लागि विद्यालयलाई रकम उपलब्ध गराई सामुदायिक विद्यालयमा कक्षा १–१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क नीति पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ। विकल्प विहिन र प्रतिस्पर्धा विना तयार हुने यस्ता पुस्तकहरूमा विविध पक्षमा कमजोरी हुन सक्ने सम्भावनालाई निर्कान सकिन्न। विगत केही वर्ष देखि कक्षा १–३ प्राराम्भ गरी कक्षा १–५ सम्म पुर्याइएको रङ्गीन पाठ्यपुस्त छपाई गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेको छ भने पाठ्यपुस्तक छपाईका लागि प्रयोग गरिने कागजको गुणस्तरमा पनि सुधार गरियको छ। यसका लागि पुस्तक डिजाइन र मुद्रणमासुधार आवश्यक देखिन्छ। त्यसैगरी स्पेसिफिकेसन अनुसारको कागज तथ मुद्रणको गुणस्तर सुनिश्चत गर्नु उत्तिकै आवश्यक छ। यसले गर्दा गाउँपालिकाका बिधार्थीहरूका लागि सिकाइ सहजीकरणमा टेवा पुग्ने अबश्य देखिन्छ। सान्नी त्रिवेणी गाउँपालिकाको कक्षा १ देखि ३ सम्मका गाउँपालिकाले स्थानीय परिवेश रीतिरिवाज चालचलन धार्मिक र ऐतिहासिकताका आधारमा बार्षिक नीति स्थानीय पाठ्यक्रम बनाएर लागु भइरहेको छ। अरू सबै तहका पाठ्यपुस्तकहरू पाठ्क्रम विकास केन्द्रले तयारपारी देश भर एकरूपता ल्याइरहेको छ। पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतीय प्रति तयार गरी पाठ्यक्रम विकास केन्द्रको वेवसाईटमा राखिएको तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले

निर्माण तथा सञ्चालन गरेको विद्युतीय सिकाइ पोर्टलमा उक्त सिकाइ सामग्रीहरू राखिएका छन् । माध्यमिक तहको प्राविधिक धारतर्फ पनि विषयगत सिकाइ तथा स्रोत सामग्री विकास गरी वेवसाईटमा राखिएका छन् । मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमका महामारी र विपद्को बेलामा विभिन्न विधि र माध्यम (अनलाईन, अफलाईन, मुद्रित..) मापाठ्यसामग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्ससथा कोभिड–१९ को प्रभावले सिकाइमा भएको अवरोध तथा सिकाइ सामग्रीको अपर्याप्तता देखाइएको छ । सधैँ आमने सामने विधिमा मात्र भर नपरी शिक्षण सिकाइ तथा मूल्याङ्कनकाक्रममा पनि अन्य वैकल्पिक विधि र माध्यम आवश्यक देखिएको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी प्रारम्भिक कक्षाहरूमा एकीकृत ढाँचा सहित विद्यालय तहको पाठ्यक्रम सुधार तथा परिमार्जन गर्ने, गणित, विज्ञान तथा अङग्रेजी विषयमा केही डिजिटल सिकाइ सामग्री तयार गर्ने, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका परिमार्जन गर्ने, विद्यालय तहको शिक्षण सिकाइमा माध्यम भाषा सम्बन्धी नीतिगत स्पष्टता गर्ने, प्रारम्भिक पढाइ कार्यक्रमका लागि आवश्यक सिकाइ सामग्री जस्ता कार्यक्रमहरू समावेश गरीएअनुसार लक्षित कार्यक्रम सम्पन्न भएका छन् । जीवनपर्यन्त सिकाइ कार्यक्रमहरूको प्रमाणीकरण तथा समकक्षताका माध्यमबाट अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्ने कार्यलाई सुदृढ गर्ने कार्य राष्ट्रिय योग्यता प्रारूप मार्फत व्यवस्थित गर्ने प्रस्ताव गरएिकोलेले यस अनुसार कार्यान्वयनको विस्तृत खाका तयार गरी कार्यान्वयन प्रारम्भ गर्नुपर्ने आवश्यक देखिन्छ ।

**४.१.३ उद्देश्य**

(क) पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाउँदै समृद्ध नेपाल निर्माणका लागि सक्षम, सिर्जनशील र प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग पुर्याउनु

(ख) अनुसन्धान र जीवन्त अनुभवमा आधारित पाठ्यक्रम विकास र कार्यान्वयन गर्नु

(ग) सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित बनाउँदै र विषयवस्तुलाई आपसमा जोडेर सिकाइ क्रियाकलापहरू सञ्चालन गर्नु

(घ) पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार विद्यार्थीहरूमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु

(ङ) विद्यार्थीहरूको सिकाइ समस्याको समाधान खोज्दै निरन्तर आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु

**४.१.४ रणनीतिहरू**

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन गर्नु ।

२. पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाउँदै समृद्ध नेपाल निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्न पाठ्यक्रम विकास र कार्यान्वयन प्रक्रियालाई अनुसन्धान र आवधिक मूल्याङ्कनमा आधारित बनाउने ।३. ज्ञानमा आधारित समाज, सूचना र सञ्चार प्रविधिको विकास र प्रयोग, साथै शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्वपरिवेशको आधारमा पाठ्यक्रमलाई समसामयिक र व्यवहारिक बनाउनका लागि पाठ्यक्रमको मूल्याङ्कन गरेर आवश्यक सुधार, परिमार्जन र समायोजन गर्ने ।

४. पाठ्यक्रम र पाठ्यपुस्तक विकास प्रक्रियालाई बढी सहभागीमूलक बनाउँदै स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउने, र विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गर्दै परीक्षणका नीति कार्यान्वयनमा ल्याउने ।

५. संघ र प्रदेश सरकार तहबाट पाठ्यक्रम विकास र कार्यान्वयनका लागि संरचनागत र पेसागत सक्षमता अभिवृद्धि गरी उचित कानूनी र नीतिगत व्यवस्था गरिनेछ ।

६. राष्ट्रिय पाठ्यक्रम प्रारूपको अनुसार प्रदेश र स्थानीय सरकारलाई विद्यालय तहको पाठ्यक्रम विकास र कार्यान्वयनका लागि सक्षमता विकास गराउने ।

७. विपत, महामारी र संकटका बेला सिकाइको निरन्तरता सुनिश्चित गर्न सामुदायिक विद्यालयको संरचनागत सुधार, शिक्षकको पेशागत सक्षमता विकास र सिकाइ सामग्रीको विकास गरिनेछ ।

८. शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री र विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन र सन्दर्भ सामग्रीहरूको विकास गरी डिजिटाइज्ड अनलाइन सिकाइ पोर्टलमार्फत उपलब्ध गराइनेछ।

९. पाठ्यक्रम विकास र कार्यान्वयनमा अभिभावक, शिक्षक, विद्यार्थी, समाजसेवी, विद्यालय व्यवस्थापन पदाधिकारी, बुद्धिजीवी, शिक्षा प्रेमी, परम्परागत ज्ञान र सिपका ज्ञाता, र अनुसन्धानकर्ताहरूको सहभागीता र भूमिका वृद्धि गरिनेछ।

१०. पाठ्यपुस्तक गुणस्तर सुधार गर्न प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरिनेछ।

११. पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेसागत सक्षमता विकासलाई निरन्तरता दिइ बहुपाठ्यपुस्तक नीति कार्यान्वयन गरिनेछ।

१२. परम्परागत नीति प्रचलनमा रहेका पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइलाई बालकेन्द्रित, लैङ्गिक र अपाङ्गता मैत्री बनाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्दै सहमागिता मूलक, अन्तरक्रियात्मक, खोजमूलक र समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिनेछ।

१३. बालबालिकाको सिकाइलाई भाषाका कारण अवरोध नहोस् भन्ने उद्देश्यले स्थानीय भाषा छनोट गरिनेछ। विशेषतः प्रारम्भिक कक्षाहरूमा सिकाइ सहजीकरणका लागि मातृभाषा, स्थानीय भाषा र बहुभाषा प्रयोगलाई प्राथमिकता दिइनेछ।

१४. विद्यालयहरूलाई वैकल्पिक र बहुकक्षा शिक्षण सिकाइ अनुरूप शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम बनाइनेछ।

१५. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरी पाठ्यक्रम कार्यान्वयनका समस्याहरूलाई कार्यान्वयन तहमा नै समाधान गर्दै शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाइनेछ।

१६. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने र सिकाइ उपलब्धिमा सुधार गराइनेछ।

१७. सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार र प्रविधिमा आधारित शिक्षण सिकाइका लागि आवश्यक पूर्वाधार विकास गरिनेछ।

१८. प्रत्येक सामुदायिक विद्यालयमा एक सूचना सञ्चार र प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी शिक्षक र विद्यार्थीलाई प्रविधिको प्रयोगमा थप ज्ञान सिप विस्तार गर्ने अवसर सुनिश्चित गरिनेछ।

१९. स्थानीय र मातृभाषामा आधारित पाठ्यक्रम र पाठ्यसामग्रीको विकास र प्रयोगलाई व्यवस्थित गर्न गाउँपालिका र विद्यालयको सक्षमता विकास गरिनेछ।

२०. गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका लागि आवश्यक संरचना विकास गरी समन्वयात्मक अनुगमन र पृष्ठपोषण कार्यदल बनाइ व्यवस्थापन गरिनेछ।

२१. अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम र सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गरिनेछ र साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ।

२२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृद्धिविकाससँग जोड्दै पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिनेछ।

२३. आधारभूत र माध्यमिक तहमा हुने सार्वजनिक परीक्षामा सुधार गरिनेछ।

### ४.१.५ प्रमुख उपलब्धि, नतिजा, क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने।

#### ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१ | ०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | एकिकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |
| २ | परीक्षामास्तरीकृत प्रश्न प्रयोग गर्ने सख्या | ३० | ३० | ३० | ३० | ३० | ३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय विद्यालय सँभाषामाकक्षा सञ्चालन गर्ने विद्यालय | ० | १ | १ | १ | १ | १ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ५ | १० | ५ | ७ | ३ | ३० |

**४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पाठ्यक्रमले तोकेअनुसारका सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यकतामा आधारित शिक्षक क्षमता विकास तालिमको प्रबन्ध गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | शिक्षक पेसागत सहयोगका लागि शिक्षक सिकाइ समूहको गठन, कक्षा अवलोकन तथा विज्ञ समूहको परिचालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ३ | राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार विद्यार्थीको नियमित मूल्याङ्कन गरी सिकाइमा सुधार ल्याउन कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन पद्दति अवलम्बन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालयमा सहपाठी सिकाई समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५ | शिक्षण सिकाइलाई प्रविधिमैत्री तथा गुणस्तरीय र युग सुहाउँदो बनाउनका लागि विद्यालयमा डिजिटल सामग्री एवम् सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने | पटक | २५ | १ | ३ | ५ | ७ | ८ | २४ | १ |
| ६ | आधारभूत विद्यालयहरुमा क्रमश: पुस्तकालयको स्थापना गर्ने | सङ्ख्या | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ७ | कक्षा १ देखि १२ सम्मका सबै विद्यार्थीहरुका लागि समयमै गुणस्तरीय निशुःल्क पाठ्यपुस्तक वितरण गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ८ | शिक्षण सिकाइमा पाठ्यपुस्तकका अतिरिक्त प्रयाप्त सन्दर्भ सामग्रीको प्रयोगका लागि प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरी त्यसको शिक्षणमा प्रयोग गर्ने | विद्यालय | २९ | २९ | २९ | २९ | २९ | २९ | २९ | निरन्तर |
| ९ | तहगत रुपमा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गरी त्यसको सफल कार्यान्वियन गर्ने | सङ्ख्या | १ | ० | ० | १ | ० | ० | १ | निरन्तर |
| १० | शिक्षण सिकाइको माध्यम भाषाका रूपमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गर्ने | विद्यालय | ३ | ० | १ | ० | ० | १ | ३ | |
| ११ | पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र कार्यान्वियनको अवस्था बुझ्न एव कार्यान्वियनमा देखिएका समस्याहरुको समाधानका लागि समय समयमा सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यकताका आधारमा पृष्ठपोषण प्रदान गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक, दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमाथिको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षा, योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाटै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, र सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना र कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेसागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेका छन्।

वर्तमान अवस्थामामा शिक्षक तयार गर्ने कार्य विश्वविद्यालयहरू र विद्यालयहरूले गर्दै आएका छन्। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन्। यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमाबाट शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहले गर्दै आएका छन्। शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण र कस्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले, र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन्।

नेपालमा शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बीच शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य हुन सकेको छैन। यसैगरी देशमा विभिन्न तरिकाले नियुक्ति पाएका शिक्षकहरू, जस्तै शिक्षक सेवा आयोगबाट छनोट भइ नियुक्ति भएका स्थायी, अस्थायी, राहत अनुदानका, विद्यालयको निजी स्रोतबाट तलब सुविधा पाउने शिक्षक आदि रहेका छन्। विभिन्न प्रकारका शिक्षकहरूको सेवाको सर्त र सुविधा पनि फरक छन्। शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनका लागि मात्र गरिएको छ र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडेर शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने प्रयोजनमा प्रयोग गर्न सकिएको छैन।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा नीति विकास गर्ने, कक्षाकोठामा शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने, र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। यसमा शिक्षक व्यवस्थापन र विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतिहरूको पहिचान गरिनेछ। वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतिहरूको सामना गर्दै शिक्षक व्यवस्थापन र विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा कार्यक्रकमका उद्देश्य, रणनीतिहरू, अपेक्षित नतिजा र मुख्यमुख्य क्रियाकलाप र लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.२ वर्तमान अवस्था

शिक्षक पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अंक हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्न उल्लेख गरिएको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नु पर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा विकास गर्ने अवस्था सुधार हुँदै गएको छ। नियमित नीति र स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेसामाथि आकर्षण

बढेको छ । शिक्षक सेवा आयोगद्वारा सञ्चालन गरिएको परीक्षामा सहभागी हुने युवाहरूको उल्लेखनीय उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढेको प्रमाणित हुन्छ । आगामी दिनहरूमा निरन्तर शिक्षक पेसागत विकास, सहयोग, पूर्वानुमान योग्य सेवाका मापदण्ड, बढुवा प्रणाली, कार्यसम्पादन आधारित प्रोत्साहन, सुविधाहरू, दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली, विश्वविद्यालयमा सर्वश्रेष्ठ स्थान ल्याउन सफल, मेधावी र प्रतिभाशाली व्यक्तिहरूलाई शिक्षक पदमा प्रवेश गराउने कानुनी र प्रक्रियागत व्यवस्थाको सुनिश्चितता मार्फत शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा नीति विकास गराउनु आवश्यक देखिन्छ । शिक्षक सेवा आयोगको कामलाई थप प्रभावकारी बनाउन प्रदेशस्तरमा शिक्षक सेवा आयोग स्थापना गरी संस्थापन सुदृढीकरण गर्नु आवश्यक छ । अस्थायी र विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड र निर्देशिका निर्माण गरी प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ ।

**शिक्षक तयारी**

नेपालमा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका वि.एड. र एम.एड. कोर्सलाई शिक्षक तयारीको कोर्स वा प्राज्ञिक र व्यवसायिक योग्यता दुवै मानिएको छ । यस्ता पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरू त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयले सञ्चालन गर्दै आएका छन् ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विश्वका विभिन्न मुलुकहरूको अभ्यासलाई हेर्दा, मुख्य विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रमहरूमा सहभागी भइ सो पूरा गरेपछि मात्र शिक्षकका लागि योग्य मानिने प्रचलन पनि रहेका छन् । शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०४९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्थाअनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वि.एड. गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसैगरी, माध्यमिक तह कक्षा ११—१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर अनुमती पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ ।

सोह्रौँ योजनाले देशको लागि आवश्यक मानव पूंजी निर्माणका लागि दीर्घकालीन राष्ट्रिय आवश्यक जनशक्ति विकास योजना तर्जुमा गरी यसका आधारमा शैक्षिक कार्यक्रम निर्माण गर्ने संयन्त्र र पद्धतिको विकास गर्ने लक्ष्य राखेको छ । योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यताको पुनरावलोकन र आवधिक नीति योग्यताको परीक्षण गर्ने प्रणाली स्थापना गर्नुपर्ने उल्लेख गरेको भए पनि यो कार्य अझै हुन सकेको छैन । राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने उल्लेख गरिएको छ । यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबीचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

यसैगरी, विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीहरूलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रमको लागि भर्ना गर्ने व्यवस्था गर्नु उपयुक्त हुनेछ । विश्वविद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्दा शिक्षण सम्बन्धी व्यवहारिक कुशलतामा कमी देखिएको छ भने अर्कातिर, सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्नु पर्ने भएकोले दुवै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ । परिवर्तित कक्षा ११ र १२ को पाठ्यक्रममा सङ्काय संरचना नभएको अवस्थामा आगामी एक वर्षमा कक्षा १२ उत्तीर्ण गरी शिक्षक बन्नको लागि कम्तिमा एक वर्षे शिक्षक तयारी कोर्स व्यवस्था गरी सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ । तर, दीर्घकालीन नीति भने आधारभूत र माध्यमिक तहको शिक्षक बन्नको लागि क्रमशः न्यूनतम शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एक वर्ष शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने गरी कानुनी व्यवस्था गर्न उपयुक्त हुनेछ ।

**शिक्षणसिकाइ क्रियाकलाप**

बालबालिकाको सिकाइ उपलब्धि मुख्य रूपमा कक्षाकोठामा सञ्चालन गरिने शिक्षण-सिकाइ क्रियाकलापमा निर्भर गर्दछ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण-सिकाइ विद्यार्थीकेन्द्रित, प्रविधिमैत्री, परियोजनामा आधारित, समूहकार्यमा आधारित, र सामुदायिक क्रियाकलापमाआधारित बनाउन जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण-सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको छ।

नेपालमा विगत देखि हालसम्म सञ्चालित विभिन्न शिक्षा परियोजना र कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण-सिकाइमा सुधार ल्याइ शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको परिणामस्वरूप विद्यालयको शिक्षण-सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयासहरू भएका छन्।

सह्रौं योजनाले सबै विद्यालयमा इन्टरनेटको पहुँच सुनिश्चित गर्ने; प्रधानाध्यापक तथा शिक्षकको पेसागत विकास व्यवस्था गर्ने; शिक्षक विद्यार्थी अनुपातको पुनरावलोकन गरी विषयगत आधारमा प्रत्येक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था गर्ने; विश्वविद्यालयका प्रभावशाली विद्यार्थीलाई शिक्षण पेसामा प्रवेशको व्यवस्था गर्ने; आधारभूत तहको पाठ्यक्रमलाई स्थानीय तहको ज्ञान, संस्कृति, रहनसहन र स्वाबलम्बन विकाससँग मेल खाने गरी परिमार्जन गर्ने; नैतिक शिक्षा र सुशासन अभियानलाई सहयोग पुर्याउने, र बाल मनोविज्ञान अनुकूल पाठ्यक्रम अद्यावधिक गर्ने उल्लेख गरिएको छ। यसैगरी, विद्यार्थी सङ्ख्या र भौगोलिक दूरीलाई ध्यानमा राख्दै विद्यालयहरूलाई गाभ्ने र आवश्यकतानुसार आवासीय विद्यालयको व्यवस्था गर्ने; अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रबन्ध गर्ने; स्थानीय तहमार्फत शिक्षक सहायता प्रणाली र विद्यालय सुपरीवेक्षणको व्यवस्था गर्ने; दूर शिक्षा कार्यक्रम सञ्चालन गर्ने; सदाचारी जनशक्ति उत्पादन गर्ने गुरुकुल, आश्रम, गुम्बा, मदरसा जस्ता परम्परागत शिक्षा प्रणालीलाई मुख्य धारामा ल्याउने; अनिवार्य तथा नि:शुल्क शिक्षा ऐनको कार्यान्वयनको लागि तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्ने कुरा पनि योजनामा उल्लेख गरिएको छ।

योजना अनुसार, शिक्षण-सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएका विद्यालयहरूमा बहु-क्षेत्रीय शिक्षण व्यवस्था, कक्षाशिक्षण पद्धतिमार्फत पढाइ सिप प्रवर्धन, उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, प्रयोगात्मक सामग्री, र उपयुक्त कक्षाकोठा व्यवस्थापनका लागि तयारी गरिएको छ। विद्यालय शिक्षा क्षेत्र योजनाले शैक्षिक अभ्यासको सुधारमार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने विश्वास राख्छ। यो विद्यालय शिक्षा क्षेत्र योजनाको एउटा रणनीति पनि हो। गुणस्तरीय शिक्षण-सिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ। यस योजनाले बालकेन्द्रित तथा अन्तक्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तौर-तरिकाहरूको प्रयोगमा जोड दिएको छ।

विद्यालय शिक्षा क्षेत्र योजनाको अवधिमा कक्षाकोठामा शैक्षिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमाआधारित कस्टमाइज्ड तालिमहरू सञ्चालन गरी शिक्षण-सिकाइ क्रियाकलापमा सुधार ल्याउने प्रयास गरिएको छ। हजारौँ शिक्षकले पेसागत विकास तालिम प्राप्त गरेतापनि शिक्षकले तालिमका सिपको कक्षाकोठामा प्रयोग अपेक्षित रूपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औंल्याएका छन्। तालिममा सक्रिय सिकाइका तौर-तरिकाहरूका बारेमा जानकारी प्राप्त गरे पनि कक्षाकोठाको अभ्यासमा रूपान्तरण हुन नसकेको अवस्था छ। कतिपय विद्यालयका कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षिक सामग्रीको कमी, र उपयुक्त कार्य वातावरणको कमीका कारण कक्षाकोठाको शिक्षण-सिकाइमा अपेक्षित सुधार हुन नसकेको छ।

**शिक्षक पेसागत सहयोग पद्धति**

ग्रामिण विकासका लागि परियोजना तथा आधारभूत र प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेसागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएका थिए र क्रमशः तिनको संख्या विस्तार गरी १०५१ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेको थियो।

स्रोत केन्द्रहरूले आफ्नो सेवाक्षेत्रका विद्यालयहरूमाका कार्यरत शिक्षकहरूलाई नयाँ पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्बन्धी अभिमुखीकरण गर्ने, शैक्षिक विषय वस्तु प्रदान गर्ने, शिक्षकहरूसँग नियमित बैठक गर्ने, शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी कार्यशाला सञ्चालन गर्ने, कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने, अतिरिक्त क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने, शैक्षिक योजनाहरू निर्माणमा सहयोग गर्ने, र शिक्षकहरू बीचको अन्तरक्रिया गराउने जस्ता कार्यहरू गर्दै आएका थिए।

तर, सङ्घीय समरचनाको कार्यान्वयनसँगै स्रोत केन्द्र पद्धति विघटन भएको छ। राष्ट्रिय शिक्षा नीति अनुसारको स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरूलाई अध्यापन, अनुसन्धान, शिक्षक सहायता र अनुगमनजस्ता कार्यमा प्रयोग गर्ने कुरा उल्लेख भए तापनि, अनुभव हस्तान्तरणका कानूनी व्यवस्था मिलाउन सकिएको छैन। दिगो विकास लक्ष्य (२०१६–२०३०) अनुसार सिकाइ आदान प्रदान, क्षमता विकास प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरू बीच सञ्जाल विकास गर्ने उद्देश्य दिइएको भए तापनि, अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपयोग हुन सकेको छैन।

### शिक्षक क्षमता विकास कार्यक्रम

पेसागत नीति सक्षम र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठामा शिक्षण-सिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध गराउनु आवश्यक छ, र शिक्षकको पेसागत विकासका विभिन्न तौर-तरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेसागत विकास सम्भव हुन्छ।

नेपालमा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न परियोजना र कार्यक्रमहरू सञ्चालन गरिएको छ। शिक्षकको क्षमता अभिवृद्धि गरी कक्षाकोठामा शिक्षण-सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो, र सो केन्द्रअन्तर्गत ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्रहरू स्थापना गरिएका थिए। ती तालिम केन्द्रहरूबाट सेवाकालिन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरिए। शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गतका शिक्षक तालिम केन्द्रहरू (२९ वटा), अगुवा स्रोत केन्द्रहरू र स्रोत केन्द्रहरूमार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। शिक्षक पेसागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षण सञ्चालन गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुँदै आएको छ। हाल प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रले अनलाइन र अफलाइन विधिबाट तालिम सञ्चालन गर्दै आइरहेको अवस्था छ।

हाल सञ्चालनमा रहेका विद्यालय क्षेत्र विकास कार्यक्रमले शिक्षकको पेसागत विकासमा जोड दिएको छ। विद्यालय क्षेत्र विकास योजनावधिमा आधारभूत र माध्यमिक तहमा अध्यापन गर्ने विज्ञान, गणित, अङ्ग्रेजी विषयका शिक्षकहरूको शिक्षण क्षमता विकासका लागि टि.पि.डि तालिम सञ्चालनमा प्राथमिकता राख्ने कार्य भइरहेको थियो। शिक्षा तालिम केन्द्रले ठूलो संख्यामा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्ने कार्यलाई चुनौतीपूर्ण पाएको छ। यसैगरी, शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन तालिममा सिकेका ज्ञान र सिपहरूको कक्षाकोठामा प्रयोग गर्न समस्या देखिएको छ। यसका लागि सान्निधि योजना मार्फत गाउँपालिकासँग समन्वय गर्दै वार्षिक नीति अनुसार शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको छ।

### ४.२.३ उद्देश्य

**१.** शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्दै शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु र शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गरी तयारीको वर्तमान स्वरूप र प्रक्रियामा परिवर्तन गर्दै सक्षम शिक्षक आपूर्ति गर्नु।
**२.** शिक्षक विकास र निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु।
**३.** सबै तहका शिक्षकहरूको योग्यता पुनरावलोकन गरी विषयवस्तुमा पूर्ण दक्ष शिक्षकको सुनिश्चितता गर्नु।
**४.** शिक्षक विकास र निरन्तर पेसागत सहायता प्रणाली स्थापनामा जोड दिनु।

५. आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान-प्रदान कार्यक्रमका माध्यमबाट सबै तहका सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापन गर्नु।
६. सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरी यसलाई सान्दर्भिक र प्रभावकारी बनाउनु।
७. शिक्षकको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षासम्बन्धी संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्नु।

### ४.२.४ रणनीतिहरू

१. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गर्ने र यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गर्ने।
२. वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषयवस्तु ज्ञान र शिक्षण सिपमा केन्द्रित गर्दै पुनरावलोकन गर्ने।
३. शिक्षक विद्यार्थी अनुपातको आधारमा, क्षेत्रीय आधारमा विषयगत नीति शिक्षक दरबन्दी मिलान र दरबन्दी पुनर्वितरण थप गरिने।
४. प्रारम्भिक बालविकास, पूर्व-प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण गरेको शिक्षकको योग्यता अद्यावधिक गर्ने।
५. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने।
६. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ। यसका लागि पालिकामा विषयगत शिक्षक सञ्जाल र आवश्यकताअनुसार अनुभवी शिक्षकबाट सहयोग र मेन्टरिङ पद्धति विकास गरिनेछ।
७. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्दै नतिजाप्रति जवाफदेही हुने पद्धति विकास गर्ने। यसका लागि शिक्षक र प्रधानाध्यापकको व्यवहारिक विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग जोड्ने।
८. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरूको व्यवस्थापन गर्ने।
९. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ र प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकासको सेवाकालीन तालिम सञ्चालन गर्ने।
१०. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक र अनुभवी शिक्षकबाट कोचिङ र मेन्टोरिङ पद्धति विकास गरिनेछ।
११. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने, र शिक्षक र प्रधानाध्यापकको व्यवसायिक विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।
१२. निरन्तर विद्यार्थी मूल्याङ्कन, परियोजना र प्रयोगात्मक कार्यमा जोड दिने।
१३. उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषणलाई शिक्षण सिकाइमा सुधार ल्याउन प्रयोग गर्ने।
१४. कक्षाकोठामा शिक्षण सिकाइ सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीहरूका लागि विशेष सहयोग प्रदान गर्ने।
१५. अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता गर्ने।
१६. शिक्षण सिकाइमा सूचना र सञ्चार प्रविधिको प्रयोग गर्ने।

### ४.२.५ उपलब्धि र नतिजा

**उपलब्धि**

१. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार आउने।

**प्रमुख नतिजा र परिमाणात्मक लक्ष्य**

यहाँ उल्लिखित सुधारात्मक रणनीतिहरूको उद्देश्य शिक्षण र सिकाइमा गुणस्तरीय सुधार ल्याउनु हो, जसको परिणामस्वरूप विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा सुधार हुनेछ।

| क्र.सं. | सूचक | लक्ष्य | आधारवर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | बालविकास केन्द्रमा कार्यरत तालिम प्राप्त सहयोगी कार्यकर्ताको संख्या | ३० | सबै | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | २० | २० | २० | २० | २० |
| ३ | माध्यमिक तहमा कार्यरत तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १० | २० | ३० | २० | २० |
| ४ | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम प्राप्त शिक्षकको प्रतिशत | १०० | १० | २० | ३० | २० | २० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालयको संख्या | ३० | ३० | ✓ | ✓ | ✓ | ✓ |
| ६ | मापदण्ड अनुसार शिक्षक दरबन्दि व्यवस्थापन भएको विद्यालय संख्या | ३० | ५ | ५ | १० | ५ | ५ |
| ७ | आधरभूत तहमा शिक्षक विद्यार्थी अनुपात | १:३० | १:३० | १:३० | १:३३ | १:३१ | १:३० |
| ८ | माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षक विद्यार्थी अनुपात | १:३० | १:३० | १:३० | १:३० | १:३० | |
| ९ | माध्यमिक तह (कक्षा ११-१२) मा शिक्षक विद्यार्थी अनुपात | १:३५ | १:३५ | १:३५ | १:३५ | १:३५ | |

४.२.६ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | लक्ष्य | भौतिक लक्ष (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| **शिक्षक पेसाप्रति आकर्षण एवं नियुक्ति** | | | | | | | | | | |
| १ | मेधावी बिद्यार्थीहरूलाइ सहज तरिकाले शिक्षण पेशामा प्रबेश गराउने गरी कानुनी व्यवस्था गर्न पहल गर्ने | प्रतिशत | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | निरन्तर |
| २ | कार्यसम्पादनका आधारमा प्रोत्साहान तथा सुबिधा दिने। | जना | ४० | ५ | १० | २० | १० | २० | ४० | |
| ३ | सरूवा बढुवालाई बस्तुनिष्ठ बनाउने गरी कानुनी व्यवस्थाका लागि पहल गर्ने। | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | |
| ४ | पाठ्यक्रममा आधारित आधारभूत तह आधारभूत कक्षा १–३ र माध्यमिक तहमा विषयगत शिक्षक नियुक्ति गर्ने मार्गचित्र तयार गर्न माथिल्लो निकायमा पहल गर्ने | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | |
| ५ | अस्थायी तथा बिद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गर्न पहल गर्ने। | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | |
| **शिक्षक तयारी** | | | | | | | | | | |
| १ | शिक्षण सिकाइ प्रक्रिया र मूल्याङकन बिधिमा सुधार गरी गुणस्तर सुधार गर्ने। | पटक | १ | | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | |
| २ | शिक्षक बन्नका लागि हालको योग्यतालाई बृद्धि गर्नका लागि पहल गर्ने | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| | प्रारम्भिक बालविकास – पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण कक्षा ४–८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९–१२ का लागि स्नाकोत्तर भएको सुनिश्चितता गर्ने( | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | १ | १ | |
| ३ | अपाङगता भएका ब्यति, महिला, सीमान्तकृत वर्गका शिक्षकहरूलाई | संख्या | १० | १ | २ | २ | २ | २ | ९ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक पेसामा सहभागी गराउन क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | |
| **शिक्षण सिकाइ** | | | | | | | | | | |
| १ | नयाँ नियुक्ति पाएका शिक्षकहरूले बिषेश तालिमको व्यवस्था गर्ने | जना | ५० | ० | १० | १० | १० | १० | ४० | १० |
| १ | नियमित शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन मापदण्ड विकास गर्न पहल गर्ने | पटक | १ | ० | १ | ० | ० | ० | १ | निरन्तर |
| २ | कमजोर बिद्यार्थीका लागि बिशेष सहयोगी कक्षा सञ्चालन गर्ने उपचारात्कम शिक्षण पद्धति लागु गर्ने । | जना | १०० | १० | २० | २० | २० | २० | ९० | १० |
| ३ | दृष्टि समबन्धी अपाङगता भएका लगायत सबै बालबालिकाका लागि ब्रेल लिपि लगायतबाट र श्रवण सम्बन्धी अपाङगता भएकालाई साङकेतिक लगायत बाट सिक्ने व्यवस्थाका लागि पहल गर्ने प्रतिशत | पटक | | ४ | ३ | २ | २ | ० | | |
| ४ | प्रत्येक माध्यमिक बिद्यालयमा एक पुस्तकालयको प्रवन्ध गर्ने प्रत्येक आधारभूत कक्षामा पुस्तक कुनाको ब्यवस्था गर्ने | बिद्यालय | १० | १ | २ | ३ | २ | १ | ९ | |
| ५ | प्रत्येक बिद्यालयमा कम्तिमा एक आइ सि टि ल्याबको प्रवन्ध गर्ने | संख्या | | १ | ८ | ९ | ५ | ७ | | |
| ६ | प्रत्येक बिद्ययालयमा उपकरण विज्ञान सामाग्री युक्त कम्तिमा एक विज्ञान प्रयोगशालाको व्यवस्था गर्ने | संख्या | ४१ | ७ | ८ | ९ | ५ | १ | | ४१ |
| ७ | प्राबिधिक तथा व्यवसायिक शिक्षा धारको पढाइलाई व्यवहारिक र सिपमाआधारित बनाउन प्रयोगात्मक पक्षमाजोड दिने र यसकालागि सुबिधायुक्त प्रयोगशालाको प्रवन्ध गर्ने । | संख्या | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ८ | योग्य,दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षण सिकाइलाई बिद्यार्थी केन्द्रित परियोजनामा आधारित समूह कार्यमा आधारित प्रयोगात्मक कार्यमा आधारित बनाउने गरी शिक्षण तथा सिकाइ सामाग्री विकास गर्ने | सेट | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ९ | प्रत्येक बिद्यलयमा उच्च गतिको इन्टरनेट सेवाको उपलब्धता मार्फत | विद्यालय | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण सिकाइमा सूचना तथा संचार प्रबिधिको प्रयोगलाई बढाउने | | | | | | | | |
| १० | निरन्तर बिद्यार्थी मूल्याङकन प्रणलीमासुधार गर्ने गरी सहजीकरण पुस्तिका विकास गर्ने। | संख्या | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ११ | शिक्षण सिकाइमा पृष्ठपोषण प्राप्तगर्ने परीक्षाको नजिता बिश्लेषण गर्ने | शिक्षक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १२ | बिद्यार्थीको सिकाइ सुनिश्चित गर्ने शिक्षकले काममा विताउने समय सुनिश्चित गर्ने प्र.अ.लाई जिम्वार बनाउने। | प्र अ | २० | १ | ३ | ५ | ७ | ४ | २० | निरन्तर |
| १३ | सुपरिवेक्षणलाई बिद्यालयमा आधारित बनाउन बिद्यालयका प्रध्यानाध्यापक अनुभबी शिक्षक वा मेन्टर विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरी ३ दिने क्षमता विकास तालिम सञ्चालन गर्ने। | पटक | १२ | २ | २ | २ | २ | २ | १० | २ |
| **शिक्षक पेसागत सहयोग पद्धती** | | | | | | | | | |
| १ | शिक्षक पेसागत सहयोग मार्गदशन विकास गर्ने | संख्या | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १ | |
| २ | कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरूको ई सञ्जाल समूह बनाउने। | समुह | २५ | ५ | ५ | ५ | ५ | ५ | २५ | निरन्तर |
| ३ | शिक्षक मेन्टरीङ कार्यक्रम सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ४ | असल अभ्यासको अवलोकन भ्रमण गराउने। | जना | ५ | १ | १ | १ | १ | १ | | |
| | बिद्यालयमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण संयन्त्र विकास गरी कार्यन्वयन गर्ने | पटक | १ | | १ | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | प्रदानाध्यापकबाट नियमित रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मुल्याङकन गर्ने | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | शिक्षकलाई प्रामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्ने तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवा निवृत्त विज्ञ टोली गठन गर्ने | पटक | १ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | प्रत्येक शिक्षकले प्रत्येक महिनामा कम्तिमाओटा कक्षा अवलोकन र २ पृष्ठपोषण प्रदान गर्ने मापदण्ड निर्माण तथा कार्यान्वयन | संख्या | १ | निरन्तर | निरन्तर | | निरन्तर | निरन्तर | निरन्तर | |
| **शिक्षक पेसागत विकास** | | | | | | | | | | |
| १ | शिक्षक पेसागत विकास सञ्चालन गरी बिद्यालयमा आधारित शिक्षक सहायता पद्धति स्थापना गर्ने | संख्या | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

### ४.३. शैक्षिक समता र समावेशीकरण

#### ४.३.१ परिचय

नेपालको जनसंख्या अत्यन्त विविधतापूर्ण छ, र पछिल्ला दुई दशकमध्ये बालिका शिक्षालाई प्राथमिकता दिँदै शिक्षामा पहुँचको विकासका लागि गरिएको प्रयासले समतामा धेरै प्रगति भएको छ। आधारभूत र माध्यमिक शिक्षाका सूचकहरूमा लैंगिक समता कायम भएको छ। तर, लैंगिकता, सामाजिक–आर्थिक स्थिति, भाषा, जातजाति, भौगोलिक अवस्थिति र अपाङ्गताका कारण गुणस्तरीय शिक्षामा पहुँच र उपलब्धिमा भिन्नता कायम छ। विशेष गरी अपाङ्गता भएका बालबालिकाका लागि मुख्यधारा कक्षामा समाहित गरिनेसम्बन्धी प्रयास भएका छन्, तर उनीहरूको भर्ना र अर्थपूर्ण सहभागिता भने उत्साहजनक छैन। यस्ता बालबालिकाहरू विशेष विद्यालयहरूमा भर्ना हुने प्रवृत्तिमा छन्, जसमा अन्य बालबालिकासँग न्यून अन्तरक्रिया हुने स्थिति देखा परेको छ। समाजिक–सास्कृतिक विविधताले नेपाली समाजलाई दुवै पक्षमा प्रभाव पारेको छ— एक त यसलाई पहिचान र सार्मथ्यका रूपमा लिन सकिन्छ भने अर्कोतिर यसै विविधताको कारण समाजमा विभेद र बञ्चितिकरणका समस्या पनि देखिन्छ। उदाहरणका लागि दलित, सिमान्तकृत समुदाय, अल्पसंख्यक, तथा विभिन्न जातजातिहरूका सदस्यहरू ऐतिहासिक र सामाजिक–आर्थिक रुपमा बञ्चित भएका छन्। भौगोलिक, आर्थिक र लैंगिक भिन्नताले शैक्षिक पहुँचमा असमानता उत्पन्न गरेको छ। समाजमा रहेका यी असमानताहरूलाई सम्बोधन गर्ने एक प्रमुख साधन शिक्षा हो। समताका लागि सन्देश दिनु, अवसरका असमानतालाई पहिचान गरी सुधार गर्नु, र विशेष प्रबन्धको व्यवस्था गर्ने आवश्यकता छ। शिक्षा सबैको पहुँचमा हुने अवस्था सुनिश्चित गर्न समता र समावेशिकरणको महत्व बढ्दो आवश्यकता हो।

#### ४.३.२ वर्तमान अवस्था

नेपालका विभिन्न समुदायहरूले अझै पनि समान शैक्षिक अवसरहरू प्राप्त गर्न सकेका छैनन्। दलित, अल्पसंख्यक, विपन्न समुदाय, र अपाङ्गता भएका बालबालिकाहरू शैक्षिक सेवामा सामेल हुन कठिनाइको सामना गर्दैछन्। संविधानले शैक्षिक पहुँच र सहभागिता सबैको मौलिक हकका रूपमा परिकल्पना गरेको छ, तर यसका कार्यान्वयनमा चुनौतीहरू रहेका छन्। सान्नी त्रिवेणी गाउँपालिकाका ३० सामुदायिक विद्यालयहरूमा १४ जना जनजाति विद्यार्थीहरू रहेका छन्, जसमा १० जना छात्रा र ४ जना छात्र छन्। दलित समुदायका ८८५ विद्यार्थीमध्ये ४३३ जना छात्रा र ४३२ जना छात्र रहेका छन्। यद्यपि, अपाङ्गता भएका बालबालिकाहरूको शैक्षिक पहुँच र सेवामा थप सुधारको आवश्यकता छ।

समाजमा रहेका पछाडि परेका बालबालिकाहरूको पहुँचको सुनिश्चितता गर्ने उद्देश्यले शैक्षिक सामग्री, छात्रवृत्ति र दिवा खाजा जस्ता कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। गाउँपालिकाले अपाङ्गता भएका बालबालिकाका लागि अद्यावधिक तथ्याङ्क संकलन र विशेष योजनाहरू लागू गर्नको लागि प्रयास गरिरहेको छ। यसका अतिरिक्त, विद्यालयमा अपाङ्गता भएका बालबालिकाहरूको सहजिकरण गर्न तालिम र शैक्षिक सामग्रीको अभाव देखिन्छ। शिक्षामा समता र समावेशिकरणको प्रवर्द्धन गर्दै समग्र समाजको शैक्षिक पहुँच र सहभागीता बढाउने उद्देश्यले विभिन्न रणनीतिहरू लागू गर्न आवश्यक छ। यसका लागि स्थानीय तहको शैक्षिक नीतिहरूमा सुधार गर्न, स्रोतहरूको समुचित वितरण र योजनाबद्ध कार्यान्वयनको आवश्यकता छ। अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक सामग्री र सहयोगका उपायहरूको विस्तार गर्न, साथै समुदायमा जागरूकता बढाउन समेत प्रयास गर्न आवश्यक छ। साथै, दूरदराजका क्षेत्रहरूमा शिक्षा प्रणालीलाई पहुँचयोग्य बनाउन र समान अवसर सुनिश्चित गर्न उच्च शिक्षामा साझेदारी नीति र दूरदराजमा अध्ययनको व्यवस्था गर्नको लागि प्रविधिको उपयोग गर्नुपर्छ।

#### ४.३.३ उद्देश्य

- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामारहेका, जोखिममापरेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमापरेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्याउने,
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमासहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने,

- विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने,
- शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने,
- पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलापलगायत समग्र शैक्षिक प्रणालीमाविविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने,
- विद्यालयमाकुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता गर्ने,
- मैत्रीपुर्ण भौतिक संरचनाहरु निर्माण गर्ने।

**४.३.४ रणनीतिहरूः**

- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,
- सबै विद्यालयमालैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,
- आवश्यकतामाआधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गरिने,
- स्थानीय पाठ्यक्रम माफत तथा अन्य तवरले शिक्षण सिकाइमास्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सीप समावेश गरिने,
- सहयोगको आबश्यकता भएका बालबालिकाको लागि आवश्यकता अनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइने,
- सिकाई क्रियाकलापलाई सहभागितामूलक बनाइ विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
- विद्यालयमाकुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना गरिने,

**४.३.५ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धिः**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | शिक्षामासमता र समावेशीकरण | लक्ष्य | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या १-५ | ० | ११८ | ९० | ५० | २० | ० |
| ३ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या ६-८ | ० | १७६ | १२० | ८० | ४० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | आधारभूत तहमा लैङ्गिक समता सुचक | ० | १.०६ | १.०० | ०.५६ | ०.५ | ०.० |
| ५ | माध्यमिक तहमा ९-१० विद्यालय बाहिर रहेका किशोर किशोरीहरुको प्रतिशत | ० | १४.६५ | १० | ८ | ५ | ०० |
| ६ | माध्यमिक तहमा ११-१२ विद्यालय बाहिर रहेका किशोर किशोरीहरुको सङ्ख्या | ० | २७३ | २०० | १०० | ५० | ० |
| ७ | माध्यमिक तहमा लैङ्गिक समता सुचक ९-१२ | ० | १.१५ | १ | ०.९८ | ०.५ | ०० |
| ८ | पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाई प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता र समावेशिता अभिवृध्दी भएका विद्यालय | ३० | ५ | ५ | ५ | ५ | १० |
| ९ | अपाङ्गता, गरिब, विपन्न, अभिभावक विहिन, बेसहारा बालबालिकाहरूको अलभिलेख अद्यावधिक | ५ | १ | १ | १ | १ | १ |
| १० | विविधता, समता एवंम समावेशी शिक्षाका – मान्यता अनूकूल शैक्षिक सुशासन कायम भएका विद्यालय | ३० | ६ | ६ | ६ | ६ | ६ |
| ११ | लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ती एंव प्रोत्साहन वितरण गरेका वद्यालय | ३० | ३० | ३० | ३० | ३० | ३० |
| १२ | महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्धन्द प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १३ | विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हुने, | शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | सबै विद्यालयहरू विभिन्न तबरमा मैत्रीपुर्ण हुने | ३० | सबै | सबै | सबै | सबै | सबै |

४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमखु कार्यक्रम | ईकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षाको मूलप्रबाह बाहिर रहेका र नरहेका सवैबालबालिकाहरूको तथयाङ्क संकलन र बिश्लेषणगर्ने पटक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| २ | सबैप्रकारका विभेदको अन्तकालागि सचेतनामूलक कार्यक्रमसञ्चालन | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | लक्षित बर्गको लागि छात्रवृत्ती वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालयमा गनुासो सनुवुाई अधिकारीको व्यवस्था सहित प्रणालीको व्यवस्था गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालयमाविभिन्न प्रकारका बालक्लब गठन पटक | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालय |
| ६ | विद्यालयमा जिम्मेवारी सहितको लैङ्गिक सम्पर्का व्यक्ति तोक्ने | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ७ | विद्यालयबाहिरका बालबालिकाहरू रहेका विपन्न दलित, समदुायमाविव्यस, अभिभावक, शिक्षकहरूको संलग्नतामाघरदैलो कार्यक्रमसञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ८ | बालिका तथा समावेशी शिक्षा संजाल संचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ९ | लागु पदार्थ दुर्वयशनी सचेताना कार्यक्रमसंचालन ( आधारभूत र माध्यमिक ) | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| १० | छात्राहरुका लागि लन नि शुल्कसेलनटरी प्याड वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ११ | दलित तथा अलत विपन्न छात्राहरूलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँच | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १२ | आवश्यकता अनुसार समता र समावेशी रूपमा पेशागत तालिमको व्यवस्थापन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| १३ | विपन्न, दलित, लोपोन्मुख र अलत विपन्न छात्राहरूलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति | जना | १५ | १ | १ | १ | १ | १ | ५ | १० |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालका केहि क्षेत्रमा खाद्य सुरक्षाको अवस्था कमजोर रहेको र पोषण एक चुनौतीको रूपमा रहेको छ । यसले विद्यार्थीहरूको उपस्थिति र सिकाइमा नकारात्मक प्रभाव पारिरहेको छ । केही बालबालिकाहरू भोकै विद्यालय आउन बाध्य छन्, जसका कारण उनीहरूको पढाइमा एकाग्रता रहन र सिकाइको स्तर कमजोर हुने गर्दछ । कतिपय स्थानहरूमा कुपोषणले बालबालिकालाई जीवनभर सिकाइमा अवरोध पुर्याउने जोखिम उत्पन्न गर्छ (MOE 2016) । यस समस्यालाई सम्बोधन गर्न स्वास्थ्य, पानी, सरसफाइ, र पोषणका क्षेत्रहरूमा सुधार गर्ने उद्देश्य राखिएको छ । यो रणनीति बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, र शैक्षिक अवस्थामा सुधार ल्याउन मद्दत पुर्याउने उद्देश्य राख्दछ । विद्यालयहरूमा स्वास्थ्य र पोषण सेवाहरूको उपलब्धता सुनिश्चित गर्न स्थानीय समुदाय र संघ संस्थाहरूको सहयोग अपरिहार्य छ ।

यौन शिक्षा प्रदान गर्नका लागि प्रशिक्षित शिक्षकको भूमिका महत्त्वपूर्ण रहनेछ, जसले शिक्षा क्षेत्र र विद्यालयका सुस्पष्ट नीतिहरू र पाठ्यक्रमको आधारमा शिक्षा प्रदान गर्नेछन् । अधिकांश विद्यालयहरूमा पानी, सरसफाइ र फोहोर व्यवस्थापनको समस्याले गर्दा विद्यार्थीहरू विभिन्न स्वास्थ्य समस्याहरूको शिकार हुन्छन् । विशेष गरी छात्राहरूको महिनावारी व्यवस्थापन कमजोर भएको कारण विद्यालय उपस्थितिमा नकारात्मक असर पर्छ । अपाङ्गता भएका बालबालिकाका लागि अनुकूल विद्यालय वातावरणको अभावले पढाइमा अवरोध पुर्याउँछ । यस समस्यालाई समाधान गर्न पानी, सरसफाइ र स्वास्थ्य शिक्षा कार्यक्रमको महत्त्व छ, जसले सुरक्षित खाने पानी, सुधारिएको सरसफाइ, र स्वस्थ बानीको विकासमा जोड दिन्छ ।

पानी, सरसफाइ र स्वास्थ्य शिक्षा कार्यक्रमको उद्देश्य विद्यार्थीहरूको स्वास्थ्यमा सुधार ल्याउनु, सिकाइमा अभिवृद्धि गर्नु, लैंगिक समानता कायम राख्नु र किशोरीहरूको विद्यालय छोड्ने दर घटाउनु हो । यसले विद्यार्थीलाई आफ्ना परिवार र समुदायका लागि परिवर्तनको संवाहक बनाउनेछ । यद्यपि, सरकारले धेरै लगानी गरेर ८० प्रतिशत विद्यालयमा पानी र सरसफाइको व्यवस्था गरिएको छ, तर २०.३ प्रतिशत विद्यालयमा अझै पानीको उचित प्रबन्ध छैन र १८.७ प्रतिशत विद्यालयमा शौचालयको व्यवस्था भएको छैन । बाल विकासको चौतर्फी पक्षमा जोड दिंदै, यस योजनाले विद्यालयमा स्वास्थ्य र पोषण सेवाको वृद्धि गर्ने लक्ष्य लिएको छ । यसले विद्यालयमा रहेका बानबानिकाहरूलाई जुका नियन्त्रण, पोषण तत्वको परिपूरण, औलो उन्मुलन, दृष्टि र श्रवण परीक्षण गर्ने उद्देश्य राख्दछ । यस योजनाले विद्यालय शिक्षा क्षेत्रमा सबै विद्यालयमा विद्यार्थीमैत्री वातावरण, खानेपानी, सरसफाइ र शौचालयको प्रावधान सुनिश्चित गर्नेछ ।

यस योजनाले किशोरीहरूको सहभागिता बढाउन र बीचमा पढाइ छोड्ने प्रवृत्तिलाई घटाउन विशेष ध्यान दिनेछ । सिकाइ उपलब्धि सुधार्न, उनीहरूको गोपनीयता र महिनावारी सम्बन्धी आवश्यकताहरूको सम्बोधन गरिनेछ । समग्रमा, विद्यालय शिक्षा क्षेत्र योजनाले एचआईभी–एड्सको रोकथाम, स्वास्थ्य र पोषण, र सीपमा आधारित स्वास्थ्य शिक्षा मार्फत विद्यार्थीहरूमा स्वस्थ र सुरक्षित जीवन यापन गर्ने व्यवहारको विकास गर्ने लक्ष्य राखेको छ । यसरी प्राप्त ज्ञान, सीप र अभिवृत्तिले बालबालिकालाई विद्यालयबाट वास्तविक जीवनमा प्रवेश गरेपछि लामो समयसम्म सुरक्षित र स्वस्थ जीवन यापन गर्न मद्दत गर्नेछ ।

### ४.४.२ वर्तमान अवस्था

बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाइ स्तरमा सुधार ल्याउने उद्देश्यले सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रमले बालबालिकाको भोक घटाउने, पोषण र स्वास्थ्य स्थिति सुधार गर्ने, र शैक्षिक पहुँच, सहभागिता र सिकाइको स्तरमा वृद्धि गर्ने दीर्घकालीन लक्ष्य राखेको छ । दिवा खाजा कार्यक्रम केही वर्षदेखि आधारभूत विद्यालयहरूमा कार्यान्वयन भइरहेको छ र यसको दायरा प्रत्येक वर्ष विस्तार भइरहेको छ । नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क बनाएको छ र खाद्य सुरक्षा सुनिश्चित गर्ने व्यवस्था गरेको छ । दिगो विकासका लक्ष्यहरूमा गरीबी न्यूनीकरण, भोक उन्मूलन, र सबैलाई गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्न प्रतिबद्धता व्यक्त गरिएको छ ।

आर्थिक दृष्टिले विपन्न समुदायका बालबालिकालाई नि:शुल्क शिक्षा र दिवा खाजा उपलब्ध गराउने व्यवस्था सुनिश्चित गरिएको छ । विद्यार्थीहरूको स्वास्थ्य र पोषण स्थिति उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि र गुणस्तरीय जीवनमा सीधा प्रभाव पार्दछ, त्यसैले यी कुराहरू सुधार गर्नु आवश्यक छ । विद्यालयमा सरसफाइ र स्वच्छताको अभ्यासले बालबालिकाको स्वास्थ्यमा सकारात्मक असर पार्छ, र यसका लागि स्थानीय तह र विद्यालयहरूको जिम्मेवारी महत्त्वपूर्ण हुन्छ ।

सान्नी त्रिवेणी गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा दिवा खाजा उपलब्ध गराउने कार्यक्रमले विद्यार्थीहरूको भर्ना दर वृद्धि गर्ने, शैक्षिक पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य र पोषण सुधार गर्ने, कक्षा छोड्ने र दोहोर्याउने दर घटाउने लक्ष्य राखेको छ । तथापि, यस कार्यक्रमका प्रभावकारिता अझै व्यवस्थापन गर्नुपर्ने आवश्यकताहरू पनि छन् । दिवा खाजा कार्यक्रमसँग सम्बन्धित चुनौतीहरूमा स्वास्थ्य र पोषण सुधारका लागि उपयुक्त आहारको सुनिश्चितता, पौष्टिक र स्वस्थ विद्यालय खाजाको व्यवस्थापन, र स्थानीय कृषि र व्यापारसँग जोड्ने आवश्यकता छ । संविधानले निशुल्क र अनिवार्य शिक्षा सुनिश्चित गरेको छ र दिवा खाजा प्रावधानलाई कानुनी रूपमा स्थापित गरेको छ । आ.व. २०७७/२०७८ देखि नेपाल सरकारले सामुदायिक विद्यालयहरूमा दिवा खाजा सञ्चालन गर्न बजेट विनियोजन गरेको छ । यसले विद्यार्थीको स्वास्थ्य र पोषण अवस्थालाई सुधार गरेर समाजका विभिन्न पक्षमा योगदान गर्न सक्षम जनशक्ति उत्पादन गर्न मद्दत गर्दछ । सान्नी त्रिवेणी गाउँपालिकाका ३० वटा सामुदायिक विद्यालयहरूमा नेपाल सरकारको पन्ध्रौं योजना अन्तर्गत बहुक्षेत्रीय पोषण कार्यक्रम लागू गरिएको छ । यस योजनाले पोषण सुधारका लागि विभिन्न कदमहरू उठाउँदै, स्थानीय र रैथाने उत्पादनमा जोड दिने र दिगो उपयोगको पद्धति अपनाउने कुरा उल्लेख गरेको छ ।

**४.४.३ उद्देश्य:**

- बालबालिकालाई स्वस्थ्य र पौष्टिक आहारको सुनिश्चितता ।
- स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छता सेवाको गुणस्तर वृद्धि गरेर सिकाइ उपलब्धिको स्तरमा वृद्धि ।
- बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक पक्षको विकास ।

**४.४.४ रणनीति:**

- दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्दै विभिन्न सुविधाहरूको विस्तार।
- विद्यालयहरूमा सफा पानी र सफाइ सामग्रीको व्यवस्थापन।
- स्थानीय कृषि उत्पादनलाई प्राथमिकता दिँदै दिवा खाजा व्यवस्थापन।
- दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी र दिगो बनाउन सरकारी, अभिभावक र गैर-सरकारी संस्थाहरूसँग साझेदारी।
- विद्यालयमाविद्यार्थी सङ्ख्याको अनुपातमापर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामाछात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।
- विद्यालयमा स्वास्थ्य परिचालकको व्यवस्था, आवश्यक प्राथमिक उपचार किट र आवधिक स्वास्थ्य परीक्षणका साथ महिनावारी स्वच्छताको प्रभावकारी व्यवस्थापन।
- विद्यालयमाअतिरिक्त क्रियाकलाप, खेलकुद र पोषण व्यवस्थापनका लागी आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालयमाविद्यार्थी सङ्ख्याको अनुपातमापर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामाछात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।

**४.४.५ प्रमुख उपलब्धि र नतिजा:**

- विद्यार्थीहरूको स्वास्थ्य र पोषण स्थिति सुधार।
- शैक्षिक उपलब्धिमा वृद्धि।

- विद्यालयमा स्वच्छता र स्वास्थ्यका लागि सकारात्मक प्रभाव।

**उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई पोषण अवस्थामासुधार हुनुका साथै शारीरीक, मानसिक तथा संवेगात्मक विकासमा सुधार आई विद्यार्थीको भर्ना दरमावृद्धि हुनुका साथै विद्यार्थीको उपस्थितिमा नियमितता भई कक्षा तथा विद्यालय छोड्ने दर कमि हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं . | प्रमुख नतिजा | आधार बर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | सवै विद्यालयका सबै तहमा दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाइ सम्वन्धि कार्यक्रम संचालन गर्ने | ३० | ३० | ३० | ३० | ३० |
| २ | स्वास्थ्य तथा पोषण र स्वछता सम्वन्धि मापदण्ड तर्जुमा तथा कार्यन्वयन | १ | १ | १ | १ | १ |
| ३ | दिवाखाजा तथा पोषण सम्बन्धि चाहिने आवश्यक सामाग्री आपूर्तिको लागी स्थानीय कृषक समूहलाई तालिम तथा सहयोग | ० | १० | १५ | २० | २० |
| ४ | प्रयाप्त शुद्ध पिउने पानी तथा सफाइ सामग्री व्यवस्थापन | | १० | १० | ५ | ५ |
| ५ | महिनावारी स्वच्छताका लागी आवश्यक सुरक्षित व्यवस्थापनमा सहयोग | विद्यालय | सबै | सबै | सबै | सबै |
| ६ | कक्षा ६ देखि कक्षा ८ सम्म दिवा खाजाको व्यवस्थापन | ० | २४ | २४ | २४ | २४ |
| ७ | विद्यार्थीको भर्नादरमा वृद्धि भएका विद्यालय संख्या | ३० | ३० | ३० | ३० | ३० |
| ८ | कक्षा छोड्ने र कक्षा दोहोर्याउने दरमा कमि | २ प्रतिशत | १ | ०.५ | ०० | ०० |
| ९ | विद्यार्थीलाइ नियमित विद्यालयमा उपस्थित गराउने विद्यालय संख्या | ३० | ३० | ३० | ३० | ३० |
| १० | विद्यार्थीहरुलाई शारीरीक, मानसिक तथा संवेगात्मक पक्षमा स्वस्थ बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालय संख्या | ४ | ६ | १५ | ५ | निरन्तर |

### ४.४.६ प्रमुख क्रियाकलाप र  परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | परिमाणात्मक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | दिवा खाजाका लागि  आवश्यक सामग्रीको  व्यवस्थापन | वटा | ६ | ५ | ५ | ५ | ५ | २६ | ४ |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | ३० | |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | जना | ५० | १०० | १०० | १०० | १०० | ४५० | १०० |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | वटा | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको उपलब्धता र वातावरणमैत्री व्यवस्थापन | वटा | ३० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि  र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | वटा | ३० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान | वटा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५ |
| १२ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रयोग सम्बन्धि अन्तरक्रिया र पुनर्ताजगी तथा तालिम | पटक | ० | ६ | ६ | ६ | ६ | ६ | |

## ४.५ विद्यालयमा सुरक्षा, विपद् न्यूनीकरण र उत्थानशीलता

### ४.५.१ परिचय

सुरक्षितको शाब्दिक अर्थ भनेको कुनै प्रकारको हानी वा नोक्सानीबाट बचाइएको वा जगेर्ना गरिएको हो भने विद्यालय भनेको जहाँ सयौं विद्यार्थीले विद्या आर्जन गर्ने संस्था हो । विद्यालय सुरक्षित भनेको त्यस्तो स्थान हो जहाँ कुनै प्रकारको प्राकृतिक वा मानवीय प्रकोपबाट जोगाइएको विद्यालयलाई सुरक्षित विद्यालय भनिन्छ । विद्यालय भनेको भविष्यका कर्णधार विद्यार्थीले आफ्नो र परिवार, समाज र देशका लागि राम्रो काम गर्ने संस्था हो । यसैले विद्यालय सुरक्षित रहन अत्यन्त आवश्यक छ । विद्यालय असुरक्षित भएमा सयौं विद्यार्थीको जीवन जोखिममा पर्छ । विद्यालय सुरक्षित भएमा विद्यार्थी र तिनका परिवार, समाज र सम्पूर्ण देशको लागि राम्रो काम गर्न सक्षम योग्य व्यक्तिहरू बन्न सक्छन् ।

विद्यालयका भवनहरू भूकम्प प्रतिरोधात्मक बनाउनुपर्छ । कक्षा कोठामा दुईवटा ढोका हुनुपर्छ । विद्यालय वरिपरि रहेका रुख र बिरुवालाई काट्नुपर्छ ताकि हावाहुरीको समयमा रुख र बिरुवाले विद्यालयमा क्षति नगर्ने होस् । कक्षा कोठामा जडान गरिएको विद्युतीय उपकरणलाई सही तरिकाले जडान गर्नुपर्छ । विद्यालय वरिपरि छरिएका सामग्रीलाई व्यवस्थित तरिकाले राख्नु पर्छ, जसले विद्यार्थी र शिक्षकलाई चोटपटक लाग्नबाट बचाउँछ । विद्यालयलाई बालमैत्री र अपाङ्गमैत्री बनाउनु पर्छ । विद्यालय प्राकृतिक र मानवीय गतिविधिहरूबाट पनि प्रभावित हुन सक्छ । विद्यालयमा पशु र मानवीय गतिविधिहरूका कारण विपद् उत्पन्न हुन सक्छ । त्यसैले विद्यालयलाई तारबार लगाएर सुरक्षित बनाउनु पर्छ । विद्यालयमा आवागमनका लागि मोटरबाटो हुनु आवश्यक छ, तर त्यहाँ सवारी साधनको आवतजावत कम हुनु पर्छ । विभिन्न प्रकारका प्राकृतिक र मानवीय प्रकोपबाट सुरक्षित रहनका लागि प्राकृतिक प्रकोपको पूर्वानुमान र सावधानी अपनाउन सकिन्छ ।

कोभिड-१९ को सन्दर्भमा विद्यालय सञ्चालनको कार्यदिशा २०७७ अनुसार, विद्यालय सञ्चालन वा बन्द गर्नका लागि स्थानीय तह, शिक्षाविद्, शिक्षक महासंघ, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्यकर्मी, बाल/युवा क्लबका सदस्यहरू र अन्य सरोकारवालासँग परामर्श गर्नुपर्छ । विद्यालय सञ्चालन वा पुनः सञ्चालनको निर्णय गर्दा सङ्क्रमणको जोखिम नहुने क्षेत्रका विद्यालयहरूबाट सुरू गर्ने व्यवस्था गर्न सकिन्छ । कक्षा र विशेष विद्यालयहरूको पुनः सञ्चालनका लागि स्वास्थ्य सुरक्षा उपायहरू अपनाउनु पर्छ ।

### ४.५.२ वर्तमान अवस्था

आपतकालिन तथा संकटपूर्ण अवस्थामामा बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चितताको लागि आपतकालिन अवस्थामा शिक्षाको सन्दर्भ जोडिएको छ । यस अवधारणाअन्तर्गत शिक्षा क्षेत्रमा देखापर्ने सम्भावित जोखिमको पूर्वतयारी, आपतकालिन अवस्थामा क्षति कम हुने गरी विद्यालय तहको शिक्षा सेवाको सुचारु व्यवस्थापन, आपतकाल पश्चात क्षतिको पूर्ति र सम्वन्धित कार्य ढाँचाको समेटन गरिन्छ ।

प्राकृतिक तथा मानवीय प्रकोप, जस्तै कोभिड-१९, का कारण बालबालिकाको सिकाइ र शिक्षा प्राप्त गर्ने अधिकारमा अवरोध आएको अवस्थामा पाठ सिकी आपतकालिन अवस्थामा शिक्षाको कार्यदिशा निर्माणको कार्य, यो योजनामा समावेश गरिएको छ । द्वन्द्व, महामारी, र प्राकृतिक प्रकोपको अवस्थामा बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरू समावेश गरिएको शैक्षिक कार्यक्रम आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रूपमा सञ्चालन गरिन्छ । यसको मुख्य उद्देश्य भनेको विभिन्न कारणले उत्पन्न संकटकालिन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार र समुदायको जीवन रक्षा गर्नु, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन गर्नु, सामाजिक द्वन्द्व, हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नु, र समग्र शिक्षा क्षेत्रलाई क्रियाशील बनाइ शैक्षिक कार्यक्रमहरूको तयारी र सञ्चालन गर्नु हो । आपतकालिन अवस्थामा शिक्षाको भूमिकालाई सामान्य उद्धार कार्यका रूपमा हेर्नु एक ठूलो चुनौती हो । हालैका आपतकालिन अवस्थाहरूले शिक्षा क्षेत्रलाई प्रभावित गरेका छन् । यस कारण शिक्षाको महत्त्व र भूमिकालाई गाउँपालिकामा सुनिश्चत गर्नु आवश्यक छ । गाउँपालिकामा आपतकालिन अवस्थामा शिक्षा प्रणालीमा आधारित योजनामा केहि प्रमुख उद्देश्य, रणनीतिहरू, उपलब्धिहरू र क्रियाकलापहरू निर्धारण गरिएको छ ।

### ४.५.३ उद्धेश्य

- औपचारिक र अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।
- सम्भावित विपद्को व्यवस्थापन र उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु ।
- विपद् व्यवस्थापनका लागि संयन्त्र र कार्यदिशा विकास गर्दै पूर्व तयारीका आधार तय गर्नु ।
- विपद्बाट बालबालिकामा पर्ने असरलाई न्यूनीकरण गर्नु ।

### ४.५.४ रणनीति

- विपद्को समयमासिक्षण र सिकाइका गतिविधिहरूलाई निरन्तरता दिने पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्निर्माण सम्बन्धी आवश्यक नीति, मार्गदर्शन र कार्यविधिहरू तयार पार्ने र कार्यान्वयन गर्ने ।
- सम्भावित प्रकोप र विपद्बारे पूर्वसावधानी र प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी र सिपको विकास गर्ने ।
- महामारीको समयमा सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको अन्वेषण र प्रयोग गर्ने ।
- सम्पूर्ण विद्यालयहरूको विपद् जोखिमको अवस्था मूल्याङ्कन गर्ने र प्राथमिकता निर्धारण गर्ने ।
- विद्यालयले विपद् विषयमा तयार गरेको सुधार योजनालाई प्रभावकारी रूपमासहकार्य र समन्वय गरेर कार्यान्वयन गर्ने ।
- विपद्को प्रतिकार्यका लागि आवश्यक सीप, ज्ञान र स्रोतको तयारी गर्ने ।

### ४.५.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि:**

- विद्यालय र शिक्षा प्रणालीमा विपद् र प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना र पुनर्निर्माण योजनाहरूको क्षमता विकास हुने ।
- विपद् र संकटपूर्ण अवस्थामाशैक्षिक क्रियाकलापहरू निरन्तर रूपमासञ्चालन हुने ।
- विपद् जोखिम न्यूनीकरणका लागि योजना निर्माण गरिने ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा संकटासन्नता मूल्यांकनका आधारमा योजना निर्माण | ० | १ | १ | १ | १ | १ |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ४ | ८ | १४ | २० | २४ |
| ३ | शिक्षक तथा वि.व्य.स तालिम | ० | १ | २ | ३ | ४ | ५ |
| ४ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समुह निर्माण र परिचालन | 0 | १ | १ | १ | १ | ५ |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण तथा पुनरावलोकन् | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| २ | विपत् तथा प्रकोप व्यवस्थापनमा स्थानीय तह र विद्यालयको क्षमता विकास | जना | ५०० | २५ | ५० | ७५ | १५० | १५० | ४५० | ५० |
| ३ | शिक्षाका सवै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथा संकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाउने | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापन तथा उत्थानशीलताका लागि सचेतना शिक्षक तथा वि.व्य.स तालिम | तालिम | ४ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |
| ५ | हरित विधालय प्रवर्द्धन | वटा | ३० | १ | ५ | ५ | १० | ९ | ३० | निरन्तर |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

सामुदायिक विद्यालयहरूमा भवन र भौतिक पूर्वाधारको आवश्यकता पहिचान गरी आधारभूत भौतिक संरचनाको व्यवस्था गर्न, विद्यालय पूर्वाधार र मापदण्डका अनुरूप विद्यालय भवन स्थापना र निर्माण कार्य सञ्चालन गर्न, निरन्तर योजना अनुगमन गर्न, तोकिएको मापदण्ड पुरा गरी विद्यालय भवन तथा भौतिक पूर्वाधार निर्माणको गुणस्तरको मूल्याङ्कन गर्न आवश्यक देखिन्छ। विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत विपद् जोखिम न्यूनीकरणको मुख्य ध्यान सुरक्षित पुनर्निर्माण र भूकम्प प्रभावित जिल्लाहरूका विद्यालयहरूको मर्मत–सम्भार तथा भूकम्पीय प्रभाव बाहिरका जिल्लामा सुरक्षित निर्माण र प्रबलीकरणमा केन्द्रित गरिएको छ। सुरक्षित विद्यालयको अवधारणाले बृहत् विद्यालय सुरक्षा ढाँचाको तीन खम्बालाई समेटेको छ:

१. सुरक्षित पूर्वाधार
२. विपद् जोखिम व्यवस्थापनको सुदृढीकरण
३ सरोकारवाला र समुदायको उत्थानशीलता

विद्यार्थीहरूलाई सिकाइको सुरक्षित वातावरण सुनिश्चित गर्नका लागि सबै विद्यालयमा विद्यालय सुरक्षा र विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। यस्ता कार्यक्रमहरूले समुदाय बीच विपद् व्यवस्थापन र उत्थानशीलतालाई सुदृढ बनाउँछन्।

### ४.६.२ वर्तमान अवस्था

सान्नित्रिवेणि गाउँपालिकाभित्र ३० सामुदायिक विद्यालयहरू छन्, जसमा २२ वटा आधारभूत विद्यालय (आ.वि.), ८ वटा माध्यमिक विद्यालय विद्यालय रहेका छन्। यी विद्यालयहरूमा सुविधायुक्त कक्षाकोठा छन् । उपलब्ध कक्षाहरू शिक्षण सिकाइका लागि पर्याप्त देखिदैनन्। माध्यमिक तहका विद्यालयमा पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था भए पनि आधारभूत तहका विद्यालयहरूमा पर्याप्त व्यवस्थापन छैन। सबै विद्यालयहरूमा विद्यालय प्रशासन सञ्चालनका लागि कम्तिमा एक वटा कोठा उपलब्ध छ। विद्यार्थी संख्या बढी भएका विद्यालयहरूमा शिक्षण सिकाइको लागि कक्षाकोठा अपुग छन्। यसैगरि कच्ची भवन र कक्षाकक्षाहरूलाई पुनःनिर्माण गर्नुपर्ने आवश्यकता छ।

गाउँपालिकाभित्र संचालित सामुदायिक विद्यालयहरू मध्ये ३० प्रतिशत कच्ची भवनहरू स्तरोन्नति र पुनःनिर्माण गर्ने अवस्थामा छन्। त्यस्तै, सबै विद्यालयहरूमा छात्रछात्राहरूका लागि अलग-अलग शौचालय व्यवस्था गर्न नसकिएको अवस्था छ। भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार विद्यालय भवन निर्माण गर्नुपर्ने आवश्यकता छ। सबै विद्यालयका भवनहरू अपाङ्गमैत्री र लैङ्गिक समानतामूलक सुरक्षित मापदण्डअनुसार निर्माण गर्नुपर्ने छ।

### ४.६.३ उद्देश्य

१ विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधारको विकास गर्नु।
२ सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधाहरू सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मतसम्भार र सबलीकरण गर्नु।
३ नयाँ बन्ने र सुधार गरिने संरचनाहरू बालमैत्री, अपाङ्गमैत्री र भूकम्प प्रतिरोधी निर्माण गर्न नीतिगत व्यवस्थासहित कार्यान्वयन गर्नु।
४ विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसार केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने व्यवस्था गर्नु।

### ४.६.४ रणनीति

१ भौतिक पूर्वाधार विकासका लागि विद्यालयको तह, विद्यार्थी संख्या र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने।
२ विद्यालयमा भौतिक पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने।
३ विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवाला सहभागितामा कार्यान्वयन गर्ने।
४ विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण, पुनर्निर्माण र मर्मतसम्भार गर्ने।
५ पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय र वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रूपमा विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।
६ भौतिक निर्माणका स्रोत परिचालनमा विभिन्न तहका सरकारबीच समन्वय कायम गर्दै एकद्वार प्रणाली अपनाउने।
७ विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी र गैरसरकारी सङ्घसंस्थाको सहभागिता सुनिश्चित गर्दै साझेदारीमा निर्माण कार्य गर्ने।

### ४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय भवन | १५ | १८ | २२ | २५ | ३० | ११० |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षा कोठा सङ्ख्या | १० | २० | २५ | ३५ | ४० | १३० |
| ३ | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ५ | १० | १४ | २० | २० | ६९ |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ५ | ५ | ७ | १० | १५ | ४२ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | २ | ५ | ८ | ८ | ७ | ३० |

### ४.६.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | सङ्ख्या | ६० | ३ | ५ | ५ | ८ | ८ | २९ | ३१ |
| २ | विद्यालय भवनको सबलीकरण | सङ्ख्या | २० | ० | २ | २ | ४ | ४ | १२ | ८ |
| ३ | विद्यालयमाबनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय | २० | १ | १ | १ | १ | १ | ५ | १५ |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय, पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | ३० | ५ | ५ | ५ | ५ | ५ | २५ | ५ |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय | ५५ | ५ | ५ | ५ | ५ | ५ | २५ | ३० |
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | विद्यालय | ३० | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | पटक | १० | २ | २ | २ | २ | २ | १० | निरन्तर |
| ८ | हरित विद्यालय निर्माण | विद्यालय | ३० | ६ | ६ | ६ | ६ | ६ | ३० | ३० |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१.परिचय

नेपालको दीर्घकालिक उद्देश्य भनेको सबै नागरिकलाई आवश्यक ज्ञान र सीप प्रदान गरेर देशलाई विश्व समुदायसँग जोड्नु हो । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT) को समावेश गर्नु अनिवार्य छ, ताकि हाम्रो शिक्षापद्धति श्रम बजारको आवश्यकताअनुसार समायोजित होस् र विद्यार्थीहरूलाई विश्व प्रतिस्पर्धाका लागि तयार पार्न सकियोस् । नेपालका संविधान, २०७२ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारका विषयमा सूचना माग्ने र प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगले विद्यार्थीहरूलाई डिजिटल समावेशिता प्रदान गर्ने, सिकाइ सुधार गर्ने, र सबैका लागि शिक्षा पहुँचयोग्य बनाउने अवसरहरू सिर्जना गर्ने छ । यसले विद्यालय व्यवस्थापन र शासकीय प्रक्रियाहरूलाई कुशल र प्रभावकारी बनाइ सुशासनको सुदृढीकरणमा मद्दत गर्नेछ । नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ मा सूचना प्रविधिको पहुँच सुनिश्चित गर्ने र शिक्षा क्षेत्रमा ICT को प्रयोगलाई बढावा दिने नीतिहरू समावेश गरिएको छ । डिजिटल नेपालको कार्य योजना, २०७६ मा पनि विद्यालय र क्याम्पसहरूमा ICT शिक्षा र जिओस्पेसियल/GIS शिक्षा प्रदान गर्नका लागि योजनाहरू छन्, जसले शिक्षा क्षेत्रको ICT क्षमता विकासमा मद्दत पुर्याउने छ ।

### ४.७.२.वर्तमान अवस्था

नेपालको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार, सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा लागू गर्ने प्रयास गरिएको छ । पाठ्यक्रम, पाठ्यसामग्री विकास र विद्युतीय सामग्रीहरूको उपलब्धता सुनिश्चित गर्ने कार्यहरू भइरहेको छन् । विद्यालयहरूको ICT प्रयोग र शैक्षिक क्रियाकलापमा सुधार ल्याउने उद्देश्यले कार्यक्रमहरू सञ्चालित छन्, यद्यपि सामुदायिक विद्यालयहरूमा ICT को प्रयोग सन्तोषजनक मात्रामा व्याप्त भएको छैन । यस गाउँपालिकाका विद्यालयहरूमा कम्प्युटर र इन्टरनेट पहुँचमा कमी रहेको छ । ICT को प्रभावकारी प्रयोगका लागि पूर्वाधारको अभाव र दक्ष जनशक्तिको कमी देखिन्छ । पाठ्यक्रममा कम्प्युटर शिक्षा र ICT सम्वन्धी विषयहरूको व्यापकता पनि कम छ, जसले ICT को प्रयोगलाई व्यापक बनाउने कार्यमा अवरोध पुर्याइरहेको छ ।

### ४.७.३. उद्देश्य

१. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच विस्तार गरी कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनु ।
२.शिक्षामा समान पहुँचका साथसाथै सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन ICT को प्रयोग विस्तार गर्नु ।
३. शिक्षाको समग्र व्यवस्थापनलाई ICT को प्रयोगद्वारा प्रभावकारी, पारदर्शी र समान बनाउनु ।

### ४.७.४. रणनीतिहरू

१. सिकाइलाई सहजीकरण गर्न ICT को एकीकृत सिकाइ रणनीतिको चयन गरेर प्रयोग गर्ने ।
२. सिकाइको मूल्याङ्कन र पृष्ठपोषण गर्न ICT को प्रयोग गर्ने ।
३. शिक्षामा ICT नीति र डिजिटल संस्कृतिमा आधारित शिक्षकहरूको क्षमता विकास गर्ने ।
४. सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमाआधारित बनाउन सिकाइ वातावरण विकासमा प्राथमिकता दिने ।
५. शैक्षिक स्रोत सामग्रीहरूको पहुँच विस्तार गर्न इन्टरनेट सुविधाको प्रयोग गरेर विद्यालय र विद्यार्थीहरूमा पहुँच पुर्याउने ।

### ४.७.५. प्रमुख उपलब्धी र नतिजा

**उपलब्धि**

१. विद्यालयमासूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमासुधार आई सुशासन प्रवर्धन हुने

२. डिजिटल साक्षरता, प्रविधिमाआधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्रीको विकास भएको हुने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग भएको हुने
४. सबै विद्यालयमासूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने
५. सूचना प्रविधिमाआधारित शिक्षक सहायतता प्रणालीको विकास तथा सञ्चालन हुने
६. सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमाविस्तार हुने

**प्रमुख नतिजा  तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | २ | ४ | ७ | ७ | १० | ३० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ४ | ७ | ७ | ७ | ५ | ३० |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ८ | ७ | ५ | ५ | ५ | ३० |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय प्रतिशत | ३० | ३५ | ४० | ४५ | ५० | ५५ |
| ५ | वैकल्पिक उर्जा तथा विद्युतको पहुँच पुगेका विद्यालय प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | निरन्तर |

४७..६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | भौतिक लक्ष्य(वर्ष ५) | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | प्रत्येकविद्यालयमा Internet Connectivity को व्यवस्था तथा सञ्चालन | वटा | ३० | ८ | ७ | ७ | ५ | ३ | ३० | निरन्तर |
| ३ | शिक्षकहरूको क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वटा | ३० | ८ | ५ | ७ | ५ | ५ | ३० | |
| ५ | IEMIS व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| ७ | विद्यालमा इ हाजिरी व्यवस्थापन तथा सञ्चालन | वटा | २५ | ३ | ५ | ५ | ५ | ५ | २३ | २ |
| ८ | साप्ताहिक रुपमा माध्यमिक विद्यालयका अनिवार्य विषयहरुको भर्चुअल कक्षा संचालन | विद्यालय | २५० | २८ | ५६ | ५६ | ५६ | ५६ | २५४ | निरन्तर |
| ९ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | वटा | | ८ | ८ | ८ | ८ | ८ | ४० | |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिमको ब्यवस्था | पटक | | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद – ५: अन्य उप-क्षेत्र

### ५.१ उच्च शिक्षाको व्यवस्थापन

नेपालको शिक्षा संरचनामा माध्यमिक तहको शिक्षा पूरा गरेपछि विश्वविद्यालय स्तरको शिक्षा उच्च शिक्षा मानिन्छ । उच्च शिक्षा राष्ट्रको आर्थिक र सामाजिक परिवर्तनको लागि आवश्यक स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वाबलम्बी, रोजगारमूलक र गुणस्तरीय मानव संशाधन उत्पादन गर्ने उद्देश्य राख्दछ । माध्यमिक शिक्षा पूरा गरेपछि, विद्यार्थीहरू आफ्नो रुचि र क्षमताका आधारमा विभिन्न क्याम्पस तथा विश्वविद्यालयमा उच्च शिक्षा प्राप्त गर्न सक्छन् । नेपालमा उच्च शिक्षा प्रदान गर्ने चार तहको नीति व्यवस्था गरिएको छ । नेपालको संविधान, २०७२ ले महिला, दलित, अपाङ्गता भएका र आर्थिक रूपले कमजोर नागरिकलाई निशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । संविधानले केन्द्रीय विश्वविद्यालयहरूलाई संघीय सरकारको अधिकार क्षेत्र र प्रदेश स्तरीय विश्वविद्यालयहरूलाई प्रदेश सरकारको अधिकार क्षेत्रमा राखेको छ ।

आजको आवश्यकता भनेको उच्च शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय शिक्षा प्रदान गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सीप र प्रविधिमा दक्ष जनशक्ति तयार गर्नु हो । उच्च शिक्षा क्षेत्रले देशको आर्थिक र सामाजिक विकासमा अहम भूमिका खेल्न सक्छ, तर नेपालमा उच्च शिक्षा संस्थाहरूको गुणस्तरमा कमी देखिन्छ । विशेषतः क्याम्पसहरूमा आवश्यकताका आधारमा शिक्षा प्रदान गर्नको सट्टा, रुचि र जागिरको खोजीमा क्याम्पसहरू खोल्ने प्रचलनले गुणस्तर घटाएको छ । यस खण्डमा उच्च शिक्षामा समावेशी पहुँच, गुणस्तर, समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षा गर्दै आगामी दश वर्षका लागि सान्नी त्रिवेणी गाउँपालिकाको उच्च शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू र लक्ष्यहरू उल्लेख गरिएको छ ।

#### ५.१.१ वर्तमान अवस्था

सान्नी त्रिवेणी गाउँपालिकामा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त श्री जनचेतना बहुमुखी क्याम्पस सञ्चालनमा रहेको छ । यस क्याम्पसमा शिक्षा शास्त्र संकायअन्तर्गत ४ वर्षे स्नातक तहको अध्यापन सञ्चालन गरिएको छ । नेपाली, अंग्रेजी, जनसंख्या शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा जस्ता विषयहरू क्याम्पसमा अध्यापन गराइन्छ । भौतिक संरचना पूर्ण नभए तापनि, यस क्याम्पसले आफ्नै भवनमा पठनपाठन संचालन गर्दै आएको छ । यहाँ पूर्णकालीन प्राध्यापकहरूको संख्या १ र आंशिक प्राध्यापकहरूको संख्या ५ रहेको छ । तर क्याम्पसलाई भौतिक रूपमा सुविधा सम्पन्न बनाएर उच्च गुणस्तरीय शिक्षा प्रदायक संस्थाको रूपमा रूपान्तरण गर्न आवश्यक छ । उच्च शिक्षामा भर्ना प्रक्रिया अत्यधिक खुकुलो हुनु, क्याम्पसहरू जागिर खोज्ने वा जागिरमा बढुवा चाहनेहरूको प्रमाणपत्र वितरण गर्ने केन्द्रका रूपमा मात्र संचालन हुनु, तथा समुदायको आवश्यकता अनुसारको अध्ययन अनुसन्धानका कामहरूको अभाव जस्ता समस्याहरू रहेका छन् । साथै, उच्च शिक्षामा गरिब, दलित, अपाङ्गता भएका र पछाडि पारिएका समुदायको पहुँच पनि पुग्न नसकेको छ ।

#### ५.१.२ चुनौती र अवसर

सामाजिक र आर्थिक समस्याहरूका बाबजुत, उच्च शिक्षा अध्ययनका लागि क्याम्पसहरूको स्थापना र संचालन भइरहेको छ, यद्यपि, यी क्याम्पसहरूको गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा चुनौतीहरू रहेका छन् । क्याम्पसहरूको सुधारका लागि भौतिक पूर्वाधार र आर्थिक लगानीमा वृद्धि, दक्ष शिक्षकहरूको व्यवस्थापन, र जीवनोपयोगी शैक्षिक कार्यक्रमहरूको आवश्यकतालाई ध्यानमा राख्नु महत्वपूर्ण छ । त्यस्तै, उच्च शिक्षा व्यावसायिक, व्यवहारिक र शैक्षिक बेरोजगारी न्यूनीकरणका दृष्टिकोणबाट विकास गर्नुपर्छ । उच्च शिक्षा प्राप्त जनशक्तिले रोजगार सिर्जना गर्न सक्षम हुनुपर्छ र क्याम्पसहरूले स्थानीय प्राकृतिक स्रोत साधन र मौलिक कला संस्कृति तथा सभ्यताको अध्ययन र अनुसन्धानमा भूमिका खेल्नुपर्छ ।

तर भौगोलिक विकटता र विविध समस्याहरूका बाबजुत, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस स्थापना भएको छ भने, यस गाउँपालिकाले क्याम्पस व्यवस्थापनका लागि वार्षिक लगानी पनि पुर्याइरहेको छ । यसले स्थानीय समुदायका लागि उच्च शिक्षा प्राप्त गर्न घर नजिकैको क्याम्पसमा अध्ययन गर्ने अवसर प्रदान गर्दछ, जुन एक ठूलो अवसर मानिन्छ

### ५.१.३ उद्देश्य

१. उच्च शिक्षामा सबै वर्ग,लिङ्ग र जात तथा समुदायका नागरिकहरुको समावेशी पहुँच अभिबृद्धि गर्नु,
२. उच्च शिक्षाका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु,
३. सामाजिक र आर्थिक विकासका लागि युग सुहाउँदो, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्नु,

### ५.१.४ रणनीति

१. गाउँपालिका भित्रका विद्यालय शिक्षाको कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको क्षमता र योग्यता अनुसार उच्च शिक्षाको प्रबन्धका लागि योजना तयार गर्ने।
२. खुला एवं दूर शिक्षा लगायतका व्यस्थामार्फत उच्च शिक्षामा पहुँच बृद्धिका लागि आवश्यक पहल गर्ने।
३. उच्च शिक्षामा महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समूदाय र वर्गको पहुँच बढाउनका लागि आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने।
४. उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकताका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने।
५. विद्यार्थीहरूलाई उच्च शिक्षाका अवसरहरु उपलब्ध गराउनका लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने।
६. पालिका अन्तर्गत सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहयोग उपलब्ध गराइनेछ।
७. उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनका लागि केन्द्र तथा प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने।
८. उच्च शिक्षाको विकासका लागि सार्वजनिक, सामूदायिक तथा निजीस्तरमा साझेदारी गर्ने कार्यलाई प्रोत्साहन गर्ने।
९. आर्थिक रूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।

### ५.१.५ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

उच्च शिक्षामा समावेशी पहुँच अभिबृद्धि भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधारवर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | सान्नित्रिवेणि गाउँपालिकाका कक्षा १२ वा सो सरहको तह पुरा गरेका विद्यार्थीहरुको क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच | १५ | २० | २५ | ३० | ३५ |
| २ | गाउँपालिका भित्र उच्च शिक्षा प्रदायक संस्थाको स्थापना | १ | ० | ० | ० | ० |
| ३ | गाउँपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिबृद्धि | ० | १ | १ | १ | १ |
| ४ | उच्च शिक्षा उत्पादन र आर्थिक उपार्जनसँग जोडिएको | ० | १ | १ | १ | १ |
| ५ | उच्च शिक्षामा सार्बजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिबृद्धि | ० | १ | १ | १ | १ |

**५.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | भूगोल र विद्यार्थीको माग तथा आवश्यकताका आधारमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाको स्थापना गर्ने | संख्या | १ | | | १ | | | १ | |
| २ | उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूको न्यूनतम भौतिक पूर्वाधार विकास गर्ने | संख्या | | | १ | | | १ | २ | |
| ३ | उच्च शिक्षामा दक्ष,क्षमतावान र कर्तव्यनिष्ठ तथा पेशाप्रति समर्पित जनशक्तिको व्यवस्थापन गर्ने | संख्या | १५ | ० | १ | १ | १ | १ | ५ | १० |
| ४ | उच्च शिक्षा अध्ययनका लागि अपाङ्गता भएका तथा आर्थिक रुपले विपन्न जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्ति प्रदान गर्ने | संख्या | ५० | ५ | १० | १० | १० | १० | ४५ | ५ |
| ५ | उच्च शिक्षामा अंग्रेजी, गणित तथा विज्ञान विषयका कार्यक्रमहरु सञ्चालन गर्ने | विद्यालय | २० | २ | २ | २ | २ | २ | १० | १० |
| ६ | उच्च शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन योजना निर्माण गरी कार्यान्वयन गर्न सहयोग गर्ने | निरन्तर | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ७ | उच्च शिक्षामा विभिन्न साझेदार निकायहरुको लगानी तथा साझेदारी वृद्धि गर्ने | निरन्तर | १ | ० | १ | - | - | - | १ | निरन्तर |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

## ६.१ सुशासन तथा व्यवस्थापन

### ६.१.१ परिचय

शिक्षा क्षेत्रको परिमाणममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि यस गाँउपालिकाको लागि संस्थागत क्षमता विकास एक महत्वपूर्ण आधार हो। शिक्षासम्बन्धि राष्ट्रिय नीति, मापदण्ड, योजना र कार्यक्रमको प्रभावकारी कायार्न्वयन गरी अपेक्षित नतिजा हासिल गर्नका लागि संस्थागत क्षमता विकासमा जोड दिन अति आवश्यकता रहेको छ। यो शिक्षा क्षेत्र योजनाको पूर्ण रुपमा कार्यान्वयनको लागि सम्पादन गर्नु पर्ने अधिकतम कार्यक्रमहरू सम्पादन गर्न विद्यमान जनशक्तिलाई कस्तो प्रकारको क्षमता विकासको आवश्यकता छ, त्यसको लेखाजोखा गरी अगामी पाँच वर्षका लागि कर्मचारी र जनप्रतिनिधिहरुको ब्यक्तिगत क्षमता, स्थानीय तहको संस्थागत क्षमता र थप सुधार गर्नुपर्ने आवश्यकता लिई मध्यनजर गरेर योजना बद्धरुपमा आगाडी बढ्नु अति आवश्यक हुन्छ। स्थानीय तहले आफ्ना अधिकारिभत्र रहेर आवश्यकता अनुसार नीति, योजना तथा कार्यक्रम र बजेट तर्जुमालगायत विभिन्न विषयगत क्षेत्रको विकासका लागि आवश्यक क्षमता विकासका क्षेत्रहरुको पहिचान सहित योजनाबद्ध हनुपर्दछ। सामान्यतया क्षमता विकासलाई तीन आयाममा विश्लषेर्ण गर्न सकिन्छ। सर्वप्रथम संस्थाको संरचनालाई दुरुस्त पार्नु पर्ने एउटा पाटो हो भने संरचनाको जिम्मेवारी अनकुल हुनेगरी आवश्यक संख्यामा मानव संसाधनको व्यवस्था र तिनीहरुको जिम्मेवारी अनुसारका कार्य गर्न सक्नेगरी ज्ञान, सीप र क्षमताको विकास गर्नु जरुरी छ। यसका अतिरिक्त पालिकाले जनसमक्ष न्युनतम र निरन्तर पुर्याउनुपर्ने सेवाहरु मध्य शिक्षा क्षेत्र अन्तर्गतका सेवाहरू पनि हुन्छन्। यी सबै प्रकारका सेवाहरु उचित व्यबस्थापनको लागि संस्थागत क्षमता विकासको आवश्यकता पर्दछ। तर्सथ, यो शिक्षा क्षेत्रको योजना तर्जुमाको सन्दर्भमा संस्थागत क्षमता विकास र सुशानलाई प्रमुख साधन तथा माध्यमको रुपमा लिई योजना तर्जुमा गरिएको छ। यो सान्नी त्रिवेणी गाँउपालिका शिक्षा योजना तर्जुमा गर्दा संस्थागत विकास तथा तथा क्षमता विकास, श्रोत परिचालन, स्थानीय सुशासन, विकास व्यवस्थापन, लैङ्गिक समता तथा सामाजिक समावेशीकरण र शिक्षित वर्ग तथा समदुायको मूलप्रवाहीकरण सम्बन्धि विषयहरु समावेश गरिएका छन्। सोह्रौ योजनामा सबै जाति, धर्म, भाषा, सिंस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव र सहिषुणताको भावना जागृत गराई राष्ट्रिय एकता कायम गर्न विद्यालय शिक्षादेखि विश्वविद्यालय शिक्षासम्मको पाठ्यक्रममा समायानुकूल परिमार्जन गरि कार्यान्वयन गर्ने कुरा उल्लेख गरिएको छ। साथै सार्वजनिक सेवा र सेवा प्रवाहसँग सम्बन्धित कर्मचारी प्रशासनलाई जनमूखी र पररणाममूखी बनाउन सार्वजनिक सेवा सम्पादन सम्बन्धि विशेष सार्वजनिक सेवा कार्य सम्पादन ऐन निर्माण गर्ने; सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई छैटो, छरितो, चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन अनुहार रहित र कागज रहित बनाइ विधुतीय सुशासन प्रवद्धन गर्ने; एउटै विवरण एक पटक मात्र सङ्कलन गर्ने आवश्यक कानूनी व्यवस्था गर्ने; सार्वजनिक सेवा प्रवाहलाई लक्षित वर्गको सेवाग्राहीको माग र आवश्यकतालाई सम्बोधन हुनेगरी सेवा तथा सहायता प्रदान गर्न प्रशासनिक व्यवस्थामा सुधार गर्ने; सार्वजनिक निकायहरूमा हुने सबै प्रकारका भुक्तानीहरूलाई विधुतीय स्वरूपमा रुपान्तरण गर्ने; गुनासोको सुनुवाई तथा तत्काल सम्बोधन हुने प्रणालीको विकास गर्ने; सावजनिक सेवामा आबद्ध पदाधिकारी तथा कर्मचारीसँग गरिएको कार्य सम्पादन करारलाई नतिजामूलक बनाउने व्यवस्थापन परिक्षण र कार्य परिक्षण लागु गरी कार्य सम्पादन प्रणालीमा सुधार गर्ने उल्लेख गरिएको छ।

## ६.२ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.२.१ परिचय

योजनाले तोकेका लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न, त्यसमा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन, सञ्चालन, व्यवस्थापन, अनुगमन, निरीक्षण, पृष्ठपोषण, तथा मूल्याङ्कनका लागि सुदृढ संस्थागत संरचना र योग्य मानवीय स्रोत आवश्यक पर्छ। संस्थागत संरचनाले कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाउनुका साथै यसको प्रभावकारितामा महत्वपूर्ण भूमिका खेल्दछ। योजना तथा कार्यक्रम कार्यान्वयनका लागि "कसले, के, कसरी, कहिले, र कहाँ" भन्ने प्रश्नहरूको उत्तर मुख्य रूपमा संस्थाको जनशक्तिसँग जोडिएको हुन्छ।

नेपालको संविधान, २०७२ कार्यान्वयनसँगै शिक्षा प्रशासनसँग सम्बन्धित निकायहरूको संरचना फेरबदल भएको छ। संविधानले संघ, प्रदेश, र स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षामा जिम्मेवारी तोकेपछि केन्द्रदेखि स्थानीय तहसम्म शिक्षा क्षेत्रमा विभिन्न संस्थागत संरचनाहरू क्रियाशील छन्। केन्द्रमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, र मानव स्रोत विकास केन्द्र, तथा जिल्लास्तरमा शिक्षा विकास तथा समन्वय इकाइले शिक्षा सम्बन्धी कार्य गर्दै आइरहेका छन्। यस्तै, स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखाले शिक्षा सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ। संविधान कार्यान्वयनसँगै संरचनामा फेरबदल भए पनि प्रासंगिक कानून निर्माण नहुँदा शिक्षा प्रशासनमा अन्योलता विद्यमान छ। कसले के काम गर्ने, अधिकार कति हुने भन्ने विषयमा स्पष्टता अभावले कार्यसम्पादनमा समस्या आएको छ। यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहका २३ वटा अधिकारहरू तोकिएको भए पनि संघीय शिक्षा ऐन तथा नियमावली नबनेको कारण पनि शिक्षा क्षेत्रमा चुनौतीहरू रहेका छन्।

नयाँ संरचनाअन्तर्गत लोकसेवा आयोगबाट सिफारिस भई आएका कर्मचारीहरूको भूमिका, कर्तव्य, र अधिकार स्पष्ट नहुँदा तथा उनीहरूलाई क्षमता विकासका अवसर उपलब्ध नगराउँदा कार्यसम्पादनमा चुनौती उत्पन्न भएको छ। नेपालको बदलिंदो परिप्रेक्ष्य अनुसार शासकीय संरचना, कार्यपद्धति, कर्मचारीहरूको क्षमता विकास, र कानून निर्माण सुनिश्चित गरिए मात्र शिक्षा क्षेत्रमा सुशासन र प्रभावकारीता सम्भव छ। सुदृढ शैक्षिक प्रशासनका लागि शिक्षा क्षेत्रमा कार्यरत कर्मचारीहरूको माग र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम, सूचना तथा सञ्चार प्रविधिमा भएको विकाससँग समायोजन हुने कार्यक्रम, सकारात्मक सोच र व्यवहार-कुशल सीपमा आधारित तालिम सञ्चालन गर्न आवश्यक छ। यसले योजना तथा उद्देश्यहरूको सफल कार्यान्वयनमा सहजता ल्याउनेछ। केन्द्रदेखि स्थानीय तहसम्मका सबै संस्थागत कार्यालयहरुमा तहगत र श्रेणीगत रुपमा विभिन्न कर्मचारीको संगठनात्मक दरबन्दीको व्यवस्था गरी प्रशासन सञ्चानल गर्ने, कार्यालय व्यवस्थापन गर्ने, कार्यालयको सेवा प्रवाह गर्ने र त्यसलाई निरन्तरता दिने र विद्यमान तमाम समस्याहरुको समाधान गर्ने कार्य भइरहेको छ। संविधान कार्यान्वयसंगै संस्थागत तथा संगठनात्मक संरचनामा फेरबदल भएता पनि हालसम्म कानूनहरु नबनिसकेकाले कसले, के काम कसरी गर्ने? कसको जिम्मेवारी र अधिकार कति हुने भन्ने विषयले अन्यौलता पैदा गरेको छ।

### ६.२.२ वर्तमान अवस्था

नेपालमा विभिन्न तहका सरकारहरुको आ-आफ्नै संस्थागत संरचना र संगठनात्मक व्यवस्था भएको परिवेशमा सान्नी त्रिवेणी गाउँपालका कालिकोटको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनालाई हेर्दा गाउँपालिकाको दैनिक शैक्षिक प्रशासन सञ्चालन, व्यवस्थापन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यहरु गर्नका लागि छुट्टै शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था गरिएको छ। जसको संगठन संरचनालाई हेर्दा उक्त शाखामा १ जना सहायक स्तर पाँचौ र १ जना प्राविधिक सहायक चौथो रहने व्यवस्था रहेको छ। त्यसैगरी सान्नी त्रिवेणी गाउँपालिकाको शिक्षा ऐन, २०७५ मा शिक्षा अधिकृत र प्राविधिक सहायकको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिने व्यवस्था छ भने दरबन्दी तेरिजमा २ वटा मात्र दरबन्दीको व्यवस्था गरिएको, विद्यालय अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन विद्यालय निरीक्षकको व्यवस्था गर्ने कुरामा अन्यौलता देखिएको छ। शाखामा विद्यमान कर्मचारीहरुलाई क्षमता विकासका तालिमहरुको व्यवस्था नहुदाँ दैनिकजसो कार्य संचालनमा असहजता सिर्जना हुने गरेको छ। विद्यालय शिक्षासँग सम्बन्धित शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको रकम निकासा एवं वितरणदेखि लिएर आर्थिक स्रेस्ताको अभिलेखीकरण अपेक्षा गरेबमोजिम व्यवस्थित हुन सकेको छैन। साथै शाखामा विद्यमान जनशक्तिले प्रशासनिक कार्यमा बढी समय बिताउनुपर्ने बाध्यता भएकाले विद्यालय अनुगमन तथा सुपरिवेक्षणको पाटो प्रभावकारी बन्न सकेको छैन।

यसैगरी गाउँपालिकाको समग्र संस्थागत संचनालाई हेर्दा गाउँसभाले शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रम पास गर्ने कार्य, गाउँ कार्यपालिकाले कार्यक्रम तथा बजेट निर्माण गर्ने कार्य, गाउँ शिक्षा समितिले बजेट तथा कार्यक्रम निर्माणका लागि सिफारिस, प्राप्त बजेटको बाँडफाँड, शिक्षा सम्बन्धि महत्वपूर्ण निर्णयहरु गर्ने, विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्य, वडा शिक्षा समितिले विद्यालयका लागि आवश्यक थप सहयोग गर्ने, विद्यालय व्यवस्थापन समितिले विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने कार्य, शिक्षक अभिभावक सङ्घले विद्यालयको आर्थिक तथा शैक्षिक गतिविधि सम्बन्धि कार्य गर्दै आएका छन्। साथै सबै विद्यालयहरुमा विद्यालयको दैनिक प्रशासन

सञ्चालनका लागि प्रधानाध्यापक रहने व्यवस्था पनि रहेको छ । तर विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न नसक्दा शैक्षिक क्षेत्रका समस्याहरु बढ्दै गएको देखिन्छ ।

### ६.२.३ चुनौती र अवसरहरुः

नेपाल संघीय संरचनामा गएको ८ वर्ष वितिसक्दा पनि हालसम्म शिक्षा क्षेत्रमा अन्यौलता छरपष्ट हुनुले शैक्षिक सुधारमा विभिन्न चुनौतीहरु रहेको प्रष्टै देखिन्छ । जसमा शिक्षासम्बन्धी स्पष्ट कानूनको व्यवस्था गर्नु, शिक्षा शाखामा आवश्यकता अनुसार दरबन्दीको व्यवस्थापन गर्नु, नागरिक बडापत्र राख्ने तथा गुनासो सुनुवाइ संयन्त्रको विकास गर्नु, शिक्षा शाखामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्नु तथा संविधानले व्यवस्था गरेबमोजिम तीनवटै सरकारका बिच सह-सम्बन्ध, समन्वय र सहकार्य कायम गर्नु जस्ता चुनौतीहरु शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका विद्यमान चुनौतीहरु हुन् ।

यसैगरी यी चुनौतीहरुसँगै केहि अवसरहरु पनि यस क्षेत्रमा देखापरेका छन् । जसमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आउनु, विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राख्नु, स्थानीय तहको आफ्नै शिक्षा ऐन तथा नियमावली निर्माण हुनु, गाउँपालिकामा शिक्षाका कार्यक्रम हेर्ने गरी छुट्टै शाखाको व्यवस्थापन हुनु, गाउँपालिका देखि विद्यालय तहसम्म विभिन्न समितिहरुको व्यवस्था हुनु, शिक्षा शाखामा स्थायी दरबन्दिको व्यवस्थापन हुनु आदिलाई शिक्षा सम्बन्धी संस्थागत संरचना र क्षमता विकासका क्षेत्रमा देखिएका अवसहरु मान्न सकिन्छ ।

### ६.२.४ लक्ष्य

शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ र गुणस्तरीय बनाई नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्ने ।

### ६.२.५ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार शिक्षा क्षेत्रको संस्थागत संरचना बनाउनु,
२. संघ, प्रदेश र स्थानीय सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ र बलियो बनाउनु,
३. शैक्षिक प्रशासन सम्बन्धि गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न आवश्यकता अनुसारको जनशक्ति व्यवस्थापन गर्नु,
४. कार्यसम्पादन स्तरमा सुधार गर्दै उपलब्ध जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,
५. आवश्यकता र परिवेश अनुकुल कार्यरत जनशक्ति र संस्थाको क्षमता अभिबृद्धि गर्नु ।

### ६.२.६ रणनीतिहरू

१. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, योजना तथा कानून निमार्ण गर्ने ।
२. विद्यमान संस्थागत संरचना अनुसार आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने ।
३. शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत जनशक्तिहरुको क्षमता विकास गर्ने ।
४. पालिकास्तरमा गठित शिक्षक पेसागत सहयोग प्रणालीलाई थप प्रभावकारी बनाउने ।
५. वि.व्य.स. अध्यक्ष तथा प्रधानाध्यापकसँग करार सम्झौता गरी कार्यसम्पादनमा जिम्मेवार बनाउने ।
६. विद्यालय शिक्षासँग सम्बन्धित वि.व्य.सं., शि.अ.सं तथा प्रधानाध्यापकहरुको क्षमता विकास गर्ने ।
७. संघ, प्रदेश र स्थानीय सरकारका बीच सहसम्बन्ध, सहकार्य र समन्वयको सिद्धान्त अनुसार कार्य गर्ने परिपाटी सुरु गर्ने ।

### ६.२.७ उपलब्धि तथा  प्रमुख नतिजा

**उपलब्धिः**

शिक्षाका सबै क्षेत्रमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी हुने प्रणालीको विकास भएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| प्रमुख नतिजा | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
|---|---|---|---|---|---|---|
| शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक स्पष्ट कानून तथा मापदण्ड तयार हुने | १ | १ | १ | १ | १ | १ |
| शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार गर्ने | ५ | १० | १० | १० | २० | २० |
| शिक्षाको शासकीय तथा व्यवस्थापनमासहभागि हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट पार्ने | ३ | ५ | ५ | ५ | ५ | २३ |
| शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने | ३ | ६ | ६ | ६ | ६ | २७ |
| सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने | २ | ७ | ७ | ७ | ७ | ३० |

### ६.२.८ मुख्य क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| प्रमुख क्रियाकलापहरु | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (२०८१/८२-२०८५/०८६) | | | | | जम्मा | भौतिक लक्ष्य (१०) वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| शिक्षा योजनाको कार्यान्वयन तथा शैक्षिक प्रशासन सञ्चालनका लागि आवश्यक कानूनी प्रबन्ध र मापदण्डको विकास तथा संशोधन गर्ने | पटक | २ | १ | | | | १ | २ | ० |
| योजना कार्यान्वयन तथा सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक संस्थागत संरचना निर्माण तथा जनशक्तिको व्यवस्थापन गर्ने | पटक | २ | ० | १ | | | | १ | १ |
| संस्थागत संरचना अनुसार कार्यरत मानवीय साधनहरुको दक्षता वृद्धिका लागि आवश्यक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । | जना | ५० | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ |
| तथ्याङ्क तथा सूचकहरुको वास्तविक प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण तथा समयमै सूचना सम्प्रेषण गर्ने प्रणालीको स्थापना र कार्यान्वय गर्ने | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | १ |
| शिक्षा क्षेत्रमा काम गर्ने सबै जनशक्तिहरुसंग कार्यसम्पादन करार गरी सबैलाई सिकाइप्रति उत्तरदायी र नतिजाप्रति जिम्मेवार बनाउने | पटक | ८ | ० | १ | १ | १ | १ | ४ | ४ |
| पालिका स्तरीय शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली स्थापना तथा गरी तिनीहरुको प्रभावकारी सञ्चालन तथा परिचालन (TLG, Expert Group) | पटक | २ | ० | १ | - | - | - | १ | १ |
| सामुदायिक सिकाइ केन्द्रहरु मार्फत अनौपचारिक शिक्षा र आजीवन सिकाइ सम्बन्धी संयन्त्र विकास गरी प्रभावकारी रुपमा परिचालन गर्ने | पटक | २ | ० | १ | - | - | - | १ | १ |
| विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | विद्यालय | २९ | ० | २९ | - | - | - | २९ | निरन्तर |
| सम्पूर्ण विद्यालयहरुले वार्षिक रुपमा सबै अभिभावक तथा सरोकारवालाहरुको उपस्थितिमा विद्यालयका सम्पूर्ण गतिविधिहरु सार्वजनिक गर्ने पद्धतिको विकास गर्ने | विद्यालय | २९ | ० | २९ | - | - | - | २९ | निरन्तर |
| उत्कृष्ट कार्यसम्पादन गर्ने शैक्षिक जनशक्तिका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने (सम्मान, प्रसंशा, पुरस्कार, बढुवा, ग्रेडवृद्धि आदि) | पटक | ५ | ० | १ | १ | १ | १ | ४ | निरन्तर |

## ६.३ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.३.१ वर्तमान अवस्था

यो शिक्षा क्षेत्रको आवधिक योजना अन्तरगत तर्जुमा गरिएका नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत सभाबाट पारित गराउने र कार्यान्वयनका लागी बजेटको सुनिश्चितता गर्नु पर्छ। शिक्षा क्षेत्र योजनालाई आवश्यकता अनुरुप बार्षिक रुपमा अध्यावधिक गर्ने गराउने, यो शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमरू सञ्चालन गर्ने गराउने, सरकार र अन्य संघसंस्थाबाट पालिका क्षेत्रभित्र सञ्चालन हुने शिक्षा क्षेत्रका कार्यक्रमरू बीच समन्वय गर्ने गराउने, सूचकमा आधारित भई शिक्षा क्षेत्र अन्तरगतका कार्यक्रमको अनगुमन गर्ने, कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनगुमन र समीक्षा गर्ने, अन्य सहयोगी निकार्यहरूबीच समन्वय गर्ने, शिक्षा अन्तरगतका गाउँपालिका क्षेत्र सम्बन्धि अध्ययन, अन्वेषण गर्नेगराउने, र अन्य आवश्यक कार्यहरू महत्वपूर्ण हुन्छन्।

### ६.३.२ उद्देश्य

- स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रमको कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूसम्म सुसूचित गर्नु।
- यो गाउँपालिका शिक्षा क्षेत्र योजना अन्तर्गतका स्वीकृत कार्यक्रमहरूको कार्यान्वयनबाट बालबालिकाको न्यूनतम सिकाइ सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धिका लागि आवश्यक सहजीकरण गर्नु।
- शिक्षा क्षेत्र योजनाका उपक्षेत्र अन्तर्गत तर्जुमा गरिएका कार्यक्रमहरूको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापनमा मद्दत पुर्याउनु।
- बार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धि गर्न सम्बन्धित निकायको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु।
- बार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालनको लागि प्रतिवेदन पद्धतिका दिशानिर्देश तयार गराउनु।

### ६.३.३ रणनीतिहरू

१. नीति तर्जुमा आधारित अनुगमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी शिक्षित नतिजा सुनिश्चित गर्न नीति निर्देशन र समन्वय गर्ने।

२. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सर्शत अनुदान र अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत गरी वार्षिक शिक्षा बजेट र कार्यक्रम तयार गर्ने।

३. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि र निर्देशिका विकास गर्ने।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन र त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारका लागि लागू गर्ने।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गरेर विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।

६. विद्यालय सुधार योजना (SIP) निर्माण र अद्यावधिक गर्ने।

७. विद्यालय व्यवस्थापन सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरेर उत्तरदायी बनाउने।

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन र शिक्षकको कक्षा कोठामा समय र कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

९. अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया र सहकार्य गर्न अभिभावक भेला र बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

१०. समुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारूहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा र आय आर्जन तथा सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रको रूपमा कार्य गर्ने

### ३.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख नतिजा | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्य सुदृढीकरणका क्रियाकलाप संचालन | ० | ३ | ३ | ३ | ३ |
| २ | | २ | ६ | ६ | ६ | १० |
| ३ | स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण | ३ | ७ | ७ | ७ | ५ |
| ४ | स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्य सुदृढीकरण भएका विद्यालय | ४ | ७ | ७ | ८ | ३ |
| ५ | स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाई सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धीको लागी आवश्यक सहजीकरण गर्नृ सक्ने विद्यालयहरु | ५ | ५ | ५ | ५ | १० |
| ६ | बार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारीता अभिवृद्धी गर्न सम्बन्धित तह / निकार्यको भूमिका स्पष्ट गरी अपेक्षीत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनेका विद्यालयहरु | २ | ७ | ७ | ७ | ६ |

### ६.३.५ प्रमखु क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| नतिजाअनुसार प्रमखु कार्यक्रम | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| बार्षिक बजेट र कार्यक्रम निर्माण गर्ने | विद्यालय | ३० | ० | ६ | ६ | ६ | ६ | २४ | ६ |
| शिक्षा क्षेत्र योजनाका उपक्षेत्र अन्तर्गत तर्जुमागरिएका कार्यक्रमहरूको-कार्यान्वयनमा एकरूपता कायम राख्ने प्रभावकारी शैक्षिक व्यवस्थापन गरिएको विद्यालय। | वटा | ३० | ३ | ७ | ७ | ७ | ६ | | |
| शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कानुनी निर्देशिका र कार्यविधिको विकास। | पटक | १ | ० | १ | - | - | - | १ | |
| सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको सहकार्यबाट विद्यालय सुधार योजना )SIP) निर्माण र अद्यावधिक गर्ने। | ओटा | ३० | ६ | ६ | ६ | ६ | ६ | | |
| उपलब्ध शिक्षा क्षेत्रगत कानुनी निर्देशिका र मापदण्डको छपाई र प्रबोधन। | पटक | १ | ० | १ | - | - | - | १ | |
| लगानीको लागि स्थानीय ग्याससहरूसँगको साझेदारी र समन्वयका लागि सम्झौता वा कार्यविधि तयार पारेर कार्यान्वयन गर्ने। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| एकीकृत शैक्षिक सूचना प्रणालीको सुदृढीकरण। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| सम्बद्ध सबै विद्यालय संस्थाहरूका लागि सामाजिक परीक्षण। | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया र सहकार्य गर्न अभिभावक भेला बैठकहरू आयोजना/गर्ने। | पटक | १८ | २ | ३ | ३ | ३ | ३ | १४ | ४ |
| समुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारूहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा, आय आर्जन र सीप शिक्षाका सबै कार्यक्रम लागू गर्ने। | कक्षा | २११ | ० | ५० | ५० | ५० | ५० | २०० | ११ |
| विद्यालयमा सुशासन प्रवर्धन गर्न बालबालिकाको सिकाइमा उत्तरदायी प्रणालीको विकास गर्ने। | वटा | ३० | २ | ६ | ६ | ६ | ६ | २६ | ४ |

# परिच्छेद ७ : लगानी र स्रोत व्यबस्थापन

## ७.१ परिचय

बाह्य सहयोगमा देखिएको घट्दो प्रवृत्तिको परिणामस्वरूप शिक्षा क्षेत्रको बजेटमा भइरहेको वृद्धिले नेपाल सरकार शिक्षालाई प्राथमिकताको क्षेत्रका रूपमा स्थापित गर्न प्रतिबद्ध रहेको तथ्य उजागर गरेको छ। यसले शिक्षा क्षेत्रमा दिगोपन सुनिश्चित भएको देखाउँछ। विद्यालय शिक्षा क्षेत्रगत योजना कार्यान्वयनमा संघीय तहमा शिक्षा मन्त्रालय र यसका विकास साझेदारले संयुक्त र एकल दुबै प्रकारका बाह्य सहयोग प्रवाह गर्ने पद्धतिलाई अझ सुदृढ गराई विद्यालय शिक्षा क्षेत्रगत सुधार कार्यक्रममा सुरु गरिएको सुधार प्रक्रियालाई संस्थागत गर्दै जाने लक्ष्य लिएका छन्। विकास साझेदारहरूले विद्यालय शिक्षा क्षेत्रगत योजनालाई संयुक्त वित्तीय व्यवस्था (Joint Financial Agreement - JFA), संयुक्त प्रत्यक्ष वित्तीय व्यवस्था (Joint Direct Financial Agreement) र मुख्य कार्य सम्पादन सूचक तथा प्रणाली सूचकमार्फत (कार्यक्रम तथा नतिजा तालिकामा आधारित) सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। यस प्रावधान अनुसारका कार्यक्रमहरू सान्नी त्रवेणी गाउँपालिका सम्म पनि संचालन हुने अपेक्षा गरिएको छ। यसको उद्देश्य संयुक्त रूपले सहमति गरिएका लक्ष्यमा स्रोतलाई आबद्ध गरी समता, पहुँच, गुणस्तर र दक्षताको दृष्टिले शिक्षा क्षेत्रलाई सुदृढ गर्नु रहेको छ।

संयुक्त वित्तीय व्यवस्थाले विद्यालय शिक्षा क्षेत्रमा संयुक्त कोषको परिचालन गर्दछ भने संयुक्त प्रत्यक्ष वित्तीय व्यवस्थाले विद्यालय क्षेत्र विकास योजनाका लागि पहिचान गरिएअनुसार ननपुल सहयोग वा सोझै भुक्तानीसहित प्राविधिक सहायताको व्यवस्था गर्छ। संयुक्त प्रत्यक्ष वित्तीय व्यवस्थाको उपयोग विद्यालय शिक्षा क्षेत्र विकास योजनाको क्षेत्रगत पद्धतिको समन्वय संयन्त्र, संयुक्त समीक्षा, अनुगमन तथा सूचकहरूको प्रमाणीकरण र कार्यक्रमको समग्र कार्यसम्पादन आदिमा समेत हुन्छ।

आर्थिक सहयोग तथा समन्वयका उद्देश्यहरू यसप्रकार छन्:

- शिक्षा क्षेत्रका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु,
- शैक्षिक नीति-निर्देशनका लागि पर्याप्त स्रोत उपलब्ध गराउनु,
- उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापन गर्नु, र
- विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनका लागि उपलब्ध सहायताको सक्षमता र प्रभावकारितामा सुधार गर्नु।

## ७.२ वर्तमान अबस्था

नेपालको संविधानले व्यवस्था गरेअनुसार शिक्षामा स्थानीय तहको लगानीमा वृद्धि भइरहेको छ। मानव जीवनको आधारभूत जगलाई उकास्नका लागि शिक्षामा लगानी अपरिहार्य हुँदै आएको छ। शिक्षालाई प्रभावकारी बनाउन यसको आर्थिक नीति बलियो हुनुपर्ने देखिन्छ। यसको स्रोतहरूमा संघ र प्रदेश सरकारले दिने बजेट तथा स्थानीय तहबाट संकलन हुने राजस्वको रकम नै मुख्य आधार बनेका छन्। यस गाउँपालिकाले कुल बजेटको १३ प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरेको छ। यसका मुख्य स्रोतहरूमा संघीय सरकारले दिने अनुदान, प्रदेश सरकारले दिने कार्यक्रम र अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त हुने बजेट तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायबाट प्राप्त हुने कार्यक्रम तथा अनुदान र उच्च शिक्षामा विद्यार्थीबाट लिइने शुल्क रहेका छन्। हाल यो गाउँपालिकाले कुल बजेटको १३ प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरेको छ। योजनाअनुसार आगामी आर्थिक वर्षदेखि शिक्षा क्षेत्रमा कम्तीमा कुल बजेटको २० प्रतिशत पुऱ्याउनका लागि क्रमिक रूपमा बजेट वृद्धि गर्दै लगानीमा बढोत्तरी गरिएको छ।

संघ र प्रदेश सरकारले शिक्षामा गरेको लगानीको अनुपातमा यो पालिकामा पालिकाले शिक्षामा गरेको लगानीको अनुपात बढि देखिन्छ। हालको लगानी प्रारम्भिक बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षामा शिक्षकको क्षमता अभिवृद्धि, नमुना विद्यालय, बालमैत्री विद्यालय,

खानेपानी तथा स्वच्छता सम्बन्धी, बाल बगैंचा, हरियाली, विद्यालय भवन, शून्य दरबन्दी भएका विद्यालयहरूलाई शिक्षक अनुदान, भौतिक सुधार, र प्रशासनिक सुधार, आदिमा केन्द्रित छ । आगामी दिनहरूमा यसलाई थप व्यवस्थित बनाउने लक्ष्य लिइएको छ । यस योजनाको सुनिश्चितताका लागि तपशिलका प्रस्तावित बजेट स्रोतहरूको व्यवस्थापन गरिनेछ । संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको मुख्य जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय भएकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश, र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको साझेदारी आवश्यक पर्दछ ।

शिक्षाका लागि आवश्यक पर्ने स्रोत पहिचान गरी ती स्रोतहरूलाई एकीकृत गर्नु, उपयुक्त तरिकाले वितरण गर्नु र प्रभावकारी रूपमा उपयोग गर्नु शिक्षामा लगानी व्यवस्थापनको महत्त्वपूर्ण पक्ष हो । शिक्षाका लागि आवश्यक वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने विषयमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले पनि पालिकाको शैक्षिक सुधारका लागि हरेक वर्षका नीति तथा कार्यक्रमहरूमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको छ । शिक्षा क्षेत्रको सुधारका लागि पालिकाले विभिन्न शैक्षिक कार्यक्रम र नीतिहरू निर्माण गरी कार्यान्वयन गरेको छ । बालविकासका शिक्षकहरूको तलब थप गर्ने तथा गाउँपालिका अनुदानमार्फत शिक्षक थप गरी शैक्षिक गतिविधि सहज बनाउन पनि पालिकाले बजेट विनियोजन गरेर अगाडि बढेको छ । पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको बजेट अत्यन्त बढी देखिएको भए तापनि कुल बजेटको लगभग ८० प्रतिशत शिक्षकहरूको तलबमा जाने र बाँकी रहेको न्यून बजेट पनि शैक्षिक पूर्वाधारमा लगानी भई, १५-२० प्रतिशत बजेटमात्र शिक्षा क्षेत्रको क्षमता विकासमा विनियोजन हुने गरेको छ ।

### ७.३ उद्देश्य

- शैक्षिक विकासका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु,
- शैक्षिक नीति निर्देशका लागि पर्याप्त स्रोत साधन उपलब्ध गराउनु,
- उपलब्ध स्रोत साधनको प्रभावकारी व्यवस्थापन गर्नु ।

### ७.४ रणनीतिहरु

- विद्यालय शिक्षाका लागि कानूनमा तोकिएको आर्थिक दायित्व संघ, प्रदेश, र स्थानीय सरकारहरूबीचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारबाट आ-आफ्नो स्रोतबाट थप लगानी गर्ने अपेक्षा गरिनेछ ।
- शिक्षा सम्बन्धी दायित्व सुनिश्चित गर्न समग्र लगानी र लागत साझेदारीको ढाँचाको विकास गरिनेछ ।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो क्षेत्रभित्र लक्षित शैक्षिक पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही बनाउने पद्धति विकास गरिनेछ ।
- निर्धारित सिकाइका मापदण्ड पूरा गर्न सक्षम बनाउन विद्यालयहरूमा शिक्षक-विद्यार्थी अनुपात, आधारभूत विद्यालयका लागि पाठ्यपुस्तक तथा अन्य शिक्षण-सिकाइ सामग्री आपूर्ति लागतको विश्लेषणका आधारमा रकम विनियोजनका लागि सूत्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षाको पूर्ण चक्रलाई समेट्न पहिला आधारभूत शिक्षाबाट माध्यमिक शिक्षासम्म जोड दिइनेछ ।
- शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी पालिकाको कुल गार्हस्थ उत्पादनको ७ प्रतिशत र कुल बजेटको २० प्रतिशत पुऱ्याइनेछ ।
- शिक्षा बजेटमा देखिएको न्यूनता पूरा गर्नका लागि नेपालको वैदेशिक सहायता नीतिअनुरूप बाह्य स्रोतको खोजी गरी परिचालन गरिनेछ ।
- सार्वजनिक सेवा, सामाजिक दायित्व, वा सेवामूलक व्यवसायका रूपमा शिक्षाका कार्यक्रमहरू विकास गरिनेछ ।
- मापदण्डका आधारमा शिक्षा क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन र प्रवर्द्धन गरिनेछ । निजी क्षेत्रले सार्वजनिक सेवा, सामाजिक दायित्व, वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, सम्पूरक, शर्तसहितका, र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ ।

### ७.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

वित्तीय व्यवस्थापन क्षमतामासुधार  ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी तथा जवाफदेहिताको सुनिश्चितता भएको हुने छ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

बजेट रू. हजारमा

| क्र. सं. | प्रमुख नतिजा | वार्षिक लागत अनुमान | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १ | प्रारम्भिक बाल शिक्षा तथा विकास - पूर्वप्राथमिक शिक्षा | ७९८५ | १०६५३.५ | ९९३१.८५ | ११०६७.७४ | १२११४.६१ |
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | ५२२०७ | ५९०११ | ६४२५१ | ७०३२४ | ७७२७९ |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | १५२७४ | १६९४५ | १९९८६ | २१८३९ | २३८८२ |
| ४ | विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक विषय | ३५९५ | ३५९५ | ४३४९ | ४७८४ | ५२६३ |
| ५ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ | १३८५ | ३३१९ | ४१२० | ४५९५ | ४९८७ |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ३७०४ | ४०७४ | ४४८१ | ४९३० | ५४२३ |
| ७ | शिक्षक व्यवस्थापन तथा पेसागत विकास | १४६०० | १६०६० | १७६६६ | १९४३२ | २१३७५ |
| ८ | विद्यालय सुरक्षा, विपत् व्यवस्थापन तथा उत्थानशीलता (ड्रिल समेत) | ३०० | ६८० | ६८० | ७१३ | ७४९ |
| ९ | सुशासन तथा व्यवस्थापन | २०० | २२० | २४२ | २६६ | २९२ |
| १० | शिक्षामा समता र समावेशीकरण | ६००० | ८००० | ९००० | १०००० | १०५०० |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ५०० | ५५० | ६५० | ६६५ |
| १२ | सञ्चालन तथा अन्य खर्च | ८८३१७ | १४७५८४ | ६२८१४ | ६८४९० | ७५३३७ |

### ७.४ क्षेत्रगत रुपमा लागत अनुमान

बजेट रू. हजारमा

| प्रमुख सूचक तथा क्रियाकलापहरू | आ.ब. २०८१ | आ.ब. २०८२ | आ.ब. २०८३ | आ.ब. २०८४ | आ.ब. २०८५ | जम्मा बजेट |
|---|---|---|---|---|---|---|
| **प्रारम्भिक बालविकास शिक्षा** | **७९८५** | **१०६५३.५** | **९९३१.८५** | **११०६७.७४** | **१२११४.६१** | **५१७५३** |
| ELDS Report Card को प्रयोग | ३०० | ३३० | ३६३ | ३९९ | ४३९ | १८३१ |
| स्थानीय एकिकृत प्रारम्भिक बाल विकास (LIECDP) योजना तर्जुमा र कार्यान्वयन | ० | २५० | ६० | ७० | ८० | ४६० |
| प्रारम्भिक बाल विकास संचालक समिति गठन तथा सवलीकरण | ० | ५० | ६० | ७० | ८० | २६० |
| कक्षा कोठा व्यवस्थापन | ० | १५५० | १५० | ३०० | ३०० | २३०० |
| बहुभाषि कक्षा संचालनकालागि छापामय भित्ता बनाउने | ० | १०० | १०० | १०० | १०० | ४०० |
| बहुभाषीकक्षा सञ्चालनकालागि शिक्षकको क्षमता विकास गर्ने | ० | २०० | २५० | ३०० | ३५० | ११०० |
| | | | | | | |
| **आधारभूत शिक्षा** | **५२२०७** | **५९०११** | **६४२५१** | **७०३२४** | **७७२७९** | **३२३०७२** |
| कक्षा कोठा व्यवस्थापन | ५८०० | ६३८० | ७०१८ | ७७२० | ८४९२ | ३५४१० |
| निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | | १५०० | १६५० | १८१५ | १९९७ | ६९६२ |
| घुम्ती शिक्षक बैठक | ० | ४० | ५० | ६० | ७० | २५० |
| आधारभुत तह १-३ लाइ छापामय बनाउने | ० | २० | ३० | ४० | ६० | १५० |
| स्थानिय भाषिलाइ मेन्टर शिक्षकको रुपमा प्रयोग गर्ने | १० | २० | ३० | ४० | ५० | १५० |
| बहुभाषीकक्षा सञ्चालनकालागि शिक्षकको क्षमता विकास गर्ने | ० | २५० | ३०० | ३५० | ४०० | १३०० |
| बहुभाषा शिक्षणका लागि ICT प्रयोग गर्ने | ० | ५० | ६० | ७० | ८० | २६० |
| शिक्षण सिकाई आपुरण (कक्षा १-८) | | ५६७ | ५६७ | ५६७ | ५६७ | २२६८ |
| विद्यालयमा खानेपानी तथा सरसफाई | | ५०० | ५०० | २५० | २५० | १५०० |
| **माध्यमिक शिक्षा** | **१५२७४** | **१६९४५** | **१९९८६** | **२१८३९** | **२३८८२** | **९७९२६** |
| कक्षा कोठा व्यवस्थापन | | ८०० | ८८० | ९६० | १०५६ | ३६९६ |
| निरन्तर विद्यार्थी लेखाजोखा प्रणाली सवलीकरण | ८० | १६० | १७६ | १९३ | २१३ | ८२२ |
| घुम्ती शिक्षक बैठक | | २० | २५ | ३० | ४० | ११५ |
| शिक्षण सिकाई आपुरण (कक्षा ९-१२) | | १०२० | १०८० | १०८० | १०८० | ४३२० |
| विद्यालयमा खानेपानी तथा सरसफाई | | ४०० | ४०० | ४०० | ४०० | १६०० |
| **अनौपचारिक शिक्षा** | **१३८५** | **३३१९** | **४१२०** | **४५९५** | **४९८७** | **१८४०६** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन | | १५० | १६५ | १८५ | २०० | ७०० |
| सामुदायिक सिकाई केन्द्र सञ्चालन | ९०० | ९०० | १२०० | १४०० | १५०० | |
| रूपान्तरण कक्षा संचालन | | ३४५ | ३८० | ४१७ | ४६० | १६०२ |
| राष्ट्रिय योग्यता प्रारूप (NQF) कार्यान्वयन | | | ३०० | ३५० | ४०० | १०५० |
| किशोर-किशोरीहरूलाई सीप विकास सहयोग | | १००० | १००० | १००० | १००० | ४००० |
| किशोर-किशोरीहरूलाई व्यवसायिक योजना निर्माणमा सहयोग | | २५० | २५० | २५० | २५० | १००० |
| किशोर-किशोरीहरूलाई बजारसंग आवद्दता | | ५० | ५० | ५० | ५० | २०० |
| **प्राविधिक तथा व्यवसायिक शिक्षा र सिप विकास तालिम** | **३५९५** | **३५९५** | **४३४९** | **४७८४** | **५२६३** | **२१५८६** |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | **३७०४** | **४०७४** | **४४८१** | **४९३०** | **५४२३** | **२२६१२** |
| शिक्षक व्यवस्थापन र विकास (निजि स्रोत तथा नगर अनुदान ) | **१४६००** | **१६०६०** | **१७६६६** | **१९४३२** | **२१३७५** | **९३१३३** |
| विद्यालय सुरक्षा, विपत् व्यवस्थापन तथा उत्थानशीलता (ड्रिल समेत) | **३००** | **६८०** | **६८०** | **७१३** | **७४९** | **३१२२** |
| बृहत्तर विद्यालय सुरक्षा कार्ययोजना (CSSMP) तर्जुमा र कार्यान्वयन | | २०० | २०० | २०० | २०० | ८०० |
| जलवायु परिवर्तन अनुकुलन सहयोग | | १५० | १५० | १५० | १५० | ६०० |
| सुशासन तथा व्यवस्थापन (EMIS सवलीकरण समेत) | २०० | २२० | २४२ | २६६ | २९२ | १२२० |
| **शिक्षामा समता र समावेशीकरण** | **६०००** | **८०००** | **९०००** | **१००००** | **१०५००** | **४३५००** |
| अभिभावक क्षिक्षा | ५० | ५० | ५० | ५० | ५० | २५० |
| अपांगता भएका बालबालिकालाई सहयोग तथा IEP | | १०० | १०० | १०० | १०० | ४०० |
| SATC सवलीकरण | ० | १००० | १००० | १००० | १००० | ४०००० |
| मातृभाषामा सिक्षण सिकाई क्रियाकलाप प्रवर्धन | ० | ० | ० | ० | ० | ० |
| **विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** | **०** | **५००** | **५५०** | **६५०** | **६६५** | **२३६५** |
| **विद्यालय भौतिक पुर्वधार मर्मत सम्भार** | **१०२३** | **११२५.३** | **१२३७.८** | **१३६१.६** | **१४९५.८** | **६२४४.५** |
| क. तलब तथा पारिश्रमिक | ८२२५४.४ | ९०४७९.८ | ९९५२७.८ | १०९४८०.६ | १०४२८.७ | ३९२१७१.३ |
| ख. कार्यक्रम खर्च | ० | ५०० | ५५० | ६०५ | ६६५.५ | २३२१.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अ. सूचना तथा सञ्चार प्रविधि | १००० | ११०० | १२१० | १३३१ | १४६४ | ६१०५ |
| आ. पाठ्यपुस्तक तथा सिकाइ सामग्री | ० | ५०० | ५५० | ६०५ | ६६५ | २३२० |
| इ. छात्रवृत्ति तथा प्रोत्साहन | ११९९ | १३१९ | १४५१ | १५९६ | १७५५ | ७३२० |
| ई. निर्माण कार्य | ० | ५०००० | ५५००० | ६०५०० | ६६५५० | २३२०५० |
| उ. उपकरण तथा जडान सामग्री | २५९५ | २८५५ | ३१४० | ३४५४ | ३७९९ | १५८४३ |
| ऊ. शिक्षक तालिम तथा क्षमता विकास | ३०० | ३३० | ३६३ | ३९९ | ४३९ | १८३१ |
| ऋ. अन्य क्षेत्रहरू | ० | ५०० | ५५० | ६०५ | ६६५ | २३२० |
| **जम्मा** | **१९३६२१** | **२७१७६७** | **२९८८३६** | **३२८५३८** | **२५०४५७** | **१३४३२१९** |

**बजेट ब्यहोर्ने स्रोतहरू:** सङ्घबाट प्राप्त हुने सशर्त अनुदान, प्रदेशको सशर्त अनुदान, गाउँपालिकाको आन्तरिक स्रोत, साझेदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त हुने अनुदान, आदि ।

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

नेपालमा योजनाबद्ध विकास प्रयासको सुरुवातसँगै विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी बसेको पाइन्छ । आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्ने व्यवस्थाको सुरुवात भएको थियो । आठौं योजना (२०४९-०५४) देखि अनुगमन तथा मूल्याङ्कनलाई एउटा पद्धतिका रूपमा मजबुत बनाउने कार्य गरियो । यस योजनामा विगतका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा देखिएका कमजोरीहरूमा सुधार गर्दै संस्थागत व्यवस्था, उच्च राजनीतिक तहको प्रतिबद्धता, र उपलब्धि मूल्याङ्कनको व्यवस्थासहित बलियो अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरियो । अनुगमन भन्नाले कुनै पनि कार्यक्रम वा कार्यान्वयन विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरू के कस्तो रूपमा छन्, त्यसका लक्षित प्रतिफल योजना अनुरूप ठीकसँग भइरहेका छन् कि छैनन् भन्ने कुरा व्यवस्थापनद्वारा निरन्तर निगरानी राख्ने कार्य हो । मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमका निर्धारित उद्देश्यहरूको सन्दर्भमा ती कार्यहरू कति सान्दर्भिक, सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन् भन्ने विषय व्यवस्थित रूपमा मापन गरी लेखाजोखा गर्ने कार्य हो ।

यहाँ भन्न खोजिएको मुख्य उद्देश्य भनेको गाउँ शिक्षा योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले किटान गरेका सेवा प्रवाहका प्रत्येक तहमा लक्ष्य र उद्देश्य अनुरूप उपलब्धिहरू पत्ता लगाई ती सूचकहरूको आधारमा निर्णय प्रक्रियालाई सहयोग गर्नु र प्रवाह सुधार गर्नु हो । शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन, मूल्याङ्कन, र प्रतिवेदनको ठूलो महत्त्व छ । अनुगमन तथा मूल्याङ्कन प्रणालीले विभिन्न तह र चरणमा कार्यक्रम कार्यान्वयन प्रक्रियाको प्रगतिका सूचनाको अभिलेखन, विश्लेषण, र प्रबोधीकरण गर्दछ । यसले विद्यालय क्षेत्र योजना कार्यक्रमका सबल र कमजोर पक्षहरूको मूल्याङ्कन गर्दछ र स्थानीय तहका लक्षित तथा वास्तविक कार्यान्वयन स्थितिबीचको दूरी पत्ता लगाउँछ । कार्यक्रम कार्यान्वयन स्थलको नियमित निरीक्षण र कार्यान्वयन स्थितिको त्रैमासिक एवम् वार्षिक समीक्षा गरिनेछ । प्रगतिको अभिलेखनका लागि फ्ल्यास प्रतिवेदन तथा आर्थिक अनुगमन प्रतिवेदन प्रकाशित गरिनेछ । निर्माणात्मक अनुसन्धान गराएर विश्लेषणात्मक क्षमता सुदृढीकरण गरिनेछ । वास्तवमा योजना अनुरूप कार्यक्रम सञ्चालन भइरहेको छ कि छैन र योजनाले अपेक्षा गरेअनुसारको नतिजा हासिल भएको छ कि छैन भन्ने तथ्य सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कन गरिने हो । यसका लागि कार्यक्रमको आधाररेखा, मध्यावधि, र अन्तिम मूल्याङ्कनका साथै सेवाग्राही सन्तुष्टि सर्भे पनि गराइनेछ । शैक्षिक व्यवस्थापन सूचना प्रणालीका माध्यमबाट विद्यालय बाहिर रहेका बालबालिका, अपांगता भएका बालबालिका आदिको सूचना संकलन गरिनेछ । अन्य सान्दर्भिक सूचना प्रणालीसँग सम्बन्ध स्थापित गरी शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ बनाइनेछ । विद्यालय सुधार योजनालाई विद्यार्थीको सिकाइ सुधार, शिक्षक सहयोग तथा तालिम आवश्यकता पहिचान, र शिक्षण-सिकाइ प्रणालीको अनुगमनका साधनका रूपमा प्रयोग गरिनेछ ।

## ८.२ वर्तमान अवस्था

यस पालिकामा शिक्षा क्षेत्रलाई प्रभावकारी, गुणस्तरीय, र सामुदायिक विद्यालयप्रति आकर्षण बढाउनका लागि शिक्षा ऐन र नियमअनुसार कार्य भए-नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने, र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमाथि रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा, तथा मूल्याङ्कन गरिनेछ । पालिका शिक्षा योजनाको प्रचार-प्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराउने काम गरिएको छ । योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यका लागि पालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्ने प्रचलन रहेको छ । योजनाको कार्यान्वयनको क्रममा पालिका वडाहरू, सम्बन्धित समिति, तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ । शिक्षा क्षेत्रका योजना, कार्यक्रम, र विभिन्न क्रियाकलाप थप प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन समिति रहेको छ । यस गाउँपालिकाको शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराई सो कार्यान्वयन भए-नभएको सम्बन्धित निकायद्वारा अनुगमन गरिनेछ ।

### ८.३ अनुगमन प्रक्रिया:

यो आवधिक योजना अन्तरगतका कृयाकलापहरूको अनुगमन प्रक्रिया तपशिलअनुसार हुनेछ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, ,सुपरिवेक्षण प्रतिवेदन | संयोजक तथा सदस्य | मासिक | आगन्तुक पुस्तिका , विद्यालय अनुगमन ,फाराम कक्षाकोठा अनुगमन ,फाराम प्रतिवेदन |
| २ | पालिका शिक्षा समिति | | संयोजक तथा सदस्य | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्षपदाधिकारी र , तोकिएका अधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | ईकाइ प्रमुख | | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी | | शिक्षायुवा तथा , खेलकूद शाखा प्रमुख | मासिक | |
| ८ | पालिका शिक्षा शाखा | | शिक्षायुवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | तोकिएको अधिकारी | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | पालिका स्तरका विज्ञ समूह | | शाखा प्रमुख | मासिक | |
| १२ | वि व्य स र शिक्षक अभिभावक संघ | | पदाधिकारी | निरन्तर | |
| १३ | नागरिक समाज तथा गैर सरकारी संघसंस्था | | | मासिक | |

### ८.४ उद्देश्य

- वार्षिक शिक्षा बजेट तथा कार्यक्रम आवश्यकता र योजनाबद्ध तरिकाले तयारी गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- आवश्यकताअनुसार कानुन, मापदण्ड र निर्देशिका विकास गरी स्थानीय तहका शिक्षा शाखा तथा महाशाखाहरूको क्षमता विकास गर्नु ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार पार्नु, समीक्षा गर्नु र सुधार गर्नु ।
- शिक्षणसी-काइमा आवश्यक सहयोग तथा अनुभव आदानप्रदानका लागि आवश्यक व्यवस्थाहरू मिलाउ-नु ।
- विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु र प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली निर्माण गर्नु ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माण गर्न सहयोग गर्नु ।

### ८.५ रणनीतिहरू

- व्यवस्थित बजेट बिनियोजनका लागि अनुगमन, मूल्याङ्कन र अनुसन्धानबाट प्राप्त नतिजाका आधारमा वितरण र कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनबाट छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ।
- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण गरी त्यसको उपयोग गर्न, र अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ।
- शिक्षण-सीखाइमा आवश्यक सहयोग र अनुभव आदान-प्रदानका लागि स्थानीय स्तरमा शिक्षक र विज्ञ समूहलाई सम्मिलित शिक्षक सहायता प्रणाली विकास र सञ्चालन गरिनेछ।
- राष्ट्रिय सूचकको अतिरिक्त, आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा समावेश गरिनेछ।
- योजनाको निर्माणदेखि सञ्चालन प्रक्रिया, परिणाम, उपलब्धि र प्रभावको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ।
- व्यवस्थित र प्रमाणमूलक अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ।
- अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषण, सिकाइका र असल अभ्यासहरूलाई अन्य विद्यालय वा कार्यक्षेत्रमा कार्यान्वयन गरिनेछ।
- सहभागितामूलक अनुगमन र मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमाआधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण र प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ।
- अनुगमनका क्रममा उत्कृष्ट विद्यालय, शिक्षक र कर्मचारीलाई प्रोत्साहनका लागि पुरस्कार र दण्ड प्रणालीको विकास गरिनेछ।

### ८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या र चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुनेछन्, र योजनाको मूल्याङ्कनमा आधारित गरी आवश्यकताअनुसार योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ।
- अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरू समाधान गरी अपेक्षित उपलब्धि हासिल हुनेछ।
- अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास र अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार हुनेछ।
- विद्यार्थीहरूको शैक्षिक उपलब्धी सुधार र समन्वय र सहजीकरणले शिक्षकको क्षमता र दक्षतामा सुधार ल्याउनेछ।

**प्रमुख नतिजाः**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | निरन्तर मूल्याङ्कन, कक्षामा आधारित मूल्याङ्कन र प्रारम्भिक कक्षा पढाइको मूल्याङ्कनको कार्यान्वयनबाट विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गरिनेछ। | २ | ८ | ८ | ६ | ६ |
| २ | शैक्षिक कार्यक्रमको आवधिक मूल्याङ्कनका लागि कार्यढाँचाको डिजाइन र विकास गरिनेछ। | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | निर्माणात्मक अनुसन्धान र अभिभावक सन्तुष्टि सर्भे गराइनेछ। | २ | २ | २ | २ | २ |
| ४ | पुनर्लाभ, पुनर्निर्माण र विपद् जोखिम न्यूनीकरणको अनुगमनमा सघाउने दृष्टिकोणले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरिनेछ। | ० | ७ | ७ | ७ | ९ |
| ६ | विद्यार्थीको मातृभाषा र विद्यालयमा प्रयोग गरिने भाषा, साथै जनजाति र जातजातिबारे सूचना संकलन गर्दै सार्वजनिक प्रतिवेदन पद्धतिलाई स्तरीकरण गरिनेछ। | २ | ८ | ८ | ६ | ६ |
| ७ | सिकाइको तथ्यांकलाई (कक्षा १०) शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध गराइनेछ। | १ | १० | १० | ५ | ४ |
| ८ | प्रत्येक विद्यालयको प्रगति अनुगमन गर्न विद्यालयमा आधारित शैक्षिक व्यवस्थापन सूचना प्रणालीको वेबसाइट स्थापना गरिनेछ। | ० | ७ | ७ | ७ | ९ |
| ९ | शिक्षकले काममा बिताउने समयको अनुगमन र भौतिक मर्मतसम्भारको मूल्याङ्कनका लागि तथ्यांक संकलनको नयाँ प्रविधिको परीक्षण र कार्यान्वयन गरिनेछ। | ० | ७ | ७ | ७ | ९ |

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.स . | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | |
| १ | प्राविधिक सहायताबाट स्वतन्त्र सहजकर्ता नियुक्त गरि कार्यक्रम कार्यान्वयन सँगसँगै योजनाका विभिन्न प्रमुख नतिजामा विद्यालय शिक्षा क्षेत्र योजना अनुसार गर्ने । | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| २ | योजनाको प्रभाव मूल्यांकन गर्ने लगायत अनुसन्धानमा आधारित अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरिने छ । | पटक | १० | १ | १ | १ | १ | १ | ५ | ५ |
| ३ | विद्यार्थीको सिकाइको मूल्यांकन लगायत शिक्षा प्रणालीको स्वतन्त्र मूल्यांकन तथा समीक्षाका लागि शैक्षिक गुणस्तरका लागि क्षमता विकास गर्ने | पटक | २ | ० | १ | - | - | - | १ | १ |
| ४ | योजनाका विभिन्न प्रमुख नतिजामा योजनाको प्रभाव मूल्यांकन गर्ने लगायत अनुसन्धानमा आधारित अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने । | पटक | १ | ० | १ | - | - | - | १ | १ |
| ५ | समग्र सुचना प्रणालिको विकास गर्न शैक्षिक व्यवस्थापन सुचना प्रणालिमा विद्यार्थीको उपलब्धि प्रारम्भिक कक्षा पढाईको मूल्यांकन अनौपचारिक शिक्षा कक्षा ११ र १२ को परिक्षाको सुचना तथा विपत जोखिम न्यूनीकरणका सूचक समेत समायोजनगरि थप व्यवस्थापन गर्ने । | पटक/कक्षा | १ | ० | १ | - | - | - | १ | निरन्तर |
| ६ | विद्यालयमा अनुकूल वातावरणका लागि न्यूनतम पूर्वाधारहरू, विषय शिक्षकको उपलब्धता, छात्रवृत्ति, विद्यालयका पूर्वाधारको स्थिति तथा विद्यार्थीको सिकाइ उपलब्धि जस्ता शिक्षाका प्रमुख नतिजाका सूचक सम्बद्ध सूचना समेत समेटेर प्रकाशन गर्ने | पटक | १ | ० | १ | - | - | - | १ | निरन्तर |

| क्र.स . | प्रमुख क्रियाकलाप | इकाइ | लक्ष्य | परिमाणात्मक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | |
| ७ | विद्यालयहरुको सामाजिक परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |
| ८ | विद्यालयहरूको लेखा परिक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | १ | निरन्तर |
| १० | विषयगत विशेषज्ञहरूको रोष्टर व्यस्थापन र परिचालन | जना | ४१ | ३ | ५ | ८ | १० | १५ | ४१ | निरन्तर |
| ११ | विज्ञ समुह, विद्यालय निरिक्षक तथा शिक्षक सिकाइ समुह मार्फत शिक्षा शाखा विद्यालय अनुगमन तथा कक्षा सुपेरिवेक्षण | पटक | २० | १ | ३ | ३ | ३ | ३ | १३ | २ |
| १२ | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरिवेक्षण र प्रतिवेदन | पटक | १२ | १ | १ | १ | १ | १ | ५ | ७ |
| १३ | सिकाइमा आधारित मुल्याङ्कन | पटक | २० | १ | ४ | ४ | ४ | ४ | १७ | ३ |
| १४ | प्रमाणमा आधारित मुल्याङ्कनका लागि अभिलेखिकरण | पटक | १ | - | १ | - | - | - | १ | निरन्तर |
| १५ | स्थानीय तह जनप्रतिनिधिद्वारा विद्यालय / कक्षा अनुगमन | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | निरन्तर |

# सन्दर्भ सामाग्री


१. नेपालको संविधान २०७२

२. स्थानीय सरकार सञ्चालन एन २०७४-

३. सोह्रौ आवधिक योजना (२०८०/२०८१-२०८५/२०८६)

४. दिगो विकास लक्ष्य २०१६- २०३०

५. अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५

६. शिक्षा ऐन २०७६

७. राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८

८. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७५

९. पन्ध्रौ आवधिक योजना

१०.विद्यालय क्षेत्र विकास योजना २०७३)-०७४/२०७७(०७८–

११.नेपाल जीवन स्तर मापन सर्वेक्षण २०८०

१२.आर्थिक सर्वेक्षण २०८०, शिक्षा विज्ञान तथा सञ्चार मन्त्रालय

१३.बालबालिकाको सिकाइ उपलब्धिमा भाषाहरू र भाषिक नीति हरूको प्रभावको बुझाइ, डा. प्रेमप्रसाद पौडेल, डा . ट्रयासी कस्ट्ली

१४.शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी एकीकृत अध्ययन प्रततवेदन डाडिल्लिीराम रिमाल.

१५. शिक्षा तथा मानव स्रोत विकास केन्द्र फल्यास प्रतिवेदन -२०२४

१६. गाउँपालिकाको इ.आइ.एम.एस